भाषालोक

भाषा आयोगको

सहकर्मी-समीक्षित जर्नल

२०८२

वर्ष ५ अङ्क १ चैत २०८२

भाषा आयोग

शङ्खमूल, काठमाडौं





भाषालोक

भाषा आयोगको सहकर्मी-समीक्षित जर्नल, २०८२

प्रकाशकः भाषा आयोग
शङ्खमूल, काठमाडौं, नेपाल
फोन नं.: ०१-५२४२२३३, ०१-५२४२५३४, ०१-५२४२०४६
अडियो नोटिस बोर्ड नं. : १६१८०७०७२४२७२
इमेलः language.commission2016@gmail.com
वेबसाइट : www.languagecommission.gov.np

भाषालोक

भाषा आयोगको सहकर्मी-समीक्षित जर्नल, २०८२
ISSN: 3101-0941 (Print)

संरक्षक
मा. डॉ. गोपाल ठाकुर
अध्यक्ष, भाषा आयोग

प्रधान सम्पादक
मा. डा. पुष्कर्राज भट्ट

सम्पादक मण्डल
मा. कृष्णप्रसाद न्यौपाने
मा. मातृकाप्रसाद पोखरेल
डा. लोक बहादुर लोप्चन

कार्यकारी सम्पादक
श्री रमेश प्रसाद मैनाली
सचिव, भाषा आयोग

सम्पादन सहयोगी
उपसचिव रमा अर्याल पन्थी
उपसचिव कमला भण्डारी पाण्डे
उपसचिव विमला काफ्ले
उपसचिव गोविन्द प्रसाद पौडेल
उपसचिव विरबहादुर बोहरा
शाखा अधिकृत कमल बहादुर क्षेत्री
कम्प्युटर अपरेटर एलिना काफ्ले
कम्प्युटर अपरेटर राकेश साह

भाषालोक

भाषा आयोगको सहकर्मी-समीक्षित जर्नल, २०८२
ISSN: 3101-0941 (Print)

प्रकाशक
भाषा आयोग
शङ्खमूल, काठमाडौँ

© भाषा आयोग
शङ्खमूल, काठमाडौँ

प्रकाशनः चैत २०८२

यस सामग्रीमा समावेश भएका विचारहरू लेखक वा प्रस्तोताका निजी कुरा हुन्, यसबाट आयोगको औपचारिक धारणा वा विचारको प्रतिनिधित्व गरिएको मानिँदैन। यस जर्नलका सम्बन्धमा कुनै सुझाव भएमा भाषा आयोगको इमेल ठेगाना language.commission2016@gmail.com मा पठाउनु हुन वा आयोगमा उपलब्ध गराई सहयोग गर्नुहुन अनुरोध छ।

प्रकाशकीय

भाषा सञ्चारको माध्यम मात्र नभएर सभ्यता र संस्कृतिको संवाहक पनि हो। बहुभाषिकता नेपालको वैशिष्ट्य हो। नेपालका भाषाहरूको संरक्षण, संवर्धन र विकास गर्दै भाषालाई जीवन्त राख्न नसकेमा हाम्रा मौलिक सभ्यता र संस्कृति क्रमशः लोप हुँदै पहिचान नै सङ्कटमा पर्ने हुन सक्दछ। यसै तथ्यलाई मध्यनजर गरी नेपालको संविधानको धारा २८७ मा भाषा आयोग गठनसम्बन्धी व्यवस्था गरी भाषाहरूको संरक्षण, संवर्धन र विकास सम्बन्धमा स्पष्ट जिम्मेवारी प्रदान गरिएको छ। संविधानप्रदत्त जिम्मेवारी तथा भाषा आयोग ऐन, २०७४ का प्रावधानअनुरूप स्थापनाकालदेखि नै आयोगले सरकारी कामकाजको भाषा निर्धारणका आधार तयारी; भाषाको संरक्षण, संवर्धन र विकास; मातृभाषाको स्तर मापन र शिक्षामा प्रयोग सम्भाव्यताको अध्ययन तथा भाषा पुस्तान्तरणका लागि भाषा कक्षा सञ्चालन, लोकवार्ता सङ्कलन, नेपालका सबै भाषाहरूको प्रविधियुक्त अभिलेखन, समाज भाषावैज्ञानिक सर्वेक्षण, भाषा एवम् लिपिको अध्ययन-अनुसन्धान लगायतका क्षेत्रमा कार्यहरू गर्दै आइरहेको छ।

भाषा आयोगले संयुक्त राष्ट्र सङ्घबाट सन् २०२२ देखि २०३२ को दशकलाई अन्तर्राष्ट्रिय आदिवासी भाषा दशकका रूपमा मनाउन गरिएको घोषणालाई समेत मध्यनजर गर्दै भाषा विज्ञहरूका अनुसन्धानमूलक लेखहरूलाई सङ्कलन गरी वार्षिक पत्रिकाको रूपमा २०७८ देखि प्रकाशन गर्दै आएको **भाषालोक** यस वर्ष २०८२ देखि सहकर्मी-समीक्षित जर्नलको रूपमा प्रकाशन गर्ने जमर्को गरेको छ। सामान्यतया नेपाली र अङ्ग्रेजी भाषाहरूमा प्रकाशित हुँदै आएको **भाषालोक**लाई व्यावहारिक रूपमै बहुभाषिक बनाउने गरी यस अङ्कमा नेपाली खण्डमा ७, भोजपुरी खण्डमा १ र अङ्ग्रेजी खण्डमा ६ गरी विद्वान लेखकहरूबाट प्राप्त १४ वटा लेखहरू समावेश गरिएका छन्। यस अङ्कमा नेपालको संविधानले आयोगलाई तोकेका जिम्मेवारीअनुरूप लेखहरू प्रस्तुत गरिएका छन्। यसअनुसार क्रमशः सरकारी कामकाजको भाषा निर्धारण, भाषाको संरक्षण तथा संवर्धन, मातृभाषामा शिक्षा, मातृभाषाको प्रयोग, भाषिक अधिकार, भाषा शिक्षणशास्त्र, भाषाको परिचय, ऐतिहासक भाषाविज्ञान तथा भाषा र लोकवार्ता सँग सम्बद्ध लेखहरू रहेका छन्।

यस जर्नलको प्रकाशन कार्यमा लेखहरूको संयोजन र सम्पादन गरी पुस्तकाकारमा ल्याउन सहयोग पुऱ्याउनु हुने प्रधान सम्पादक आयोगका मा. सदस्य डा. पुष्कर्राज भट्टसहित आयोगमा सम्पादक मण्डलका माननीय सदस्यज्यूहरू कृष्णप्रसाद न्यौपाने, मातृका पोखरेल र कृतिशेष सुरेश मानन्धर तथा अध्ययन अनुसन्धान गरी आफ्ना अमूल्य लेखहरू उपलब्ध गराई गुन लगाउनु हुने सम्पूर्ण विद्वान लेखकहरूप्रति आयोग आभारी छ। त्यसै गरी यस अभीष्टका लागि सम्पादक-मण्डलमा प्राप्त लेखहरूलाई विद्वान सहकर्मी-समीक्षकहरूप्रति आयोग अनुगृहीत छ। कार्यकारी सम्पादकको भूमिकामा रहनु हुने सचिव श्री रमेशप्रसाद मैनाली तथा उहाँभन्दा पहिले निमित्त सचिवको जिम्मेवारीमा रही यस भूमिकालाई अत्यन्तै जाँगर र उत्साहका साथ निर्वाह गर्ने उपसचिव डा. लोक बहादुर लोप्चनका साथै उपसचिवहरू श्री रमा अर्याल पन्थी, श्री कमला भण्डारी पाण्डे, श्री विमला काफ्ले, श्री गोविन्द प्रसाद पौडेल, श्री विरबहादुर बोहरा, शाखा अधिकृत श्री कमल बहादुर क्षेत्री साथै प्रत्यक्ष तथा परोक्ष रूपमा यस कार्यमा सहयोग गर्नुहुने आयोगका सम्पूर्ण कर्मचारीहरू एवम् सामग्रीको कम्प्युटर सेटिङ तथा डिजाइन गर्ने कम्प्युटर अपरेटर भुपेन्द्रप्रसाद जोशी धन्यवादका पात्र हुनुहुन्छ। अन्त्यमा यस जर्नललाई अझ स्तरीय बनाउँदै लैजान आयोग विज्ञ तथा पाठकवर्गबाट अनुसन्धानमूलक लेखहरूका साथै रचनात्मक सुझावको अपेक्षा गर्दछ।

अध्यक्ष

भाषा आयोग

यस अङ्कका सहकर्मी-समीक्षकहरू

१. डॉ. गोपाल ठाकुर, अध्यक्ष, भाषा आयोग
२. डा. पुष्कर्राज भट्ट, सदस्य, भाषा आयोग
३. डा. विष्णु सिञ्जाली, अध्येता
४. श्री उदय आले मगर, अध्येता
५. प्रा. डा. लक्ष्मणप्रसाद ज्ञवाली, काठमाडौं विश्वविद्यालय
६. प्रा. डा. विष्णु एस. राई, शिक्षा केन्द्रीय विभाग, त्रि. वि. (अवकाशप्राप्त)
७. प्रा. डा. दानराज रेग्मी, भाषाविज्ञान केन्द्रीय विभाग, त्रि. वि. (अवकाशप्राप्त)
८. श्री गोपालजी प्रसाद सर्राफ, पूर्व सदस्य, भाषा आयोग
९. डा. तारामणि राई, उपप्राध्यापक, भाषाविज्ञान केन्द्रीय विभाग, त्रि. वि.
१०. डा. कृष्णराज सर्वाहारी, अध्येता
११. डा. लोक बहादुर लोप्चन, उपसचिव, भाषा आयोग
१२. श्री बद्रीप्रसाद बिनाडी, अध्येता

विषयसूची

नेपाली भाषा

खण्ड एकः सरकारी कामकाजको भाषा

गण्डकी प्रदेशमा गुरूङ भाषाको सरकारी कामकाजमा प्रयोग र भावी कार्यदिशा १-१३
डा. लोक बहादुर लोप्चन

प्रदेश र स्थानीय तहमा भाषाको प्रयोगसम्बन्धी अभ्यासहरू १४-२४
सुरेश मानन्धर

खण्ड दुईः भाषा संरक्षण तथा संवर्धन

सुदूरपश्चिम प्रदेशमा भाषिक जनगणनामा देखिएका परिवर्तनहरू २५-३२
डा. पुष्कर्राज भट्ट

लोपोन्मुख कुसुन्डा संस्कृति र भाषिक अस्तित्वको प्रश्न ३३-४३
डा.पुष्करनाथ रिजाल

खण्ड तीनः मातृभाषामा शिक्षा

मातृभाषामा आधारित बहुभाषिक शिक्षाको अधिकार र उपलब्धि ४४-५४
नवराज सापकोटा

खण्ड चारः मातृभाषाको प्रयोग

सुदूरपश्चिममा डोट्याली भाषाको प्रयोग ५५-७२
रमेश पन्त 'मितबन्धु'

खण्ड पाँचः ऐतिहासिक भाषाविज्ञान

मध्य-मैथिलीको सहायक क्रिया रूप : नेपालमण्डलका नेवार नरेशकृत नाट्यकृति र गीतिकाव्यको पाठगत विमर्शको परिप्रेक्ष्यमा ७३-८९
प्रा. डा. रामावतार यादव

भोजपुरी भाषा

खण्ड एकः ऐतिहासिक भाषाविज्ञान (भोजपुरी)

भोज, भोजपुर आ भोजपुरी : प्राचीनतम दस्तावेजीकरण ९१-९८
डॉ. गोपाल ठाकुर

ENGLISH LANGUAGE

SECTION ONE: LANGUAGE DESCRIPTION

MAGAHI LANGUAGE AND MAGADH 99-106
BIR BAHADUR MAHATO, PHD

SECTION TWO: SOCIOLINGUISTICS

GEOGRAPHICAL VARIATION AMONG THE THARU OF LUMBINI PROVINCE 107-114
TARA MANI RAI, PHD
DIWAS RAI

SECTION THREE: LINGUISTIC RIGHTS

USE OF MOTHER TONGUE AND LOCAL LANGUAGES IN PUBLIC SERVICE DELIVERY IN NEPAL 115-120
BIMALA KAFLE

SECTION FOUR: LANGUAGE PEDAGOGY

MOTHER TONGUE INCLUSION IN CURRICULUM AND EXPERIENCES OF LOCAL STAKEHOLDERS 121-128
GOVINDA PRASAD PAUDEL

SECTION FIVE: LANGUAGE & GENDER EQUITY

THE ROLE OF FATHERHOOD TO BUILD THE LINGUISTIC IDENTITY OF DAUGHTERS IN NEPAL 129-135
SUDHA MAINALI

SECTION SIX: LANGUAGE & FOLKLORE

CREATIVE BEAUTY OF LANGUAGE IN FOLKSONGS: EXAMPLES FROM THE MAITHILI FOLKSONGS 136-142
VISHNU S. RAI, PHD

नेपाली भाषा

ISSN: 3102-0941 (Print)

भाषा आयोगको सहकर्मी-समीक्षित जर्नल

भाषालोक

वर्ष ५, अङ्क १:१-१३, चैत २०८२

गण्डकी प्रदेशमा गुरूङ भाषाको सरकारी कामकाजमा प्रयोग र भावी कार्यदिशा

डा. लोक बहादुर लोप्चन

उपसचिव, भाषा आयोग

lopchan2073@gmail.com

(प्राप्त मितिः २०८२/१०/१२; स्वीकृत मितिः २०८२/१२/०१)

लेखसार

पश्चिमी नेपालको गोरखा, लमजुङ र स्याङ्जा क्षेत्रमा गुरूङ जातिको सघन बसोबास रहे तापनि पूर्वी नेपालको ओखलढुङ्गाको रूम्जाटारसम्म फैलिएको पाइन्छ। नेपालबाहिर भारत, भुटान र म्यानमारसम्म सीमित नभई विश्वका विभिन्न मुलुकमा समेत गुरूङ जातिको छरिएर बसोबास रहेको पाइन्छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार गुरुङ जातिको कुल जनसङ्ख्या ५,४३,७९० (१.८६) रहेको छ जबकि उनीहरूको वक्ता सङ्ख्या ३,२८,०७४ (१.१२) प्रतिशत रहेको देखिन्छ। यसरी गुरूङ जातिमा करिब ६० प्रतिशतले आफ्नो भाषा बोल्दैनन्।

नेपालमा गुरूङहरूको आदिथलो गण्डकी प्रदेशको लमजुङ, कास्की र स्याङ्जा क्षेत्र हो। यस क्षेत्रलाई तमूहरूको सघन बसोबास रहेकाले तमूवानका रूपमा सम्बोधन गरेको पाइन्छ। नेपालको कुल जनसङ्ख्यामा गुरूङ जाति बाह्रौं र आदिवासी जनजातितर्फ छैटौं स्थानमा पर्दछ। उनीहरू आफूलाई 'तमू' भनेर चिनाउँछन्। तमूहरू तिब्बतको सीमानामा पर्ने मनाङ जिल्लाको सबैभन्दा उच्च ठाउँमा रहेको 'फू' गाउँका बासिन्दा हुन् भन्ने भनाइ रहेको पाइन्छ (गोले, २०८०, पृ. ४८)। गुरूङ भाषाको वक्ता सङ्ख्या ३,२८,०७४ (१.१२) प्रतिशत रहेको छ जबकि उनीहरूको कुल जनसङ्ख्या ५,४३,७९० (१.८६) रहेको छ। यस आधारमा २,१५,७१६ (६०.३३) ले गुरूङ भाषा बोल्दैनन्। यसरी गुरूङ भाषामा भाषिक प्रतिबद्धताको स्तर ३९.६७ प्रतिशत मात्र रहेको पुष्टि हुन्छ। तर उनीहरूको पुख्यौंली भाषिक वक्ताको सङ्ख्या ४,६७,६७७ (१.६०) रहेको छ। यस भाषालाई दोस्रो भाषाका रूपमा बोल्ने वक्ताको सङ्ख्या २३,६८८ (०.०८) पाइएका छन्।

गण्डकी प्रदेशमा गुरूङ भाषाले सरकारी कामकाजको भाषाको मान्यता प्राप्त गरिएसँगै यस भाषाको प्रयोग विस्तार हुने देखिन्छ। तर राष्ट्रिय जनगणना, २०७८ को आधारमा यस भाषाको पुस्तान्तरण सन्तोषजनक रहेको पाइँदैन। यस जातिमा भाषिक वक्ता सङ्ख्या भन्दा नबोल्ने वक्ता सङ्ख्या उच्च रहेको छ जुन गुरूङ भाषाको जीवन्तताका लागि चुनौती बनेको छ। त्यसै गरी यस भाषाको संरचनात्मक विकासको स्तर सरकारी कामकाजको भाषाका आधार पूरा गर्न पर्याप्त देखिँदैन भने समुदायस्तरमा यस भाषाको लेखनका लागि सर्वस्वीकार्य एकल लिपि छनोट हुन सकेको पाइँदैन। तथापि मुलुकमा सङ्घीय शासन पद्धति लागु भई स्थानीय तहसम्म गुरूङ भाषाको संरक्षण, संवर्धन र विकासका लागि अवसर उपलब्ध छ।

खण्ड एकः सरकारी कामकाजको भाषा

शब्द कुञ्जीः *भाषा पुस्तान्तरण, अपसरण, जीवन्तता, मातृभाषा शिक्षा, भाषिक बफादारिता।*

१. विषय प्रवेश

भाषा मानव भाव र विचार सम्प्रेषणको माध्यम हो तर भाषा कुनै एक जातिको पहिचान, संस्कृतिको संवाहक र ज्ञानको प्राप्तिको ढोका मात्र नभई मानव इतिहासको अभिलेखन र भण्डारको आधार हो (आहुति, २०८२)। यसरी भाषा मानव सभ्यतामा समाज, देश र विश्वका बीच अन्तरसम्बन्धको माध्यम समेत हो। नेपाल बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक र विविधताले भरिपूर्ण देश हो। यहाँ १० धार्मिक समुदाय, १४२ जाति र १२४ भाषाहरू रहेका छन् (जनगणना, २०७८)। नेपालको संविधानको धारा ७ को उपधारा २ मा प्रदेशमा बहुसङ्ख्यक जनताले बोल्ने एक वा एक भन्दा बढी भाषाहरू प्रदेश सरकारको ऐनबमोजिम प्रदेश सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन हुने प्रावधान रहेको छ। त्यसै गरी उपधारा ३ मा भाषासम्बन्धी अन्य व्यवस्था भाषा आयोगको सिफारिसअनुसार नेपाल सरकारले निर्णय गरे बमोजिम हुने भन्ने स्पष्ट संवैधानिक व्यवस्था छ। संविधानको धारा ३१ को उपधारा ५ मा हरेक बालबालिकाले मातृभाषामा शिक्षा पाउने मौलिक हकको व्यवस्था छ भने धारा ३२ मा हरेक समुदायलाई आफ्नो भाषा, संस्कृति र लिपि समेतको संरक्षण र संवर्धनसम्बन्धी अधिकार रहेको छ।

नेपालको संविधानको धारा २८७ बमोजिम वि.सं २०७३ भदौ २३ मा भाषा आयोगको स्थापना भएको हो। आयोगले संवैधानिक दायित्व पूरा गर्ने क्रममा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस (२०७८) र पूरक सिफारिस (२०८०) समेत नेपाल सरकारसमक्ष पेस गरिसकेको छ। सोही सिफारिसकै जगमा बागमती प्रदेशमा प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० पारित भई तामाङ भाषा र नेपाल भाषा सरकारी कामकाजको भाषाका रूपमा लागु भएको छ। गण्डकी प्रदेशमा सरकारी कामकाजको भाषा ऐन, २०८२ पारित मात्र भएको छैन, यस प्रदेशमा मगर र गुरुङ प्रदेश सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन हुने क्रममा छ। साथै यस ऐनमा प्रदेशमा बोलिने अल्पसङ्ख्यक भाषाहरूको संरक्षण र विकाससम्बन्धी कानुनी प्रावधानहरू रहेका छन्। यसरी नेपालमा तामाङ, नेपाल भाषा, मगर र गुरुङ गरी ४ वटा भाषाहरू प्रदेश सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयनसँगै आयोगबाट सिफारिसमा सरकारी कामकाजका लागि सिफारिस भएका भाषाहरूमध्ये ३३.३% कार्यान्वयन हुन पुगेको छ।

१.१ समस्याकथन

गण्डकी प्रदेशमा गुरूङ भाषाको सरकारी कामकाजमा के कसरी कुन स्तरसम्म प्रयोग गर्न सकिन्छ भन्ने विषयमा यो अध्ययन केन्द्रित छ। प्रदेश सरकारी कामकाजमा प्रयोगका लागि पूरा गर्नुपर्ने आधारहरू भाषा आयोगबाट निर्धारण भएका छन् जुन आयोगको सरकारी कामकाजको भाषासम्बन्धी प्रतिवेदन, २०७८ मा उल्लिखित छ। सरकारी कामकाजमा प्रयोगका लागि भाषाको संरचनात्मक विकासस्तर पहिचान र स्तरगत विकास एवम् प्रयोग पक्ष मुख्य हुन्। यस अध्ययनमा प्रदेशअन्तर्गतका स्थानीय तहहरूमध्ये कति स्थानीय तहमा यस भाषालाई स्थानीय सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सकिन्छ भन्ने विषयको निक्यौंल गर्न यस अध्ययनको उद्देश्य रहेको छ।

१.२ अध्ययनका उद्देश्यहरू

यस अध्ययनको मुख्य उद्देश्यमा गुरूङ भाषाको संरचनात्मक विकास (वर्ण पहिचान, लेख्य पद्धति, पाठ, साहित्य, लिपि) को अवस्था पहिचान गर्नु हो। त्यसै गरी राष्ट्रिय जनगणना, २०७८ को आधारमा गण्डकी प्रदेशका स्थानीय तहहरूमा यस भाषा बोल्ने वक्ताको बाहुल्यताको आधारमा प्रयोग सम्भाव्य स्थानीय तहहरू यकिन गरी सुझाउनु हो। यसका अतिरिक्त यस भाषाको लेखनका लागि देवनागरी र खेमाजस्ता लिपिको प्रयोगको सम्भाव्यतासम्बन्धी विषयलाई समेटेर सुझाउनुमा समेत अध्ययन केन्द्रित छ। प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८२ मा प्रदेशमा बोलिने अल्पसङ्ख्यक भाषालाई समेत उचित स्थान र सम्मान दिने कानुनी प्रावधानहरू सुनिश्चित गरिएका छन्। त्यसको आधारमा अल्पसङ्ख्यक भाषाहरूलाई के कसरी यस प्रदेशको स्थानीय तहहरूमा सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन गर्न सकिने हो सोसमेत पहिचान गरी उजागर गर्नतर्फ यो अध्ययन लक्षित छ।

१.३ अध्ययन विधि र सीमाङ्कन

यस अध्ययनमा राष्ट्रिय जनगणना, २०७८ को गुरुङ भाषासम्बन्धी तथ्याङ्कको आधारमा परिमाणात्मक विश्लेषण गरिएको छ। साथै द्वितीयक स्रोतबाट प्राप्त तथ्यको आधारमा भाषिक पक्षहरूको गुणात्मक पक्षको समेत विश्लेषण गरी अध्ययनको निष्कर्षण निकालिएको छ (योञ्जन, तामाङ, २०८१)। यसरी यो अध्ययनमा प्राथमिक सामग्रीमा आधारित नभई द्वितीयक सामग्रीको अध्ययन र विश्लेषणसहित मिश्रित अनुसन्धान विधिको प्रयोग गरिएको छ। साथै प्रदेश भाषा ऐनमा गुरूङ भाषाका विभिन्न भेदहरूलाई अनुसूचीकृत गरिएको पाइए तापनि अध्ययनमा ती स्थानीय भेदहरूको विश्लेषण गरिएको छैन। गुरूङ भाषाको सरकारी कामकाजको प्रयोगको मुख्य निकायहरूमा प्रदेशका सरकारी निकायहरू भए तापनि प्रदेशका स्थानीय तहहरूमा समेत प्रदेशमा बोलिने भाषाहरू के कसरी सरकारी कामकाजको भाषाका रूपमा लागु गर्न सकिने हो भन्ने विषयमा स्थानीय तहमा गुरूङ भाषिक वक्ताको बाहुल्यताको आधारमा क्रमशः पहिलोदेखि तेस्रो स्थानसम्ममा पर्ने स्थानीय तहहरूलाई गुरूङ भाषालाई सरकारी कामकाजको रूपमा प्रयोग गर्न सकिने स्थानीय तहका रूपमा सूचीकृत गरिएको छ।

सरकारी कामकाजको भाषामा प्रयोगका लागि उक्त भाषाको संरचनात्मक र स्तरगत विकासलाई समेत ख्याल गर्नुपर्ने हुन्छ। यस अध्ययनमा गुरूङ भाषाको संरचनात्मक विकासअन्तर्गत वर्ण पहिचान, लिपि प्रयोग, शब्दकोश विकास, व्याकरण लेखन, साहित्यिक सिर्जनाका अतिरिक्त विद्युतीय साधनमा हुने प्रयोग पक्षलाई हेरिएको छ। अध्ययनमा प्राप्त स्रोत र तथ्यको आधारमा गुरूङ भाषामा मानक निर्धारण भई सर्वस्वीकार्य भाषिक स्वरूप र एकल लिपिको छनोट हुन सकेको पाइँदैन। यसको निमित्त गुरूङ भाषाको विस्तृत अध्ययन अनुसन्धानको जरूरत पर्दछ जसमा यस भाषाको स्थलगत अध्ययन गरी सूचना सङ्कलन पश्चात मामला विश्लेषण गर्नुपर्ने हुन्छ। यो अध्ययन राष्ट्रिय जनगणना, २०७८ को भाषिक तथ्याङ्कको विश्लेषणमा सीमित रहेको छ।

२. गुरूङ जाति र गुरूङ भाषा परिचय

गुरूङ जातिको बसोबास, भाषाको स्तरगत र संरचनात्मक विकाससम्बन्धी विवरणलाई तल विभिन्न उपशीर्षकहरूमा चर्चा गरिएको छः

२.१ गुरूङ जातिको बसोबास र जनसाङ्ख्यकी

गुरूङ जाति पश्चिमी नेपालको गोरखा, लममजुङ, कास्की, स्याङजा र बाग्लुङ क्षेत्रमा बसोबास गर्दै आएका छन्। तथापि उनीहरूको बसोबास देशको विभिन्न क्षेत्रमा छरिएर रहेको पाइन्छ। उनीहरू चार जात र सोह्र जात गरी दुई समूहमा वर्गीकृत भएको पाइन्छ (विष्ट,२०१५, पृ.९१-९४)। उनीहरू कालीगण्डकी भन्दा पूर्व र बूढागण्डकी पश्चिम क्षेत्रमा बसोबास गर्दछन् भने पूर्वी नेपालको ओखलढुङ्गाको रूम्जाटारमा बसोबास गरेको पाइन्छ (शर्मा,२०४५, पृ.२८९)। राष्ट्रिय जनगणना, २०७८ अनुसार गुरूङ जातिको जनसङ्ख्या ५,४३,७९ (१.८६) प्रतिशत रहेको छ। यसरी गुरूङ जाति नेपालमा बसोबास गर्ने जातिहरूमध्ये शीर्षक्रमको बाह्रौं स्थानमा पर्दछ।

२.२ नेपालमा गुरूङ भाषाको विकास र प्रयोग स्थिति

नेपालका पश्चिमी क्षेत्रमा गुरूङ भाषा बोल्ने वक्ताको सघनता पाइए तापनि पूर्वका विभिन्न जिल्ला र स्थानीय तहहरूमा गुरूङ भाषा बोलिन्छ। यसबाहेक नेपालबाहिर भारत, भुटान र म्यान्मारलगायतका देशहरूमा गुरूङ भाषा बोलिन्छ। पश्चिमी नेपालका गुरूङहरू आफ्नै गुरूङ भाषा बोल्दछन्। यस भाषामा मनखसेर र टिबटो बर्मन भाषाको प्रभाव परेको पाइन्छ (शर्मा, पृ.२८९)।

गुरूङ भाषाको वर्ण निर्धारण भई लेख्य पद्धतिउन्मुख छ। यस भाषाको लेखनमा देवनागरी र खेमा दुवै लिपिको प्रयोग भइआएको पाइन्छ। यस भाषामा शब्दकोश र व्याकरणहरू प्रकाशित भएका छन्। गुरूङ समुदायको जीवन परम्परा, संस्कार र संस्कृतिसँग सम्बन्धित लोकवार्ताहरू सङ्कलित छन्। यस भाषामा लिखित साहित्यतर्फ विधागत कृतिहरू छिटपुट रूपमा लेखन र प्रकाशन भएको पाइन्छ। गुरूङ भाषाको संरचनात्मक विकासको स्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका १

मगर भाषाका क्षेत्रीय भेदहरूको विकास र प्रयोग स्थिति

क्र.सं.	गुरूङ भाषा	मानक निर्धारण	वर्णपहिचान	लेख्य परम्परा	लिपि	शब्दकोश	व्याकरण	साहित्य	प्रविधिको प्रयोग	प्रयोग
११.	**गुरूङ भाषा**	मानक लेखन उन्मुख	वर्ण पहिचान र निर्धारण भएको	लेख्य पद्धति भएको	देवनागरी र खेमा लिपि	शब्दकोश प्रकाशित	व्याकरण प्रकाशित	विधागत साहित्य लेखन, लोकवार्ता सङ्कलित	युट्युब र सामाजिक सञ्जालमा प्रयोग	जीवन परम्परा, शिक्षा र सञ्चारमा प्रयोग

स्रोतः नेपालका भाषाहरू (२०८१), अमृत योञ्जन तामाङ लिखित पुस्तकमा आधारित भई तयार पारिएको।

यस भाषामा दुई क्षेत्रीय भेदहरू देखिन्छन् जसमा पूर्वी गुरूङ भाषा लमजुङ, तनहुँ र गोरखा क्षेत्रमा बोलिन्छन्। पूर्वी भेदमा पनि गोरखा गुरूङ, लमजुङ गुरूङ, तमू क्युई जस्ता

भेदहरू पहिचान गरिएका छन्। पश्चिमी गुरूङ भाषा कास्की र स्याङजातिर बोलिन्छन् (एपिले र अन्य, २०१२, पृ.१४१-१४२)।

३. सरकारी कामकाजको भाषामा प्रयोग सम्भाव्यता

सरकारी कामकाजको भाषासम्बन्धी भाषा आयोगबाट भएका सिफारिसमा उल्लेखित आधारका साथै बागमती र गण्डकी प्रदेशको भाषा ऐनको व्यवस्थामा आधारित भई विश्लेषण गर्न सकिन्छ। भाषा आयोगको सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस (२०७८) अनुसार सरकारी कामकाजको भाषा भन्नाले राज्यले कानुनी मान्यता प्रदान गरेको र स्तरगत योजना भएको भाषा सम्झिनुपर्ने हुन्छ। आयोगका अनुसार सरकारी कामकाजको भाषा भन्नाले सरकारी कामकाजको भाषा पूर्ण प्रयोगको स्थितिमा निम्नलिखित तीनओटै क्षेत्रमा लागु गरिनुपर्ने हुन्छः क) व्यवस्थापिकाको कामकारबाहीसित सम्बन्धित क्षेत्रमा, ख) न्यायपालिकाको अदालती कामकारबाहीको क्षेत्रमा र ग) कार्यपालिकाको प्रशासन सञ्चालन, अभिलेखन तथा सेवा सम्प्रेषणको क्षेत्रमा। बागमती प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०७८) को (घ) मा "सरकारी कामकाजको भाषा" भन्नाले बागमती प्रदेश सरकारको कार्यालयहरूमा लिखित वा मौखिक रूपमा प्रयोग हुने तामाङ भाषा र नेपाल भाषालाई जनाउँछ भन्ने उल्लेख छ भने ङ) मा **"सरकारी कामकाजको भाषा प्रयोग हुने क्षेत्र"** भन्नाले बागमती प्रदेशअन्तर्गतका सरकारी वा सार्वजनिक निकायहरू र तत् तत् निकायबाट प्रवाह गर्ने सेवा सुविधा समेतलाई जनाउँछ भनिएको पाइन्छ। त्यस्तै **गण्डकी प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८२** क) मा "कार्यालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय, आयोग, निर्देशनालय, कार्यालय वा सङ्गठित संस्था समेतलाई सम्झनु पर्छ भनी परिभाषित गरिएको छ र ट) मा "सरकारी कामकाजको भाषा" भन्नाले कार्यालयमा लिखित वा मौखिक रूपमा प्रयोग हुने मगर र गुरुङ भाषालाई सम्झनु पर्छ भनी स्पष्ट पारिएको छ।

उल्लिखित परिभाषा र व्याख्याको आधारमा सरकारी कामकाजको भाषा भन्नाले राज्यका तीन अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा पूर्ण रूपमा कामकाजमा लागु भएको भाषालाई जनाउँछ। तर सरकारी कामकाजको भाषाका रूपमा कुनै एक भाषा पूर्ण र आंशिक रूपमा प्रयोग हुन सक्छन्। सरकारी कामकाजमा पूर्ण प्रयोगको भाषा भन्नाले राज्यका तीनै वटै अङ्गहरूमा उक्त भाषाको प्रयोग गर्नुलाई बुझाउँछ। त्यसै गरी आंशिक प्रयोगको सरकारी कामकाजको भाषा भन्नाले कुनै कार्य वा क्षेत्र विशेषमा सरकारी कामकाजको भाषाको रूपमा प्रयोग हुन्छ। उदाहरणका लागि शिक्षा र सञ्चार क्षेत्रमा कुनै भाषाको प्रयोग हुने कार्य आंशिक रूपमा सरकारी कामकाजको भाषाका रूपमा प्रयोग हुनु हो। सरकारी कामकाजको भाषाको कार्यान्वयनको आयामलाई देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

खण्ड एकः सरकारी कामकाजको भाषा

तालिका २

सरकारी कामकाजको भाषाको प्रयोग क्षेत्र

क्र.सं.	व्यवस्थापिका	कार्यपालिका	न्यायपालिका
१.	शपथ	निवेदन, परिपत्र, सूचना,	रिट
२.	विधेयक	निर्णय, अभिलेख	सुनुवाइ
३.	संसदको माध्यम भाषा	कार्यपालिकाको माध्यम भाषा	फैसला
४.	अनुवादक	शिक्षा	अभिलेखन
५.	अभिलेखन	सञ्चार	अनुवादक
६.	परिपत्र	अनुवादक	परिपत्र

स्रोतः सरकारी कामकाजको भाषा तथा मातृभाषामा शिक्षा (२०८२), डा. लोक बहादुर लोप्चन।

३.१ गण्डकी प्रदेशमा मगर भाषाको सरकारी कामकाजमा प्रयोग सम्भाव्यता

नेपालको राष्ट्रिय जनगणना, २०७८ अनुसार गण्डकी प्रदेशमा बोलिने कुल भाषा सङ्ख्या ७५ वटा रहेको देखिन्छ जसमा भाषा आयोगबाट सरकारी कामकाजको भाषाका रूपमा सिफारिस भई गण्डकी प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८२ अनुसार प्रदेश सरकारी कामकाजको भाषाका रूपमा मान्यताप्राप्त भाषाहरू मगर भाषा र गुरुङ भाषा रहेका छन्। मगर ढुट भाषा यस प्रदेशमा ९.६०% सहित दोस्रो र गुरुङ भाषा ८.४४% सहित तेस्रो स्थानमा रहेको देखिन्छ। साथै यस प्रदेशमा १% सम्म भाषिक वक्ता भएको भाषाहरूको विवरण तालिकामा प्रस्तुत गरिएको छः

तालिका ३

गण्डकी प्रदेशमा बोलिने १% भन्दा बढी वक्ता भएका भाषाहरू

क्र.सं.	मातृभाषा	जम्मा	प्रतिशत
१	नेपाली	१८१०००३	७३.३९
२	मगर ढुट	२३६७२९	९.६०
३	गुरुङ	२०८०८८	८.४४
४	थारू	४२७९५	१.७४
५	नेपाल भाषा (नेवारी)	३७८०१	१.५३
६	तामाङ	३३४७१	१.३६

स्रोतः राष्ट्रिय जनगणना, २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)।

३.२ अल्पसङ्ख्यक भाषाको सरकारी कामकाजमा प्रयोग सम्भाव्यता

नेपालको राष्ट्रिय जनगणना, २०७८ अनुसार गण्डकी प्रदेशमा बोलिने रैथाने भाषाका अतिरिक्त अल्पसङ्ख्यक भाषाहरू कुल ३० वटा रहेका छन् जसमा अदै र कायत जस्ता भाषा जनगणनाको प्रतिवेदनमा समावेश भएको पाइँदैन। तर यी भाषाहरू गण्डकी प्रदेश भाषा ऐन, २०८२ मा सूचीकृत भएको देखिन्छ जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

खण्ड एकः सरकारी कामकाजको भाषा

तालिका ४

गण्डकी प्रदेशमा बोलिने रैथाने भाषाहरू

अनुसूची-१ (दफा ८ को उपदफा (३) सँग सम्बन्धित) गण्डकी प्रदेश मूल थलो भएका मातृभाषाहरूको सूची

क्र.सं.	भाषाहरू	जनसङ्ख्या	वक्ता सङ्ख्या	भाषिक बफादारिता	भाषिक अपसरण
१.	मगर ढुट	२०१३४९८	८१०३१५		
२.	गुरुङ (तमू क्युई)	५४३७९०	३२८०७४	६०.३३	(३९.६७)
३.	थारु	१८०७१२४	१७१४०९१	९४.८५	(५.१५)
४.	नेवार	१३४१३६३	८६३३८०	६४.३७	(३५.६३)
५.	थकाली	११७४१			
६.	ल्होवा/ल्होपा	१३९०	६२४	४४.८९	(५५.११)
७.	मुसलमान	१४१८६७७	१६२५२	१.१५	(९८.८५)
८.	बारगुङ्वा		१५३६		
९.	तामाङ	१६३९८६६	१४२३०७५	८६.७८	(१३.२२)
१०.	भोजपुरी		१८२०७९५		
११.	मगर खाम		९१७५३		
१२.	दुरा	५५८१	१९९१	३५.६७	(६४.३३)
१३.	बराम	७८५९	१५३९	१९.५८	(८०.४२)
१४.	माझी	१११३५२	३२९१७	२९.५६	(७०.४४)
१५.	उत्तरी गोर्खा गुरुङ घले	३५४३४			
१६.	गुरुङ/घले				
१७.	नार-फू		४२८		
१८.	कुमाल	१२९७०२	१८४३५	१४.२१	(८५.७९)
१९.	दरई	१८६९५	१२८९५	६८.९८	(३१.०२)
२०.	कुसुण्डा	२५३	२३	९.०९	(९०.९१)
२१.	मुसहर	२६४९७४			
२२.	चुमनुब्री	४४१४	४२८४	९७.०५	(२.९५)
२३.	चेपाङ	८४३६४	५८३९२	६९.२१	(३०.७९)
२४.	छन्त्याल	११९६३	४२८२	३५.७९	(६४.२१)
२५.	भुजेल	१२०२४५	१३०८६	१०.८८	(८९.१२)
२६.	बोटे	११२५८	७६८७	६८.२८	(३१.७२)
२७.	मुस्ताङे गुरुङ				(१००.००)
२८.	मगर काईके		१२२५		
२९.	अदै				
३०.	कायत, आदि।				

स्रोतः राष्ट्रिय जनगणना, २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय) र गण्डकी प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८२।

यस प्रदेशको सरकारी कामकाजको भाषा ऐन, २०८२ मा उल्लिखित ३० वटा भाषाहरू प्रदेशमा बोलिने रैथाने भाषाका रूपमा अनुसूचीकृत छन् जसमा अदै र कायत भाषाहरू समेत परेका छन्। उक्त भाषाहरू राष्ट्रिय जनगणना, २०७८ को भाषिक

गणनासूचीमा परेको देखिँदैन तर ती भाषाहरू समुदायस्तरमा भने बोलिने गरेको पाइएको छ (सिंजाली, टेलिफोन,२०८२)। त्यसै गरी दुरा जस्ता मृतप्रायः भाषा पनि अनुसूचीकृत देखिन्छ। त्यसै गरी असाध्यै थौंरै वक्ता भएका बराम भाषाका अतिरिक्त मुसलमानजस्ता भाषा समेत अभिलेखन भएको पाइन्छ। माथिको तालिकामा गुरूङ भाषाअन्तर्गत उत्तरी गोरखा गुरूङ घले र मुस्ताङे गुरूङ जस्ता भाषाहरू समेत समाविष्ट छन्। यसलाई गुरूङ भाषाको क्षेत्रीय भेद मान्न सकिए तापनि विस्तृत अध्ययन अनुसन्धान हुन बाँकी नै छ। प्रदेश सरकारबाट ऐनमा नै सूचीकृत गरिएको अवस्थामा यस्ता भाषाहरूको अध्ययन अनुसन्धान गरी निक्यौंल गर्नुको विकल्प देखिँदैन।

भाषावैज्ञानिक सिद्धान्त र अभ्यासको आधारमा लोपोन्मुख भाषाहरूको संरक्षण, संवर्धन र विकास गर्नु नै प्रमुख कार्य हो। तथापि प्रदेश सरकारी कामकाजको भाषाको सन्दर्भमा यस्ता भाषाहरूलाई स्थानीय तहका पालिकाभरि र वडाको समेत सरकारी कामकाजको भाषाको रूपमा कार्यान्वयन गर्न सकिन्छ। अल्पसङ्ख्यक वक्ता रहेका यस्ता भाषाहरूलाई पूर्ण सरकारी कामकाजको भाषाका रूपमा लागु गर्न नसकिए तापनि आंशिक सरकारी कामकाजको भाषाका रूपमा शिक्षा, सञ्चारजस्ता विषय क्षेत्रमा प्रयोग गरेर स्तरीकृत र प्रयोग विस्तार गर्ने गुन्जायस रहन्छ (सरकारी कामकाजको भाषा प्रतिवेदन, २०७८, भाषा आयोग)।

३.३ जिल्ला र स्थानीय तहगत गुरुङ भाषाको अवस्था

गण्डकी प्रदेशका विभिन्न जिल्ला र स्थानीय तहमा गुरुङ भाषाका वक्ताको सङ्ख्याको आधारमा कम्तीमा पनि गुरुङ भाषी वक्ता सङ्ख्याको पहिलोदेखि तेस्रो स्थानसम्मको शीर्षक्रमलाई आधार मानी तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका-५

गण्डकी प्रदेशको जिल्लाअन्तर्गत स्थानीय तहहरूमा गुरूङ भाषाको अवस्था

(स्थानीय तहमा पहिलोदेखि तेस्रो शीर्षक्रममा आधारित)

क्र.सं.	जिल्ला	पालिकाहरू	भाषा	वक्ता सङ्ख्या	प्रतिशत	पहिलो	दोस्रो	तेस्रो
१.	गोरखा	चुमनुब्री गाउँपालिका	गुरुङ	२२४९	३७.९१		दोस्रो	
		अजिरकोट गाउँपालिका	गुरुङ	४२२१	३२.८९		दोस्रो	
		धार्चे गाउँपालिका	गुरुङ	११८२३	८२.८९	पहिलो		
		आरूघाट गाउँपालिका	गरुङ	५६५४	२६.२१		दोस्रो	
		सिरानचोक गाउँपालिका	गुरुङ	३३१४	१६द.८१		दोस्रो	
		गोरखा नगरपालिका	गुरुङ	२८९६	५.५२		दोस्रो	
		शहिद लखन गाउँपालिका	गुरुङ	३२८	१.४२			तेस्रो

खण्ड एकः सरकारी कामकाजको भाषा

क्र.सं.	जिल्ला	पालिकाहरू	भाषा	वक्ता सङ्ख्या	प्रतिशत	पहिलो	दोस्रो	तेस्रो
२.	मनाङ	मनाङ डिस्याङ गाउँपालिका	गुरुङ	२३५	१४.७३		दोस्रो	
		चामे गाउँपालिका	गुरुङ	३९७	३१.११		दोस्रो	
		नासौं गाउँपालिका	गुरुङ	१२३५	७३.९१	पहिलो		
३.	मुस्ताङ	घरपझोङ गाउँपालिका	गुरुङ	१२४	३.३४			तेस्रो
		लोमन्थाङ गाउँपालिका	गुरुङ	१८५	२.९४			तेस्रो
४.	म्याग्दी	मालिका गाउँपालिका	गुरुङ	६३	०.३४			तेस्रो
५.	कास्की	मादी गाउँपालिका	गुरुङ	५२७५	३२.६८		दोस्रो	
		माछापुछ्रे गाउँपालिका	गुरुङ	२५१३	१०.९७		दोस्रो	
		अन्नपूर्ण गाउँपालिका	गुरुङ	३२४५	१४.६८		दोस्रो	
		पोखरा महानगरपालिका	गुरूङ	५३७२०	१०.४६		दोस्रो	
		रूपा गाउँपालिका	गुरुङ	१७१६	११.५२		दोस्रो	
६.	लमजुङ	दोर्दी गाउँपालिका	गुरुङ	६६३४	४१.३३	पहिलो		
		मर्स्याङदी गाउँपालिका	गुरुङ	७५५६	४४.२४	पहिलो		
		क्व्होलासोथार गाउँपालिका	गुरुङ	५३१६	६६.७८	पहिलो		
		मध्यनेपाल नगरपालिका	गुरुङ	२६६३	१२.१२		दोस्रो	
		राईनास नगरपालिका	गुरुङ	२५७३	१४.७९		दोस्रो	
		दूधपोखरी गाउँपालिका	गुरुङ	५०२५	५८.४८	पहिलो		
७.	तनहुँ	भानु नगरपालिका	गुरुङ	३११८	७.२९		दोस्रो	
		व्यास नगरपालिका	गुरुङ	४५७५	५.८०			तेस्रो
		शुक्लागण्डकी नगरपालिका	गुरुङ	४६४८	८.३६			तेस्रो
		देवघाट गाउँपालिका	गुरुङ	३७८५	२५.९५			तेस्रो
		बन्दिपुर गाउँपालिका	गुरुङ	३९७३	२१.४४		दोस्रो	
८.	स्याङजा	पुतलीबजार नगरपालिका	गुरुङ	३६८८	८.८४		दोस्रो	
		फेदीखोला गाउँपालिका	गुरुङ	९३८	८.६१		दोस्रो	
		अर्जुनचौपारी गाउँपालिका	गुरुङ	११०५	७.८७		दोस्रो	

क्र.सं.	जिल्ला	पालिकाहरू	भाषा	वक्ता सङ्ख्या	प्रतिशत	पहिलो	दोस्रो	तेस्रो
		भीरकोट नगरपालिका	गुरुङ	३२४७	१४.३४		दोस्रो	
		बिरुवा गाउँपालिका	गुरुङ	२४५४	१७.५३			तेस्रो
		हरिनास गाउँपालिका	गुरुङ	५१३	३.८९			तेस्रो
		वालिङ नगरपालिका	गुरुङ	६४८२	१२.८४		दोस्रो	
९.	पर्वत जिल्ला	मोदी गाउँपालिका	गुरुङ	४५७	२.४३			तेस्रो
		कुश्मा नगरपालिका	गुरूङ	६७३	१.७७		दोस्रो	
		फलेवास नगरपालिका	गुरुङ	९८	०.४८			तेस्रो
		महाशिला गाउँपालिका	गरूङ	९८२	१२.१०		दोस्रो	
		विहादी गाउँपालिका	गुरुङ	७१	०.६६			तेस्रो
		पैयूँ गाउँपालिका	गुरुङ	४८०	३.७७			तेस्रो
		जम्मा				६	२१	१३

स्रोतः राष्ट्रिय जनगणना, २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)।

प्रस्तुत तालिकाको आधारमा गण्डकी प्रदेशका ९ जिल्लाहरूका ९ स्थानीय तहहरूमा गुरुङ भाषी वक्ता क्रमशः पहिलोदेखि तेस्रो स्थानसम्म रहेको पाइन्छ। कतिपय स्थानीय तहमा गुरूङभाषी वक्ता १०० जना भन्दा कम सङ्ख्यामा रहेका छन् जुन सङ्ख्या सरकारी कामकाजमा प्रयोगका लागि पर्याप्त देखिँदैन। यस आधारमा भाषाहरूलाई सरकारी कामकाजमा प्रयोगको सट्टा भाषिक संरक्षण, संवर्धन र विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

४. समस्या र चुनौतीहरू

नेपालका विभिन्न प्रदेशहरूमा नेपालीबाहेकका भाषाहरू सरकारी कामकाजमा प्रयोग गर्ने विषय नेपालको लागि नितान्त नौलो र कमै अभ्यास भएको विषय हो। हुनत बागमती प्रदेशमा तामाङ र नेपाल भाषा सरकारी कामकाजको भाषाका रूपमा लागु भएको छ। तर यहाँको अभ्यास पनि अत्यन्त सीमित र प्रारम्भिक किसिमका छन्। गण्डकी प्रदेशको हकमा ऐनमा व्यवस्था भए बमोजिम यस प्रदेशमा मगर र गुरुङबाहेक अल्पसङ्ख्यक भाषाहरू समेत भौगोलिक क्षेत्र विशेष सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन हुन सक्छन्। मूलतः ऐनमा व्यवस्था भएका भाषासम्बन्धी कानुनी प्रावधानहरूलाई कार्यान्वयन गरी भाषिक लाभ हासिल गर्न सक्नुपर्ने देखिन्छ। जुन कुरा मूल चुनौतीका रूपमा रहेको छ। यसबाहेक मौजुदा भाषिक कानुन कार्यान्वयनका लागि आवश्यक संयन्त्र, भाषाको विकास, कार्यक्रम र बजेटको उपलब्धता, भाषिक सङ्घसंस्थाको पहल र राजनीतिक एवम् प्रशासनिक कटिबद्धतासम्बन्धी समस्या र चुनौती आइपर्न सक्छन्। सरकारी कामकाजको भाषा कार्यान्वयनमा गण्डकी प्रदेश केन्द्रित समस्या र चुनौतीलाई तल प्रस्तुत गरिएको छः

क) मगर र गुरुङ भाषाको अपसरण बढी छ, भाषिक बफादारिता कमजोर छ र अन्तर्पुस्तामा भाषिक पुस्तास्तरण न्यून छ। यसले मातृभाषाको जीवन्तता र अस्तित्व सङ्कटोन्मुख भएको प्रष्ट हुन्छ।

ख) प्रदेश भाषा ऐन कार्यान्वयनका लागि नियमावली, मापदण्ड र निर्देशिकाहरू बनाई कार्यान्वयन गर्न समय लाग्ने देखिन्छ। यसका लागि कार्यान्वयन संयन्त्र जस्तो महाशाखा, शाखा, डेस्क र भाषासम्बन्धी जनशक्ति तत्कालै उपलब्ध हुन कठिन छ।

ग) सरकारी कामकाजको भाषाको मानकीकरण वा स्तरीकरण गर्ने कार्यले लामो समय लिन सक्छ। तत्काल अल्पकालीन नीति अवलम्बन गरेर सम्बन्धित भाषाको प्रचलित स्वरूपको आत्मसात गरेर जान सहमतिको बाटो रोज्नुपर्ने हुन सक्दछ।

घ) सरकारी कामकाजको भाषाको लेखनका निमित्त तत्कालका लागि एकल लिपिको सट्टा बहुलिपिको प्रयोग गर्ने परिस्थिति आउन सक्छ। यसअघि नै गुरुङ भाषामा देवनागरी र खेमा लिपिको विषय उठान भइसकेको छ। जुन कुरा मगर भाषामा समेत आकर्षित हुन सक्छ।

ङ) प्रदेशमा प्रयोग हुने भाषाहरूलाई व्यक्तिले मात्र अनुवाद र लेखन कार्य सम्भव नभएकाले यी भाषाहरूमा मेसिन अनुवादका लागि युनिकोडीकरण र अन्तर्भाषिक अनुवादसम्बन्धी कार्य सम्पादन गर्नु चुनौतीपूर्ण छ।

च) प्रदेशमा बोलिने सबै अल्पसङ्ख्यक भाषाहरूको समन्यायिक रूपमा विकास गर्न कार्यक्रम र बजेटसहित लगानी सन्तुलन मिलाउन सहज छैन।

छ) अल्पसङ्ख्यक भाषालाई विशेष, संरक्षित र स्वायत्त क्षेत्र घोषणा गरी पहिचानमूलक र सार्थक कार्यका गर्न अझै ठोस आधार तयार भएको देखिँदैन।

५. भावी कार्यदिशा

विश्वकै सन्दर्भमा नेपालको भाषिक सङ्घीय उदाहरणीय बनेको देखिन्छ किनभने नेपालमा प्रदेश स्थापनासँगै संविधानतः दुई प्रदेशहरू भाषिक रूपमा सङ्घीयकरणमा जानु उपलब्धि एउटा महत्वपूर्ण उपलब्धिको रुपमा लिन सकिन्छ। त्यसै गरी कोशी र मधेश प्रदेशका सभामा सरकारी कामकाजको भाषासम्बन्धी विधेयक पेस भई छलफलको क्रममा रहेको छ। भाषा आयोगको सिफारिस (२०७८, २०८०) अनुसार सिफारिस गरिएका कुल १२ भाषाहरू सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयन हुने हो भने क्रमशः कोशी प्रदेशमा लिम्बू र मैथिली एवम् मधेश प्रदेशमा मैथिली, भोजपुरी र बज्जिका भाषाहरू सरकारी काजमकाजको भाषाका रूपमा कार्यान्वयन हुने देखिन्छ। यसरी आयोगको सिफारिसको आधारमा हेर्दा थप दुई प्रदेशहरूमा समेत प्रदेश सरकारी कामकाजको भाषा ऐन तर्जुमा भई कार्यान्वयन हुँदा ७ प्रदेशमध्ये ४ प्रदेशमा कुल ६ भाषाहरू सरकारी कामकाजको भाषा रूपमा क्रियान्वित हुनेछन्। यस आधारमा नेपालमा भाषिक सङ्घीयताको विस्तार प्रदेशमा मात्र नभई स्थानीय तहसम्म पनि हुँदै गएको पाइन्छ। यसलाई प्रयोग विस्तार गरी समग्र मुलुकको भाषिक सङ्घीयताका लागि देहायको कार्यदिशा प्रस्तुत गरिएको छः

१. हरेक भाषालाई पुस्तान्तरण गरेर जीवन्तता प्रदान गर्नु र अस्तित्व रक्षा गर्नु वर्तमानको मूल कार्यसूची बनेको छ। यसका लागि व्यक्ति, परिवार र समुदायले भाषिक पुस्तान्तरणसम्बन्धी कार्यक्रमलाई अनिवार्य रूपमा दैनिक बोलचालदेखि समुदायको संस्कार र संस्कृतिको माध्यम भाषाका रूपमा प्रयोग गरिनु पर्दछ।

२. सर्वप्रथम प्रदेश र स्थानीय तहमा भाषा ऐन पारित भई कार्यान्वयन भएको अवस्थामा सङ्घीय भाषा ऐन आउन जरूरी छ। त्यसै गरी प्रदेश तहमा भाषा ऐन पारित भएकाको हकमा भाषासम्बन्धी नियमावली र कार्यविधिहरू तत्काल निर्माण गरेर लागु गरिनु पर्दछ।

३. सरकारी कामकाजको भाषा नेपालको सन्दर्भमा नयाँ अभ्यास भएकाले कार्यान्वयनका लागि तत्काल अस्थायी संयन्त्र र जनशक्ति व्यवस्थापन गरी क्रमशः स्थायी संयन्त्र र जनशक्तिको व्यवस्था गर्दै जानुपर्दछ।

४. सरकारी कामकाजको भाषाको स्तरीकरण र विकासका लागि सम्बन्धित भाषिक समुदायको उपस्थितिमा मानक शब्दकोश र व्याकरण तयार गरेर एकरूपता दिनु जरूरी छ। यसमा सम्बन्धित भाषा लेखनका लागि लिपिको छनोट गरी सुरूमा बहुलिपि र क्रमशः एकल लिपितर्फ उन्मुख हुनु आवश्यक छ। उक्त भाषालाई आंशिक रूपमा शिक्षा, सञ्चारलगायतका क्षेत्रमा प्रयोग हुने अवसर सिर्जना गरिनुपर्दछ।

५. सरकारी कामकाजको भाषा विषयमा जनप्रतिनिधि, कर्मचारी र भाषिक सङ्गसंस्थाका पदाधिकारीहरूको क्षमता विकास गर्न अभिमुखीकरण, परामर्शजस्ता कार्यक्रम सञ्चालन गरेर भाषिक सङ्घसंस्थाको सहकार्यमा अगाडि बढ्दा प्रभावकारी हुन्छ।

६. हरेक तहका सरकारबाट वार्षिक नीति, कार्यक्रम र बजेटमा भाषाको संरक्षण, संवर्धन र विकासका साथै प्रयोग विस्तारका लागि लगानी सुनिश्चित गरिनु पर्दछ।

७. वर्तमान सूचना, प्रविधि र कृत्रिम बौद्धिकताको युगमा भाषाहरूको युनिकोडीकरण, अन्तर्भाषिक अनुवाद र गुगल अनुवादसम्मको यात्रा तय गर्नुपर्दछ।

८. लोपोन्मुख भाषाहरूको संरक्षण, संवर्धन र विकासका लागि स्थानीय तहमा भाषिक विशेष, संरक्षण र स्वायत्त क्षेत्र घोषणा गरेर जानुपर्ने देखिन्छ।

९. सबै तहका सरकारहरूबाट भाषासम्बन्धी भएका कामहरूको अनुगमन, मूल्याङ्कन र कार्य सम्पादन परीक्षण, पृष्ठपोषण र सुधारसम्बन्धी कार्य शृङ्खला तयार गरी कार्यान्वयनमा जानु पर्दछ।

६. निष्कर्ष

नेपालको सङ्घीयकरणको मूल सूचकमध्ये भाषिक सङ्घीयता नै पहिलो सूचक वा आधारका रूपमा देखिन आएको छ। विगतको एकल भाषिक अभ्यास र मातृभाषाउपरको दमनका साथै वर्तमानमा अङ्ग्रेजी भाषाको विस्तार हुँदै गएको वर्चश्व भाषिक अधिकार माथि प्रश्न तेर्सिएको छ। तर नेपालमा सङ्घीयताको कार्यान्वयनसँगै भाषा आयोगको सिफारिसबमोजिम प्रदेश र स्थानीय तहमा भएका भाषासम्बन्धी कार्यहरू प्रशंसनीय मात्र छैनन्, उदाहरणीय र अनुकरणीय समेत छन्। परिणामस्वरूप नेपालमा बोलिने सबै भाषाहरूले प्रदेश र स्थानीय तहमा उचित स्थान र सम्मान प्राप्त गरी प्रयोग विस्तार हुने देखिन्छ। यसका लागि नेपालको संविधानबमोजिम थप कानुन निर्माण गरी सबै तहबाट सरकारी कामकाजको भाषाको आधारका रूपमा मातृभाषामा शिक्षाको कार्यान्वयनमा जोड दिइनु पर्दछ। त्यसै गरी विश्वविद्यालयहरूमा भाषासम्बन्धी अध्ययन अनुसन्धानका लागि छात्रवृत्तिसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न जरूरी छ। कुनै पनि भाषाको जीवन्तताका

लागि भाषिक पुस्तान्तरणलाई अपरिहार्य र अनिवार्य गरिनु पर्दछ। यसका लागि सबै तहका सरकारहरूबाट भाषासम्बन्धी प्रोत्साहनमूलक कार्यक्रम र अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिनु पर्दछ। अतः मानव जीवनजगत र सभ्यताको वाणीका रूपमा रहेका भाषाहरू अपूर्व र अमूर्त सम्पदाका साथै पुस्तैनी विरासत र पहिचानका आधार हुन्।

सन्दर्भ सूची

आहुति. (२०८२). *नेपालका रैथाने भाषाहरूमा बाह्य सांस्कृतिक प्रभावका विषयमा प्रवचन* [YouTube भिडियो]। YouTube। https://www.youtube.com/watch?v=ym5Pq7DDERA।

गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय. (२०८०). *गण्डकी प्रदेश सरकारी कामकाजको भाषा ऐन।*

गोले, मोहन. (२०८०). *तथ्याङ्क र आदिवासी जनजाति (जाति, भाषा र धर्म).* ताम्सालिङ नलेज सेन्टर।

तामाङ, अमृत योञ्जन. (२०८०). *नेपालका भाषाहरू (भाषा परिचयकोश सहित).* म्हेन्दो ट्रस्ट।

नेपाल कानुन आयोग. (२०७२). *नेपालको संविधान।*

भाषा आयोग. (२०७८). *सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस।*

भाषा आयोग. (२०८०). *सरकारी कामकाजको भाषासम्बन्धी पूरक सिफारिस।*

राष्ट्रिय तथ्याङ्क कार्यालय. (२०७८). *राष्ट्रिय जनगणना।*

लोप्चन, लोक बहादुर. (२०८२). *सरकारी कामकाजको भाषा तथा मातृभाषामा शिक्षा।* बहुभाषिक शिक्षा तथा सञ्चार प्रा. लि.।

शर्मा, जनकलाल. (२०४५). *हाम्रो समाजः एक अध्ययन.* मञ्जरी पब्लिकेसन।

सिञ्जाली, वि. (२०८२). *बारलुङ क्षेत्रमा अदै र कायत भाषा बोलिन्छ*. भर्चुअल संवाद।

Bista, D. B. (2015). *People of Nepal.* Ratna Pustak Bhandar.

Regmi, D. R., Eppele. J., Lewis, M. P. & Yadava, Y. P. (Ed.). (2012). *Ethnologue: Languages of Nepal*. Tribhuvan University in collaboration with SIL International.

ISSN: 3102-0941 (Print)

भाषा आयोगको सहकर्मी-समीक्षित जर्नल

भाषालोक

वर्ष ५, अङ्क १:१४-२४, चैत २०८२

प्रदेश र स्थानीय तहमा भाषाको प्रयोगसम्बन्धी अभ्यासहरू

सुरेश मानन्धर

पूर्व सदस्य, भाषा आयोग

gisuki1@gmail.com

(प्राप्त मितिः २०८२/१०/२८; स्वीकृत मितिः २०८२/१२/०१)

लेखसार

वि.सं. २०७२ सालमा संविधानसभाबाट जारी नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरेको छ। संविधानको भाग ५, धारा ५६ (१) मा राज्यको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने संवैधानिक व्यवस्था गरिएको छ। सोही धाराको उपधारा २ मा राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान र कानुनबमोजिम गर्ने व्यवस्था गरिएको छ भने उपधारा ४ मा स्थानीय तहअन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति रहने व्यवस्था गरिएको छ।

वर्तमान संविधानको मूल तत्व सङ्घीयता र समावेशीकरण हो। सङ्घीयता र समावेशीकरणलाई नागरिकले प्रत्यक्ष महसुस गर्ने निकाय स्थानीय तह हो। अतः स्थानीय तहले यस क्षेत्रमा जति सक्रियतापूर्वक कार्यसम्पादन गर्दछ। सङ्घीय व्यवस्थाको सबलताको परीक्षण पनि त्यहीं हुने गर्दछ। त्यसैले स्थानीय तहलाई सङ्घीय व्यवस्थाको मेरुदण्ड नै मानिन्छ। राज्य पुनर्संरचना पश्चात् हाल नेपालमा ७५३ स्थानीय सरकार र ७७ जिल्ला समन्वय समितिहरू छन्। हाल स्थानीय तह ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका छन्। संविधानले स्थानीय तहले सम्पादन गर्ने विविध कार्यक्षेत्र समेत तोकेको छ। संविधानको अनुसूची ८ मा स्थानीय तहका २२ वटा एकल अधिकार तोकिएको छ भने अनुसूची ९ मा साझा अधिकारका १३ वटा विषयहरू समेटिएका छन्।

स्थानीय तह भनेको केवल एउटा प्रशासनिक एकाइ मात्र होइन। जनताले राज्यसत्तासँग पहिलो र अन्तिम सोझो साक्षात्कार गर्ने निकाय यही नै हो। नागरिकको जन्म हुने बित्तिकै स्थानीय तहमा जन्मदर्ता हुन्छ भने मृत्युपश्चात मृत्यु दर्ता पनि यही निकायमा हुन्छ। स्थानीय सरकार भन्ने बित्तिकै बुझ्नुपर्छ, त्यहाँ प्रयोग हुने भाषा पनि स्थानीय नै हुनु आवश्यक छ। नेपाल विश्वमै सबैभन्दा धेरै भाषाहरू भएको मुलुकमध्ये पर्दछ। यहाँ अधिकांश भाषाहरू स्थानीय तहहरूमा वितरण भएको पाइन्छ। त्यसको प्रयोग, संरक्षण, संवर्धन र विकास गर्ने हो भने सबैभन्दा उपयुक्त निकाय स्थानीय सरकार नै हो। संविधानले पनि स्थानीय भाषाहरूको प्रयोग, संरक्षण र विकास गर्ने अधिकार स्थानीय तहलाई नै दिएका कारण स्थानीय सरकारहरूकै सक्रियताले नेपालका भाषाहरूको संरक्षण, संवर्धन भई मुलुकको बहुभाषिक पहिचानलाई कायम राख्दै नागरिकको भाषिक मानव अधिकारको पनि सम्मान हुने देखिन्छ।

खण्ड एकः सरकारी कामकाजको भाषा

शब्द कुञ्जीः *बहुभाषिक पहिचान, एकल अधिकार, सरकारी कामकाजको भाषा, मातृभाषामा शिक्षा, विशेष/स्वायत्त र संरक्षित क्षेत्र, प्रत्याभूति*

विषय प्रवेश

नेपालको संविधान, २०७२ जारी हुनु अघि नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार स्थानीय स्वयात्त शासनअन्तर्गत विकेन्द्रित शासनको अभ्यास भयो। जुन स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ मा आधारित थियो। जसमा स्थानीय भाषाहरूलाई आफ्नो निकायमा प्रयोग गर्न सकिने गरी भाषासम्बन्धी स्पष्ट कानुनी आधार उपलब्ध थिएन। तापनि मुलुकमा केही स्थानीय निकायहरूबाट विकेन्द्रीकरणको अवधारणानुसार सरकारी कामकाजमा मातृभाषालाई कार्यान्वयन गर्न पहल गरेको देखिन्छ। त्यतिखेर स्थानीय निकायमा स्थानीय भाषा प्रयोग गर्न गरिएको पहल र प्रयोग ऐतिहासिक र प्रेरणादायी घटनाका रूपमा अभिलेखन भएको पाउन सकिन्छ।

नेपालको राजनीतिक इतिहासमा पहिलो पटकको निर्वाचन 'काठमाडौं म्युनिसिपालिटी' मा भएको थियो। श्री ३ पद्मशम्शेरले वि.सं. २००४ जेठ २९ गते उक्त निर्वाचन सम्पन्न गराएका थिए। त्यही सालको भदौ २९ गते ललितपुर नगरपालिका र असोज २६ गते भक्तपुर नगरपालिकाका वडाहरूको निर्वाचन गरिएको थियो। तर वि.सं. २००७ सालमा जहाँनिया राणा शासन पतन भई प्रजातन्त्र स्थापना भयो। त्यसपछि वि.सं. २०१० सालमा फेरि स्थानीय निकायहरू निर्वाचन भयो। जुन प्रजातन्त्रको स्थापनापछिको पहिलो निर्वाचन रहेको थियो। त्यति बेलासम्म नेपालको संसदको निर्वाचन भने हुन सकेको थिएन। वि.सं. २०१० भदौ १७ गते भएको उक्त चुनाव प्रयोजनको लागि काठमाडौं नगरपालिकालाई १८ वटा वडामा विभाजन गरिएको थियो। तर त्यो चुनावमा निर्वाचित भएका प्रतिनिधिहरूका बीच आपसी झैंझगडाका कारण जनअपेक्षित काम हुन सकेन। त्यसपछि वि.सं. २०१४ साल माघ ७ गते काठमाडौं नगरपालिकामा तेस्रो स्थानीय निर्वाचन भयो। उक्त निर्वाचनमा काठमाडौं नगरपालिकाका सभापतिका रूपमा प्रयागराज सिं सुवाल निर्वाचित भएका थिए। उनकै अध्यक्षतामा वि.सं. २०१५ साल बैशाख ६ गते बसेको बोर्ड बैठकले "काठमाडौं नगरपालिकामा नेपाली भाषाका अतिरिक्त नेपाल भाषालाई पनि कामकाजी भाषाको रूपमा प्रयोग गर्ने निर्णय भयो"। नेपालमा बोलिने नेपालीबाहेक अन्य कुनै पनि भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्ने सम्बन्धमा आधिकारिक निर्णय भएको त्यही नै पहिलो हो। यही निर्णयको आधारमा तत्कालीन काठमाडौं नगरपालिकाले प्रकाशन गर्ने 'जनचेतना' नामक बुलेटिन पनि नेपाली र नेपाल भाषा गरी दुई भाषामा प्रकाशन गर्न थालियो। तत्कालीन स्थानीय निकाय काठमाडौं नगरपालिकाले सुरू गरेको यस बहुभाषी अभ्यास वि.सं. २०१७ साल पुस १ गतेका दिन राजा महेन्द्रबाट निर्वाचित सरकारलाई अपदस्थ गरी निर्दलीय पञ्चायती व्यवस्था लागु नहुञ्जेल कायम रहेको थियो।

वि.सं. २०४६ सालमा भएको ऐतिहासिक जनआन्दोलनले निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भई नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भयो। वि.सं. २०४७ सालमा बहुदलीय व्यवस्थासहितको नयाँ संविधान जारी भयो। सोही संविधानअनुरूप वि.सं. २०५४

सालमा भएको स्थानीय निकायको दोस्रो निर्वाचनमा काठमाडौं महानगरपालिकाको प्रमुखमा केशव स्थापित निर्वाचित हुन पुगे। उनकै अध्यक्षतामा वि.सं. २०५४ साउन १० गते बसेको बोर्ड बैठकले काठमाडौं महानगरपालिकामा नेपाली भाषाका अतिरिक्त नेपाल भाषालाई पनि सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्ने निर्णय गरियो। त्यस लगत्तै ललितपुर नगरपालिका र कीर्तिपुर नगरपालिकाले पनि नेपाल भाषालाई सरकारी कामकाजी भाषाको रूपमा प्रयोग गर्ने निर्णय गरे। त्यस्तै धनुषा जिल्ला विकास समिति र राजविराज नगरपालिकाले मैथिली भाषालाई सरकारी कामकाजी भाषाको रूपमा प्रयोग गर्ने निर्णय गरेको थियो।

काठमाडौं महानगरपालिकालगायत धनुषा जिल्ला विकास समिति र राजविराज नगरपालिकाले नेपाल भाषा र मैथिली भाषालाई सरकारी कामकाजको भाषासम्बन्धी निर्णयविरुद्ध अधिवक्ताद्वय लिलामणि पौडेल र सुदिप पौडेलले उक्त निर्णय कार्यान्वयन नगर्न र नगराउनका लागि अन्तरिम आदेशको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरे। सर्वोच्च अदालतको डिभिजन बेञ्चको इजलासले वि.सं. २०५४ कात्तिक २२ गतेका दिन यस मुद्दामा अन्तरिम आदेश जारी गर्नुपर्ने आवश्यकता छैन भनी आदेश दियो। त्यसपछि लालबहादुर थापा, डा. हरिप्रसाद पोखेल, यज्ञनिधि दाहाल, ध्रुव थेवे र अच्युतरमण अधिकारीले काठमाडौं महानगरपालिका र धनुषा जिल्ला विकास समितिका साथै सप्तरीको राजविराज नगरपालिकाले गरेको भाषासम्बन्धी उक्त निर्णयका विरुद्ध अर्को रिट दायर गरे । सो रिटका सम्बन्धमा वि.सं. २०५४ चैत्र ६ गते माननीय न्यायाधीश हरिश्चन्द्र प्रसाद उपाध्यायको एकल इजलासले अन्तरिम आदेश जारी गरी ती स्थानीय निकायहरूमा नेपाल भाषा र मैथिली भाषाको प्रयोग गर्नमा रोक लगाउन पुग्यो। अदालतको त्यस फैसलाविरुद्ध स्थानीय भाषाभाषीहरूले सङ्घर्ष समिति नै गठन गरी विरोध प्रकट गरे। उक्त रिटमाथि अदालतमा बहस हुँदै वि.सं. २०५६ जेठ १८ गते माननीय न्यायाधीशद्वय कृष्णजङ्ग रायमाझी र टोपबहादुर सिंहको संयुक्त इजलासबाट जिल्ला विकास समिति र स्थानीय निकायहरूबाट गरेको नेपाल भाषा र मैथिली भाषालाई सरकारी कामकाजमा प्रयोगसमम्बन्धी निर्णयलाई असंवैधानिक ठहर गर्दै ती निकायहरूको निर्णय खारेज गरिदिए। उक्त फैसलाका विरुद्ध स्थानीय भाषाभाषी र भाषिक सङ्घसंस्थाबाट प्रतिरोध र विरोध भयो। तर सर्वोच्च अदालतको फैसला नै अन्तिम निर्णय हुने र त्यसलाई पालना गर्ने सबै नागरिकको कर्तव्य हुने संवैधानिक बाध्यताले फैसला कार्यान्वयन भयो। सरकारी कामकाजमा नेपालीबाहेक बहुभाषिक प्रयोग पक्षधरहरूले सर्वोच्च अदालतले उक्त फैसला गरेको दिन जेठ १८ लाई 'कालो दिवस' को उपमा दिए। त्यसपछि हरेक वर्ष देशमा नेपाली भाषा इतरका मातृभाषीहरूले जेठ १८ गतेलाई 'कालो दिवस' का रूपमा स्मरण गर्ने चलन सुरू भएको हो। यसरी स्थानीय निकायहरूले स्थानीय भाषालाई सरकारी कामकाजमा प्रयोगमा ल्याउन विगतमा गरेको प्रयासलाई सर्वोच्च अदालतको फैसलाबाट रोक लागेको थियो। वि.सं. २०४७ सालमा जारी भएको संविधान अघिल्लो संविधानहरूका तुलनामा भाषिक दृष्टिकोणले उदार मानिए तापनि भाषा बहुभाषिक प्रयोगको सवालमा अदालतको यस फैसलासँगै कमजोर नै साबित भएको प्रस्ट हुन्छ किनभने भाषासम्बन्धी केही प्रावधान संविधानमा उल्लेख भए पनि सोको

कार्यान्वयनका लागि आवश्यक भाषासम्बन्धी नीति र ऐन नभएका कारणले अदालतको व्याख्याबाट वैधता प्राप्त गर्ने आधार तयार भएको थिएन, फलतः अदालतबाट बहुभाषिकताको सट्टा एकल भाषिकतातर्फको फैसला हुन पुगेको हो भन्ने अनुमान लगाउन सकिन्छ।

नेपालको संविधानमा भाषासम्बन्धी व्यवस्था

नेपालको संवैधानिक इतिहास वि.सं. २००४ देखि सुरू हुन्छ। तत्कालीन राणा प्रधानमन्त्री पद्मशम्शेर ज.ब.रा.ले वि.सं. २००४ माघ १३ गते जारी गरेको 'नेपाल सरकारको वैधानिक कानुन, २००४' लाई नै नेपालको संवैधानिक इतिहासमा लिखित रूपमा आएको पहिलो संविधान मानिन्छ। यो संविधानको धारा ४४ मा व्यवस्थापिका सभामा सबै कुराकानी छलफल इत्यादि राष्ट्रभाषा नेपालीमा नै हुनेछ' भन्ने लेखिएको थियो।

यसरी नेपालको पहिलो संविधान नै एकभाषी हुँदै आएको देखिन्छ। वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि वि.सं. २०१५ सालमा पहिलो प्रजातान्त्रिक संविधान जारी भयो। त्यसको धारा ७० मा 'देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको राष्ट्रभाषा हुनेछ' भनी लेखिएको छ। वि.सं. २००७ सालमा आएको प्रजातन्त्रिक व्यवस्था वि.सं. २०१७ राज महेन्द्रबाट शासकीय कुमार्फत अपदस्थ हुन पुग्यो। त्यसपछि राजा महेन्द्रले निर्दलीय पञ्चायती व्यवस्था लागु गर्दै वि.सं.२०१९ सालमा जारी गरेको पञ्चायती संविधानको धारा ४ मा 'नेपालको राष्ट्रभाषा देवनागरी लिपिमा लिखित नेपाली भाषा हो' भनी किटान गरिएको थियो।

त्यसपछि वि.सं.२०४६ सालमा तत्कालीन पञ्चायती व्यवस्थाविरुद्ध भएको जनआन्दोलन पश्चात वि.सं. २०४७ सालमा जारी गरिएको संविधान भाषिक दृष्टिकोणले फराकिलो देखियो। उक्त संविधानको धारा ४ मा पहिलो पटक नेपाललाई 'बहुभाषिक' मुलुकका रूपमा स्वीकारिएको थियो। यसमा "देवनागरी लिपिमा लेखिएको नेपाली भाषा नेपालको राष्ट्रभाषा हो" भन्ने व्यहोरा लेखिए पनि "प्रत्येक समुदायलाई प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिन सकिने" अधिकार पनि प्रदान गरेको थियो (धारा १८)।

भाषिक दृष्टिकोणले उदार भएकाले यही संविधान कायम रहेको बेला काठमाडौं महानगरपालिकाले नेपाल भाषा र धनुषा जिल्ला विकास समिति एवम् राजविराज नगरपालिकाले मैथिली भाषालाई नेपाली भाषासँगै पालिकास्तरीय कामकाजी अधिकार प्रदान गर्ने प्रयास गरिएको भए तापनि तत्कालीन साँघुरो र सीमित कानुनी व्यवस्थामा आधारित रहँदा सर्वोच्च अदालतबाट खारेज भएको थियो (वि.सं. २०५६ जेठ १८ को फैसला।)

वि.सं.२०६२/०६३ मा भएको दोस्रो जनआन्दोलन पश्चात वि.सं. २०६३ माघ १ गते जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ मा देशका विभिन्न मातृभाषाहरूलाई स्थानीय तहमा पनि प्रयोग गर्न सकिने व्यवस्था गरिएको थियो। उक्त अन्तरिम संविधानको धारा ५ (३) मा लेखिएको छ'...स्थानीय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोग गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन। यसरी प्रयोग गरिएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा रूपान्तर गरी अभिलेख राख्नेछ। स्थानीय तहलाई मातृभाषाहरूको संरक्षण, संवर्धन र प्रयोग अधिकार प्रदान गरिएको पहिलो संविधान यही नै हो। वि.सं. २०७२ सालमा

संविधानसभाबाट जारी गरिएको नयाँ संविधानमा भने यो प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिने व्यवस्था हटेको पाइन्छ।

वि.सं. २०७२ मङ्सिर ३ गते जनताबाट निर्वाचित संविधानसभाले जारी गरेको संविधान हाल देशमा लागु छ। यो संविधानमा पहिलेका संविधानहरूमा रहेका भाषासम्बन्धी बुँदाहरूका अतिरिक्त धारा ७ (२) मा 'नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ' भन्ने व्यवस्था गरिएको छ। नेपालको भाषिक इतिहासमा भाषा प्रयोगको सन्दर्भमा प्रदान गरिएको यो नै अहिलेसम्मको सबैभन्दा महत्वपूर्ण उपलब्धि हो। यही संविधानले भाषा आयोग गठनको व्यवस्था पनि गरेको छ। भाषा आयोगकै सिफारिसका आधारमा बागमती प्रदेश र गण्डकी प्रदेशले सरकारी कामकाजी भाषासम्बन्धी ऐन पारित गरी लागु गरेको हो।

यही संविधानले विभिन्न मातृभाषाहरूको प्रयोग, संरक्षण र संवर्धनको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारहरूलाई अनुसूचीकृत गरिएको छ। त्यस्तै ८ औँ बुँदामा 'आधारभूत र माध्यमिक शिक्षा' सम्बन्धी बुँदा राखिएको छ। उक्त अनुसूचीको २२ औँ बुँदामा "भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास" सम्बन्धी उल्लेख छ। त्यसै गरी संविधानको अनुसूची ६ मा प्रदेशको अधिकारको सूची राखिएको छ। उक्त अनुसूचीको १८ नम्बर बुँदामा 'भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग' को व्यवस्था गरिएको छ। अन्तर्राष्ट्रियस्तरमा छिमेकी मुलुक भारतको संविधानले पनि स्थानीय भाषाहरूको संरक्षण र प्रयोग गर्ने अधिकार स्थानीय तहलाई नै दिएको छ। भारतीय संविधानको धारा ३५० 'ए' मा भनिएको छः

> Facilities for instruction in mother-tongue at primary stage. It shall be the endeavour of every State and of every local authority within the State to provide adequate facilities for instruction in the mother-tongue at the primary stage of education to children belonging to linguistic minority groups; and the President may issue such directions to any State as he considers necessary or proper for securing the provision of such facilities (350A).
>
> *'कुनै पनि ठाउँमा बसोबास गर्ने भाषिक अल्पमत समूहका बालबालिकाहरूलाई उनीहरूको मातृभाषामै शिक्षा प्रदान गर्नुका लागि प्रशस्त सुविधा व्यवस्था गर्नु हरेक राज्य र हरेक स्थानीय तहको कर्तव्य हुनेछ, यो सुविधा आवश्यक पर्ने कुनै समुदायलाई यस्तो सुविधा प्रदान गर्नका लागि राष्ट्रपतिबाट विशेष निर्देशन पनि जारी गर्न सकिन्छ।'*

भाषा आयोगबाट भाषासम्बन्धी भएका सिफारिसहरू

भाषा आयोगले संविधानले दिएको जिम्मेवारी पूरा गर्दै वि.सं. २०७८ भाद्र २१ गते सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस नेपाल सरकारलाई बुझाएको थियो। उक्त सिफारिसमा प्रदेशका सरकारी कामकाजको भाषाका अतिरिक्त स्थानीय तहको सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस पनि समावेश गरिएको छ। स्थानीय तहको सरकारी कामकाजमा स्थानीय भाषाहरूको प्रयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा भाषा आयोगले गरेको सिफारिस महत्वपूर्ण छ किनभने संविधानमा नेपालको सरकारी कामकाजको भाषा र

खण्ड एकः सरकारी कामकाजको भाषा

प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी व्यवस्था गरिएको छ तर स्थानीय तहमा सरकारी कामकाजको भाषाबारे कुनै व्यवस्था गरिएको छैन। त्यसैले भाषा आयोगले संविधानको धारा ७ (३) मा "भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ" भनी राखिएको व्यवस्थालाई आधार मानी स्थानीय तहका सम्बन्धमा आयोगले नै सिफारिस गरेको हो। भाषा आयोगले स्थानीय तहका सम्बन्धमा नेपाल सरकारलाई निम्नानुसार सिफारिस गरेको छः

१) बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषा हुनुपर्ने।
२) सरकारी कामकाजको भाषाको रूपमा नेपाल सरकारबाट मान्यता प्राप्त गर्न स्थानीय तहले सिफारिस गर्नुपर्ने। सिफारिस गरिएको भाषालाई मान्यता प्रदान गर्न नेपाल सरकारबाट अधिकार प्रत्यायोजन हुन सक्ने।
३) स्थानीय तहमा चरणबद्ध रूपमा सरकारी कामकाजको भाषाको विस्तार हुन सक्ने।
४) मौखिक परम्परामा आधारित भाषालाई सरकारी कामकाजको भाषाको मान्यता प्राप्त हुन सक्ने।
५) मातृभाषामा शिक्षालाई सरकारी कामकाजको भाषाको पूर्वआधारको रूप लिनुपर्ने।
६) सम्बन्धित वडाको सिफारिसमा नगरपालिका, गाउँपालिकाको व्यवस्थापिकाबाट सरकारी कामकाजको भाषाका रूपमा मातृभाषामा शिक्षा उपलब्ध गराउने व्यवस्था हुनुपर्ने।
७) नगरपालिका, गाउँपालिका र वडाकेन्द्रित भाषाको स्तरगत योजना निर्माण गरिनुपर्ने।
८) लोपोन्मुख भाषाको लागि समुदायस्तरमा विशेष व्यवस्था गरिनुपर्ने।

आयोगले आफ्नो सिफारिसमा सातवटै प्रदेशका विभिन्न जिल्लाअन्तर्गतका कतिवटा पालिकामा कुन कुन भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सकिन्छ भन्ने जनगणनामा आधारित तथ्याङ्क पनि पेस गरेको छ। नेपालका स्थानीय पालिकाहरूमा भाषाहरूको औपचारिक प्रयोगमा ल्याउँदा अधिकांश भाषाहरूलाई सरकारी कामकाजमा प्रयोग गर्न सकिन्छ भन्ने पनि आयोगको ठहर छ।

स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐनमा भाषासम्बन्धी व्यवस्था

कुसुन्डा भाषाका धेरै विशेषता राउटे भाषासँग पनि मिल्दछन्। भाषावैज्ञानिक राइनहार्डले राउटे जातिको खाम्ची भाषा र कुसुन्डा भाषाका शब्दहरूलाई नेपाली भाषाका शब्दसँग तुलनात्मक अध्ययन गरेका छन्। उनका विचारमा राउटेका शब्द भन्दा कुसुन्डाका शब्दहरू बढी मात्रामा नेपालीकृत भएका छन्। भाषा वैज्ञानिकहरूले वर्णहरूको उच्चारण व्यवस्था, उच्चारण स्थान, शब्दभित्र रहेका वर्णको वितरण आदिमा देखिएको समानतालाई आधार मानी कुसुन्डा भाषालाई भोटचिनियाँ भाषा परिवारका भाषाहरूसँग नजिक देखाउने प्रयास गरेका हुन्। अङ्ग्रेज विद्वान् हडसनले सन् १९७० मा एउटा खोजमूलक निबन्ध लेखी चेपाङ, कुसुन्डा र हायुहरू एउटै प्रजातिका रहेको उल्लेख गरेका छन्। उनको विचारलाई थप प्रकाश पार्ने आधार राइनहार्ड र जापानी अनुसन्धाता तोवाले गरेको भाषाहरूको तुलनात्मक अध्ययनले पनि दिन्छ। राइनहार्डले सङ्कलन गरेका कुसुन्डा भाषाका शब्दहरूलाई उनका सहयात्री तोवाले भाषावैज्ञानिक किसिमले विश्लेषण गरी भोटचिनियाँ परिवारकै हुनसक्ने देखाएका छन्।

भुटानतिरका ल्होपा जाति, नेपालका पहाडी भेगका चेपाङ, कुसुन्डा र हायुहरूको शारीरिक बनावट, भाषिक समानता, जीवनशैली आदिलाई तुलनात्मक ढङ्गले हेर्दा यी एउटै मूल जातिबाट विकसित हुनसक्ने देखिएको छ। प्राप्त तथ्यहरूका आधारमा कुसुन्डा भाषा भोटचिनियाँ परिवारको हो भन्न सकिने प्रशस्त आधारहरू रहेका छन्।

अनेक जाति, भाषा, धर्म, र संस्कृतिको एकता नेपालको मौलिकता हो। कुसुन्डा भाषाका आफ्नै मातृभाषी वक्ता खासै नहुनु र नेपाली लगायत अन्य भाषाको प्रभाव अत्यधिक हुनुले यो भाषा लोप हुने स्थितिमा पुगेको छ। नेपाल कुसुन्डा विकास समाजका अध्यक्ष धनबहादुर कुसुन्डाका अनुसार नेपालमा कुसुन्डाको जनसङ्ख्या १५० हाराहारीको मात्रै छ। नेपालको वि.सं. २०५८ को जनगणनाले यो सङ्ख्या १६४ देखाएको छ भने २०६८ को जनगणनामा ९८ पुरुष र ११५ महिला गरी २१३ कुसुन्डाको देखाइएको छ। धनबहादुर कुसुन्डा जनगणनामा देखाइएको जस्तै झापा, मोरङ, सुनसरी र सिराहा जिल्लामा कुसुन्डा नै नरहेको बताउँछन्। उनी सरकारी तथ्याङ्कमा त्रुटि रहेको मान्दछन्। कुसुन्डाको सबैभन्दा ठुलो जनसङ्ख्या दाङमा (९८ जना) रहेको देखिन्छ। कामको सिलसिलामा केही कुसुन्डाहरू भारतका भोपाल र दार्जिलिङमा पनि रहेको दाङका स्थानीयहरूले बताएका छन्। कुसुन्डाको सङ्ख्या १५० भन्दा जति भए पनि यो भाषा बोल्ने र बुझ्ने मानिस दुई चार जना मात्रै

रहेका देखिन्छन्। भाषिक प्रयोक्ताका दृष्टिले कुसुन्डाको क्षेत्र ज्यादै सीमित रहेको देखिन्छ। कुसुन्डा भाषाका जानकार/प्रयोक्ता मानिने तनहुँका राजामामाको निधन भइसकेको छ। अहिले रोल्पाकी कमला सेन कुसुन्डा र दाङ घोराहीकी ज्ञानीमैयाँ सेन कुसुन्डा यी दुई मात्र कुसुन्डा भाषाका पूर्ण वक्ता हुन् (भाषा आयोग, २०७५: पृ. २८)। यसरी हेर्दा कुसुन्डा भाषा मृत्युको मुखमा रहेको छ। नेपालमा कुनै जाति भाषा वा संस्कृति लोप हुनु भनेको एउटा ङ्ग लोप हुनु हो (भाषा आयोग, २०७५)। कुसुन्डा संस्कृतिको संरक्षणमा गरिएका प्रयास पर्याप्त छन् कि छैनन् ? अहिलेको महत्त्वपूर्ण प्रश्न बनेको छ।

८. कुसुन्डा भाषाका वर्ण

वर्ण भाषाको एउटा महत्त्वपूर्ण एकाइ हो। वर्णको अध्ययन निश्चित भाषावैज्ञानिक सिद्धान्तका आधारमा गरिन्छ। भाषामा रहेका वर्णहरूको निर्धारणका लागि निश्चित गरिएका सैद्धान्तिक आधारहरूको समष्टि रूप नै वर्ण विश्लेषण सिद्धान्त हो (गौतम र अन्य, २०६७: ५८)। संरचनावादी भाषा वैज्ञानिकहरूले वर्णको अध्ययनमा व्यतिरेकी वितरण, परिपूरक वितरण, मुक्त परिवर्तन, तटस्थीकरण, ध्वन्यात्मक समरूपता, तार्किक ढाँचाको सिद्धान्त र मितव्ययिताको सिद्धान्त उपयोग गरेका छन्। संसारका सबै भाषाका वर्ण निर्धारणमा यी सिद्धान्त उपयोगी छन्। यी मध्ये प्रमुख सैद्धान्तिक आधार व्यतिरेक हो। कुनै वर्ण भिन्न हुनका निम्ति ती व्यतिरेकी हुनुपर्छ र व्यतिरेक देखाउनका निम्ति लघुतम युग्महरूलाई प्रस्तुत गर्न सकिन्छ। (बन्धु, २०५७: ६७)। व्यतिरेकी वितरणको सिद्धान्तका आधारमा नेपाली र कुसुन्डा भाषाका वर्णहरूलाई पनि निर्धारण गर्न सकिन्छ।

८.१ स्वर वर्ण

उच्चारण हुँदा श्वास प्रवाहमा कतै अवरोध नभई उच्चारण हुने वर्ण स्वर हुन्। व्यतिरेकी सिद्धान्तअनुसार लघुतम युग्ममा आई अर्थमा भिन्नता ल्याउन सक्ने नेपाली भाषाका स्वरहरू */अ/,/आ/, /इ/, /उ/, /ए/, /ओ/* हुन्। नेपालीमा जस्तै कुसुन्डा भाषामा पनि */अ/, /आ/, /इ/, /उ/, /ए/, /ओ/* व्यतिरेकी स्वर वर्णका रूपमा रहेका छन् (रिजाल, २०१९, पृ. ५०)। यी वर्णहरू लघुतम युग्ममा समान परिवेशमा आई अर्थमा भिन्नता ल्याउन सक्छन्। त्यसैले यी फरकफरक वर्ण मानिन्छन्। व्यतिरेकी सिद्धान्तका आधारमा नेपाली स्वर वर्णलाई निम्नानुसार देखाउन सकिन्छः

लघुतम युग्म	वर्ण	परिवेश
/कल/ : /काल/	*/अ/, /आ/*	शब्दामध्य परिवेश
/किलो/ : /कुलो/	*/इ/, /उ/*	शब्दमध्य परिवेश
/साने/ : /सानो/	*/ए/, /ओ/*	शब्दान्त परिवेश

यसरी लघुतम युग्ममा अर्थभेदक भई आउने */आ/, /आ/, /इ/, /उ/, /ए* तथा */ओ/* नेपालीका स्वर वर्ण हुन्।

८.१.१ कुसुन्डा भाषाका स्वर वर्ण

कुसुन्डा भाषामा छ वटा कथ्य स्वर वर्णहरू रहेको देखाइएको छ। उच्चारणका आधारमा कुसुन्डा भाषामा *अ, आ, इ, उ, ए, ओ* गरी छ वटा स्वर वर्णहरू (भाषा आयोग, २०७५, पृ. ६) रहेका छन्। यी वर्णहरूले समान परिवेशमा आई अर्थमा भिन्नता ल्याउन सक्षम देखिन्छन्।

लघुतम युग्म	वर्ण	परिवेश	अर्थ
/लब/	/*अ*/	शब्द मध्य परिवेश	गाड्नु
/लाब/	/*आ*/	शब्द मध्य परिवेश	रोप्नु
/इङ्/	/*इ*/	शब्दादि परिवेश	घाम
/उङ्/	/*उ*/	शब्दादि परिवेश	बाटो
/एगन/	/*ए*/	शब्दादि परिवेश	दियो
/ओगन/	/*ओ*/	शब्दादि परिवेश	गऱ्यो

यस तथ्यलाई हेर्दा कुसुन्डा भाषाका /*अ*/,/*आ*/,/*इ*/,/*उ*/,/*ए*/,/*ओ*/ स्वर ध्वनिले समान परिवेशमा आई अर्थमा भिन्नता ल्याउन सकेका छन्।

८.२ व्यञ्जन वर्ण

श्वास प्रवाहमा बाधा भई उच्चारण हुने ध्वनि व्यञ्जन हो (यादव र रेग्मी, २०५९, पृ. ८६)। व्यतिरेकी सिद्धान्तअनुसार समान परिवेशमा आई अर्थमा भिन्नता ल्याउने नेपाली व्यञ्जन वर्णहरू २९ वटा रहेका छन्। नेपाली व्यञ्जनमा *क, ख, ग, घ, ङ, च, छ, ज, झ, ट, ठ, ड, ढ, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स* तथा *ह* पर्दछन्। लघुतम युग्ममा आई यी वर्णले अर्थमा भिन्नता ल्याउन सक्छन्। यी सहित *ञ, ण, श, ष क्ष त्र* अनि *ज्ञ* गरी नेपाली लेख्य परम्परामा ३६ वटा व्यञ्जन वर्ण प्रचलित छन्।

८.२.१ कुसुन्डा भाषाका व्यञ्जन वर्ण

देवनागरी लिपिका सहायताबाट कुसुन्डा भाषाका वर्ण निर्धारण गर्ने प्रयास गरिएको छ। भाषा आयोग नेपालले प्रस्तुत गरेका कुसुन्डा भाषाका व्यञ्जन वर्णहरूलाई व्यतिरेकका आधारमा यसरी देखाउन सकिन्छः

लघुतम युग्म	वर्ण	अर्थमा भिन्नता
काइजि : खाइजि	/*क*/,/*ख*/	(सुकेको : डराएको)
ग्याङ् : घ्याङ्	/*ग*/,/*घ*/	(बिगार्नु : योनी)
चोक्डु : जोक्डु	/*च*/,/*ज*/	(राख्नेछु : भिज्नेछु)
छाँआडि : जाँआडि	/*छ*/,/*ज*/	(बाँधैं : बालैं)
झम्जि : टम्जि	/*झ*/,/*ट*/	(रोयो : खायो)
टम्जि : ठम्जि	/*ट*/,/*ठ*/	(खायो : घोच्यो)
डाबः ढाब	/*ड*/,/*ढ*/	(भेट्नु : ढाक्नु)
पुइ : फुइ	/*प*/,/*फ*/	(गोहोरो : उफ्रनु)
गेबुसा : गेभुसा	/*ब*/,/*भ*/	(दही : दूध)
नब : मब	/*न*/,/*म*/	(विवाह : सुन्नु)
याङ् : वाङ	/*य*/,/*व*/	(दिसा : जुनकिरी)
ओराङ्वा : ओरान्वा	/*ङ*/,/*न*/	(मार्ने छैनौ, द्वितीय पुरुष : गर्ने छैन, प्रथम पुरुष)
गलि : गहि	/*ल*/,/*ह*/	(वालुवा : घाउ)
ओरा : ओला	/*र*/,/*ल*/	(मार्नु : कुल्चिनु)

सुला : हुला /*सा*/, /*हा*/ (भाँच्नु : पकाउनु)

(स्रोतः भाषा आयोगको प्रतिवेदन)

यसरी व्यतिरेकी सिद्धान्तका आधारमा कुसुन्डा भाषामा जम्माजम्मी २५ वटा व्यञ्जन वर्ण रहेका छन्। नेपाली भाषामा पाइने त, थ, द र ध वर्ण कुसुन्डा भाषामा व्यतिरेकी पाइँदैनन् (रिजाल, सन् २०१९: पृ.५१)। कुसुन्डा भाषामा नेपालीमा भन्दा चारवटा व्यञ्जन वर्ण कम रहेका छन्। यति राम्रो भाषिक व्यवस्था भएर पनि कुसुन्डा भाषा अहिले चलनचल्तीबाट हराउनु दुःखको विषय हो।

९. निष्कर्ष

कुसुन्डा नेपालको लोपोन्मुख जाति हो। यसको संस्कार तथा भाषागत अस्तित्व सङ्कटमा रहेको छ। पहिले कुसुन्डाहरू प्युठानका अर्घाखाँची, दाङ र पाल्पातिरका जङ्गलमा अस्थायी बुकुरा बनाई बस्ने र ठाउँठाउँ बसाइँ सरी हिँड्ने गर्दथे। कुसुन्डाहरू कुनै नयाँ ठाउँमा सर्नुपर्दा जोखना हेरी सर्दथे। यिनीहरू धामी झाँक्री, तन्त्रमन्त्र आदिमा विश्वास गर्ने जाति हुन्। देवीदेवताको पूजाआजा गर्ने कुसुन्डाहरू दसैँमा दुर्गाको पूजा गर्दछन्। यिनीहरूका धेरै संस्कार हिन्दू धर्ममा आधारित छन्। विभिन्न समयका जनगणना र भाषाका अध्येताहरूले नेपालका प्रमुख चार भाषापरिवार भन्दा भिन्न परिवार भनी उल्लेख गरेको कुसुन्डालाई पछिल्ला केही अध्ययनले यसलाई भोटचिनियाँ भाषा परिवारसँग मिल्ने भाषाका रूपमा चिनाएका छन्। दैनिक प्रयोगमा नरहेको यो भाषा वक्ताको अभावमा लोप हुने अवस्थामा छ। यसका साथै अहिले कुसुन्डा समाज संस्कृतिविहीन बन्ने खतरा बढेको छ। अन्य जातजातिको सम्पर्कमा आएर कुसुन्डाहरूका पुराना मौलिक संस्कृति पनि विनाश हुँदै गएका छन्। उनीहरूका जन्म, विवाह, मृत्यु आदि संस्कार विस्तारै फेरिँदै छन्। उनीहरूका पेसा र जीवनशैली पनि परिवर्तन भएका छन्। सांस्कृतिक मूल्यका हिसाबले यस्तो परिवर्तन कुसुन्डा जातिका लागि घातक बनेको छ। तथ्याङ्कका रूपमा कुसुन्डाको सङ्ख्या १५० भन्दा बढी भए पनि यो भाषा बोल्ने भाषिक प्रयोक्ता मानिने तनहुँका राजामामाको निधन भइसकेको छ। अहिले रोल्पाकी कमला सेन कुसुन्डा र दाङ घोराहीकी ज्ञानीमैया सेन कुसुन्डा यी दुई मात्र कुसुन्डा भाषाका पूर्ण वक्ता हुन्।

हालसम्मका केही अध्ययनले कुसुन्डा भाषाको इतिहास लेखन, केही शब्दकोश निर्माण र वर्ण निर्धारणको काम हुन सकेको देखिन्छ। व्यतिरेकी वितरणको सिद्धान्तका आधारमा नेपाली भाषामा ६ वटा स्वर र २९ वटा व्यञ्जन वर्ण रहेझैं कुसुन्डा भाषामा ६ वटा स्वर र २५ वटा व्यञ्जन वर्ण निर्धारण भएको छ। यो भाषामा आफ्ना थुप्रै मौलिक शब्दभण्डार र नाताबोधक शब्द रहे पनि प्रयोक्ताको अभावमा लोप हुने स्थिति आएको हुँदा संरक्षणका लागि ठोस सरकारी योजनाको आवश्यकता छ।

सन्दर्भ सूची

अधिकारी, नारायणप्रसाद. (२०२०). कुसुन्डा भाषा संस्कृति लोपोन्मुख हुनाका कारणहरू. *एएमसी जर्नल*, १(१), ८८–९६।

आले, उदयराज. (२०७४). *कुसुन्डा जाति र शब्दकोश*. लेखक स्वयम्।

गौतम, देवीप्रसाद र चौलागाईं, प्रेमप्रसाद. (२०४७). *सामान्य भाषाविज्ञान.* पिनाकल पब्लिकेशन प्रा.लि.।

नेपाल कुसुन्डा विकास समाज. (२०७३). *कुसुन्डा शब्दकोश.* नेपाल कुसुन्डा विकास समाज केन्द्रीय कार्यालय।

पोखरेल, माधवप्रसाद. (२०७९). कुसुन्डा भाषाका अन्तिम वक्ताको खोजी. *रचना,* ५(११८), १२५–१२७।

बन्धु, चूडामणि. (२०७९). वनराजा र तिनका भाषाबारे. *मिर्मिरे,* ३०८, ४-८।

भाषा आयोग. (२०७५). *कुसुन्डा भाषाको इतिहास.* भाषा आयोग।

रिजाल, पुष्करनाथ. (२०१९). कुसुन्डा र नेपाली भाषाका वर्णको तुलनात्मक अध्ययन. *प्रवासन (बेलायत),* ३(१), ४६–५६।

ISSN: 3102-0941 (Print)

भाषा आयोगको सहकर्मी-समीक्षित जर्नल

भाषालोक

वर्ष ५, अङ्क १:४४-५४, चैत २०८२

मातृभाषामा आधारित बहुभाषिक शिक्षाको अधिकार र उपलब्धि

नवराज सापकोटा

सहसचिव, राष्ट्रिय मानव अधिकार आयोग

nrsapkota@gmail.com

(प्राप्त मितिः २०८२/०८/११; स्वीकृत मितिः २०८२/१२/०१)

लेखसार

मातृभाषा शिक्षा बालबालिकाहरूलाई सिकाईमा मद्दत गर्नको लागि उनीहरूको सबैभन्दा परिचित भाषाको प्रयोग गरेर दिइने शिक्षा हो। विश्वभरि प्रयोगमा ७,००० भन्दा बढी भाषाहरू रहेका छन्। नेपालमा पनि १२४ भन्दा बढि भाषाहरू रहेका र जसमा धेरै भाषाहरू आदिवासी जनजातीले बोल्ने भाषाहरू रहेका छन्। आदिवासी जनजातिहरूको भाषासम्बन्धी अधिकारलाई अन्तर्राष्ट्रिय श्रम सङ्गठनको आदिवासी तथा जनजातिको अधिकारसम्बन्धी महासन्धि (नं. १६९) ले सुनिश्चित गरेको छ। यद्यपि मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई अनिवार्य बनाउने एउटै त्यस्तो बृहत महासन्धि छैन। विद्यालय तहमा बालबालिकालाई आफ्नो मातृभाषा बोलेको अवस्थामा पक्रने, कुटपिट गर्ने, कक्षा बाहिर राख्ने गरिएको, वा मुख धुन र लाइनमा अरूले गरेको नक्कल गर्न बाध्य पार्ने अभ्यासहरू धेरै देशमा प्रचलनमा नै रहेका छन्। जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा विद्यालय वातावरणमा मातृभाषाको प्रयोगलाई निषेध गर्न नमिल्ने कुरा उल्लेख भएको छ। नेपाललाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समितिले सन् २०१४ मा प्राथमिक शिक्षालाई अनिवार्य बनाउने कानून तर्जुमा र विशेषगरी भाषिक रूपमा विविधतायुक्त जनसङ्ख्या भएका विद्यालयहरूको लागि सुसङ्गत भाषाको नीतिमार्फत् मातृभाषामा आधारित बहुभाषिक शिक्षा प्रदान गर्न सिफारिस गरेको छ। नेपालको संविधानले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरेको छ। यसका आधारमा केही मातृभाषामा शिक्षा प्रदान गरिएको भएता पनि सबै मातृभाषामा शिक्षा प्रदान गर्न भने सकिएको छैन।

शब्द कुञ्जीः *बहुभाषिक शिक्षा, मातृभाषा शिक्षाको अधिकार उलङ्घन, शिक्षामा विभेद, लैङ्गिक दृष्टिकोण।*

मातृभाषा शिक्षाको परिचय

मातृभाषा शिक्षा भन्नाले बालबालिकाहरूलाई सिकाईमा मद्दत गर्नको लागि उनीहरूको सबैभन्दा परिचित भाषाको प्रयोग गरेर दिइने कुनै पनि प्रकारको विद्यालय शिक्षालाई जनाउँदछ। यो सामान्यतयाः बालबालिकाहरूले घरमा आफ्नो परिवारसँग बोल्ने भाषा हो।

खण्ड तीनः मातृभाषामा शिक्षा

'मातृभाषा' हुनका लागि आमाले बोलेको भाषा नै हुनु आवश्यक छैन। बालबालिकाहरू घरमा एक वा दुईभन्दा बढी पनि भाषाहरू बोल्न सक्दछन् तथा प्रायः बोल्दछन् पनि। उदाहरणका लागि तिनीहरूले आफ्नी आमासँग एउटा भाषा, बुबासँग अर्को भाषा र हजुरबुबा, हजुरआमासँग तेस्रो भाषाको प्रयोग गरी बोल्न सक्दछन्। घरमा प्रयोग हुने अन्य यस्ता शब्दहरू घरेलु भाषा, पहिलो भाषा वा सम्पदा अन्तर्गतका भाषा हुन सक्दछन्।

विश्वभरि प्रयोगमा रहेका ७,००० भन्दा बढी भाषाहरू छन् जसमध्ये धेरै भाषाहरू आदिवासी जनजातीहरूले बोल्ने भाषा हुन् (UNESCO, 2023)। तर बढ्दो विश्वव्यापीकरण, सहरीकरण, बसाइँसराइ, जलवायु परिवर्तन र अन्य धेरै कारणहरूले गर्दा धेरै भाषाहरू प्रयोगबाट नै हट्दै गइरहेका छन् वा मृत प्रायः भएका छन्। यसले गर्दा भाषिक समुदायहरूको कल्याणमा प्रतिकूल प्रभाव पारिरहेको छ। यस्तो प्रवृत्तिलाई सम्बोधन गर्न विश्वव्यापी प्रयासहरू पनि भएका छन्। सन् २०१९ मा आदिवासी जनजातिका भाषाहरूको अन्तर्राष्ट्रिय वर्षको रूपमा अपनाउनुका साथै संयुक्त राष्ट्रसङ्घले सन् २०२२ देखि २०३२ सम्मलाई आदिवासी भाषाहरूको अन्तर्राष्ट्रिय दशकको रूपमा घोषणा गरेको छ। यसका लागि युनेस्कोले प्रमुख संयुक्त राष्ट्रसङ्घीय निकायको रूपमा काम पनि गरिरहेको छ।

आदिवासीहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र अन्तर्राष्ट्रिय कानुनी दस्तावेज हो। यसले आदिवासी जनजातिहरूका न्यूनतम मापदण्ड, अधिकारहरू र भाषिक अधिकारलाई पनि उल्लेख गरेको छ। विशेषगरी, धारा १३, १४ र १६ ले आदिवासी जनजातिहरूलाई आफ्नो भाषा र लेखन प्रणालीलाई पुनर्जीवित, प्रयोग, विकास र भावी पुस्ताहरूमा हस्तान्तरण गर्ने अधिकारलाई सुनिश्चितता गरेको छ। साथै आदिवासी जनजातिहरूलाई आफ्नो शैक्षिक प्रणाली र संस्थाहरू स्थापना तथा नियन्त्रण गर्ने र आफ्नो सांस्कृतिक शिक्षण र सिकाइ विधिहरू अनुरूप आफ्नै भाषामा शिक्षा प्रदान गर्ने अधिकार पनि रहेको छ (devkumarsunuwar.com.np, 2022)। यसमा आफ्नै भाषामा आफ्नो सञ्चार माध्यम स्थापना गर्न सक्ने अधिकारलगायत पनि समावेश रहेको छ। यो घोषणापत्र बाध्यकारी दस्तावेज नभएको भए तापनि राष्ट्रहरूलाई यी अधिकारहरू सुनिश्चित गर्न मार्गदर्शन भने प्रदान गरेको छ।

आदिवासी जनजातिहरूको भाषासम्बन्धी अधिकारलाई अन्तर्राष्ट्रिय श्रम सङ्गठनको आदिवासी तथा जनजातिको अधिकारसम्बन्धी महासन्धि (नं. १६९) ले पनि सुनिश्चित गरेको छ। यसका अतिरिक्त अन्य सान्दर्भिक तथा बाध्यकारी अन्तर्राष्ट्रिय दस्तावेजहरूमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र बालअधिकारसम्बन्धी महासन्धिलगायत रहेका छन्। यी दुवै महासन्धिको नेपाल पक्ष राष्ट्र पनि हो।

मातृभाषामा शिक्षा समावेशीकरण र गुणस्तरीय सिकाइको मुख्य कारक पनि हो। यसले सिकाइको परिणाम तथा शैक्षिक गुणस्तरलाई सुधार गर्दछ। यो विशेषगरी प्राथमिक विद्यालयमा दिइने शिक्षामा हुने ज्ञानको अन्तरलाई रोक्न र सिकाइ तथा बुझाइको गति बढाउन महत्त्वपूर्ण हुन्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा मातृभाषामा आधारित बहुभाषिक शिक्षाले सबै विद्यार्थीहरूलाई समाजमा पूर्ण रूपमा भाग लिन सशक्त बनाउने कार्य गर्दछ। यसले

एकअर्काको लागि आपसी बुझाइ तथा सम्मानलाई बढावा दिन्छ। त्यसै गरी मातृभाषामा आधारित शिक्षाले विश्वभरिका प्रत्येक भाषामा निहित सांस्कृतिक तथा परम्परागत सम्पदाको संरक्षण गर्न पनि मद्दत गर्दछ।

तथापि सबै विद्यार्थीहरूलाई उनीहरूको मातृभाषामा शिक्षाको अधिकार सुनिश्चित गर्न अझै पनि लामो र निरन्तर प्रयास हुनु जरूरी देखिन्छ। धेरैजसो देशहरूमा अहिले पनि अधिकांश विद्यार्थीहरूलाई उनीहरूको मातृभाषा बाहेकका अन्य भाषामा नै पढाइन्छ। यसले गर्दा उनीहरूको प्रभावकारी रूपमा सिक्ने क्षमतामा सम्झौता गर्नुपर्ने अवस्था रहेको छ। संसारभरमा बोलिने लगभग ७ हजार जति भाषा भएपनि विश्वभरका जनसङ्ख्याको करिब ४०% ले आफूले बोल्ने वा बुझ्ने भाषामा शिक्षाको पहुँच नरहेको आँकलन गरिएको छ (UNESCO, 2023)। भाषिक विविधता पनि त्यतिकै रूपमा बढ्दो खतरामा रहेको छ किनभने दिनानुदिन थप भाषाहरू पनि उच्च दरमा लोप भइरहेका छन्। जब कुनै एउटा भाषा हराउँदछ, यो सँगै त्यससँग सम्बन्धित सम्पूर्ण सांस्कृतिक र बौद्धिक सम्पदाहारू पनि लोप भएर जाने हुन्छ। नेपालको सन्दर्भमा हाल मातृभाषाको रूपमा कुसुन्डा भाषा बोल्ने बक्ताको सङ्ख्या छैन। यसले गर्दा कुसुण्डाको बौद्धिक र सास्कृतिक सम्पदाहरू हराउने अवस्थाको सिर्जना भएको देखिन्छ।

बहुभाषिक वातावरणमा शिक्षण तथा सिकाइका मार्गदर्शक सिद्धान्तहरू

मातृभाषा शिक्षाले व्यक्तिको बुझ्ने क्षमतालाई सुधार र आत्मविश्वास निर्माण गर्दै, तथा अन्य भाषाहरू सिक्नको लागि बलियो आधार स्थापित गर्न संज्ञानात्मक, सामाजिक र शैक्षिक लाभहरू प्रदान गर्दछ। यसले समालोचनात्मक सोच तथा साक्षरताका सीपलाई बढाउँने कार्य पनि गर्दछ। मातृभाषा शिक्षाले सांस्कृतिक पहिचानको बलियो भावनालाई विकास गर्ने र उन्नत किसिमको शैक्षिक प्रगति र विद्यालयमा उच्च किसिमको सहभागिता ल्याउँछ। यसरी हेर्दा बालबालिकालाई सहज तथा परिचित वातावरणमा सिक्नका लागि अनुमति दिन्छ, जसले गर्दा राम्रो बुझाइ र सिकाइप्रतिको चिन्तालाई कम गराउने कार्य गर्दछ (Savage, 2019)। त्यसैले मातृभाषामा आधारित बहुभाषिक शिक्षा उल्लिखित मार्गदर्शक सिद्धान्तहरूमा आधारित हुन्छ।

१) सिकाइ पहिलो/मातृभाषामा रहेको विद्यमान ज्ञानमा आधारित हुन्छ।
२) पहिलो भाषाको बलियो विकासले थप भाषाहरू सिक्न तथा शैक्षिक उपलब्धि हासिल गर्न सहज बनाउँदछ।
३) बहुभाषाको प्रयोगले संज्ञानात्मक लचिलोपन तथा उच्चस्तरीय सोचलाई बढाउँदछ।
४) खोजमा आधारित सिकाइ निर्देशित अभ्यास तथा नयाँ अवधारणाको प्रयोगमार्फत हुन्छ।
५) साथीहरूसँगको अन्तरक्रिया, सहपाठी शिक्षण सिकाइका व्यावहारिक गतिविधिहरू र छलफलमार्फत् हुने सक्रिय सिकाइले आत्मविश्वास निर्माण गर्न मद्दत गर्दछ।
६) भाषा सिकाइमा अर्थ र शुद्धता दुवैमा ध्यान केन्द्रित गर्नु आवश्यक हुन्छ।
७) भाषाहरूबीच ज्ञान स्थानान्तरण सामान्य प्रक्रिया हो तर आधारभूत सञ्चार सीपका लागि दुई वर्ष जति समय लाग्न सक्दछ।
८) विद्यार्थीहरूले स्वागतयोग्य वातावरणमा सिक्ने हुनाले शिक्षण सिकाइ प्रक्रियाले उनीहरूको घरेलु भाषालाई सम्मान गर्दछ।

खण्ड तीनः मातृभाषामा शिक्षा

मातृभाषामा आधारित बहुभाषिक शिक्षाका फाइदा

बलियो जग सहितको मातृभाषामा आधारित शिक्षाले बालबालिकालाई अन्य भाषाहरू सिक्न आवश्यक पर्ने सीपहरू प्रदान गर्दछ। यसले उनीहरूलाई भाषाको संरचनाको आफ्नो बुझाइलाई धेरै नयाँ भाषाहरूमा स्थानान्तरण गर्न सजिलो बनाउने काम पनि गर्दछ। बालबालिकाहरूले आफ्नो पहिलो भाषा सिक्दा विकास हुने व्याकरणको सहज बुझाइ सजिलैसँग अन्य भाषाहरूमा स्थानान्तरण गर्न सक्दछन् (Savage, 2019)। यसरी मातृभाषामा आधारित बहुभाषिक शिक्षाका फाइदाहरूलाई तल उल्लेख गरिए अनुसार व्याख्या गर्न सकिन्छ।

- विद्यार्थीहरूले बुझ्न सक्ने भाषामा राम्ररी र सिकाइमा हुने ढिलाइलाई रोक्दै छिटो रूपमा सिक्दछन्।
- उनीहरू विद्यालयमा बढी रमाउने तथा विद्यालयलाई पनि घरजस्तै महसुस गर्ने गर्दछन्।
- उनीहरूले आफ्नो आत्मसम्मान बढेको ठान्दै आफ्नो सिकाइ प्रक्रियामा बढी उत्प्रेरित भएर संलग्न हुन्छन्।
- अभिभावकहरूको पनि शिक्षामा सहभागिता बढ्दछ तथा अभिभावकहरूले बालबालिकालाई गृहकार्य गर्नमा मद्धत गर्न र विद्यालयमा हुने विविध गतिविधिहरूमा भाग लिन सक्दछन्।
- जब बालबालिकाहरूले आफ्नो बहुभाषिकताबाट फाइदा लिन्छन्, उनीहरूले उच्च सामाजिक, आर्थिक स्थिति, उच्च आम्दानी पनि गर्न सक्दछन्।
- औसतमा विद्यालयहरूले शिक्षण सिकाइमा राम्रो प्रदर्शन गर्नाले कक्षा दोहोरिने दर कम हुने र विद्यालय छाड्ने दर पनि कम हुने हुन्छ।

मातृभाषामा आधारित शिक्षाको लैङ्गिक दृष्टिकोण

मातृभाषामा आधारित शिक्षाको लैङ्गिक दृष्टिकोणले बालिकाहरूको सिकाइ उपलब्धिमा सुधार ल्याउने, उनीहरूको शिक्षामा सहभागिता बढाउने तथा थप समावेशी वातावरणमा शैक्षणिक क्रियाकलाप हुने हुनाले शिक्षामा लैङ्गिक समानता प्रवर्द्धन गर्न मद्दत गर्दछ (International Journal of Language Education, 2025)। विद्यार्थीको मातृभाषाको प्रयोग हुने हुनाले यो दृष्टिकोणले राष्ट्रिय वा औपनिवेशिक भाषामा पहुँच हुन नसक्ने बालबालिकाका लागि विद्यमान अवरोधहरू घटाउँदछ र पूर्ण सहभागितालाई सम्भव बनाउँदछ। यसका साथै बालबालिका दुवैलाई आफ्नो संस्कृतिभित्र लैङ्गिक भूमिकाको पुनर्परिभाषा गर्न पनि सहयोग पुऱ्याउँदछ।

बालिका र लैङ्गिक समानताका लागि लाभ

- **शैक्षिक उपलब्धिमा सुधारः** मातृभाषामा आधारित शिक्षण बालिकाहरूका लागि विशेष रूपमा लाभदायक हुन्छ। यसले सहभागितामा वृद्धि तथा उत्कृष्ट शैक्षिक उपलब्धिमा योगदान पुऱ्याउँछ।
- **लैङ्गिक अन्तरमा न्यूनीकरणः** विश्वव्यापी रूपमा निरक्षरताबाट बालिकाहरू असमानुपातिक रूपमा प्रभावित भएकाले लैङ्गिक संवेदनशील दृष्टिकोण अत्यन्त महत्त्वपूर्ण छ। विद्यालयमा उनीहरूको घरेलु भाषाको प्रयोगले बालिकाहरूको भर्ना दर सुधार गर्न सक्दछ, किनकी उनीहरू प्रायः बालकको तुलनामा कम भर्ना हुने गर्दछन् (Mother Tongue-Based Multilingual Education, The Key to Unlocking SDG 4 - Quality Education for All , 2016)।

- **सुरक्षा र सहयोगमा वृद्धिः** मातृभाषामा आधारित शिक्षाले पुरूष शिक्षकद्वारा कक्षाकोठामा र विद्यालय वातावरण बाहिर हुने हिंसा र शोषणमा कमी ल्याउन सक्दछ किनकि समान भाषिक समुदायका शिक्षकहरूले सुरक्षित तथा सांस्कृतिक रूपमा संवेदनशील वातावरण सिर्जना गर्न सक्दछन्।

सहयोगी र समावेशी वातावरणको प्रवर्धन

- **आत्मीयताको भावना विकासः** विद्यार्थीहरूको भाषिक र सांस्कृतिक पृष्ठभूमिलाई मान्यता दिँदै मातृभाषामा आधारित शिक्षाले सबै लिङ्ग (पुरूष, महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका लागि थप समावेशी र न्यायोचित सिकाइ वातावणको सृजना गर्दछ।
- **बालिका तथा किशोरीहरूको सशक्तिकरणः** मातृभाषाको शिक्षाले बालिकालाई सिकाइमा पूर्ण रूपमा संलग्न हुन र आफ्नो पहिचान तथा भाषामा आत्मसम्मान र गौरव विकास गर्नका लागि अवसर प्रदान गर्दछ।
- **भूमिका तथा मान्यतालाई पुनर्परिभाषाः** विद्यालयहरूमा स्थानीय भाषाको प्रयोगले बालबालिका दुवैलाई आफ्नै सांस्कृतिक सन्दर्भमा रहेर परम्परागत लैङ्गिक भूमिका तथा मान्यताको समालोचनात्मक परीक्षण गर्दै पुनर्परिभाषित गर्न सहयोग पुऱ्याउन सक्दछ (Mother Tongue-Based Multilingual Education, The Key to Unlocking SDG 4 - Quality Education for All , 2016)।

यसरी मातृभाषामा आधारित शिक्षाले किशोरीहरूको सहभागिता वृद्धि गर्दै लैङ्गिक समानताको प्रवर्धनमा पनि महत्वपूर्ण भूमिका खेल्दछ।

मातृभाषामा आधारित शिक्षासम्बन्धी अन्तराष्ट्रिय प्रावधान

मातृभाषामा आधारित बहुभाषिक शिक्षाको सम्बन्धमा स्पष्ट रूपमा व्यवस्था गर्ने अन्तर्राष्ट्रिय प्रावधानअन्तर्गत् मुख्यतयाः मानव अधिकारसम्बन्धी दस्तावेजहरूमा उल्लेख भएका छन्। यस्ता दस्तावेजले अल्पसङ्ख्यक नागरिक तथा आदिवासी जनजातिहरूको शिक्षा तथा उनीहरूको संस्कृतिको संरक्षण गर्ने अधिकारलाई सुरक्षित गरेका छन्। यद्यपि मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई अनिवार्य बनाउने एउटै त्यस्तो बृहत् महासन्धि त छैन। तथापी मानव अधिकारका मुख्य दस्तावेजहरूमा नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, बाल अधिकारसम्बन्धी महासन्धि र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र लगायत रहेका छन्। यी महासन्धिले सामूहिक रूपमा आफ्नै भाषामा शिक्षा पाउने अधिकारलाई समर्थन गरेका छन्।

दस्तावेजमा रहेका मुख्य प्रावधानहरू

आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घिय घोषणापत्र, २००७

यो घोषणापत्रले आदिवासी जनजातिहरूलाई आफ्नो शैक्षिक प्रणाली र संस्थाहरू स्थापना र नियन्त्रण गर्ने अधिकार छ। यसले उनीहरूको आफ्नै भाषामा, उनीहरूको सांस्कृतिक शिक्षण र सिकाइ विधिहरूलाई उपयुक्त हुने तरिकामा शिक्षा प्रदान गर्दछ।

खण्ड तीनः मातृभाषामा शिक्षा

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६

यो महासन्धिको धारा २७ ले जातीय, धार्मिक वा भाषिक अल्पसङ्ख्यक समुदायसँग सम्बन्धित व्यक्तिहरूलाई आफ्नो संस्कृतिको आनन्द लिने, आफ्नो धर्म मान्ने र अभ्यास गर्ने र आफ्नो भाषा प्रयोग गर्ने अधिकारलाई मान्यता प्रदान गरेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६

महासन्धिको धारा १३ ले शिक्षाको अधिकारलाई प्रवर्द्धन गर्दछ साथै विशेषगरी मानव अधिकार र मौलिक स्वतन्त्रताहरूको सम्मान बढाउन शिक्षाको प्रयोगको महत्त्वलाई उल्लेख गरेको छ। यसमा भाषिक अधिकार पनि समावेश भएको छ।

युनेस्कोको प्राविधिक र व्यावसायिक शिक्षा तथा तालिमसम्बन्धी संशोधित सिफारिस, २०१५

सिकाइका लागि भाषाहरूको महत्त्व, तथा शैक्षिक कार्यक्रमहरू सांस्कृतिक रूपमा सान्दर्भिक र सबै विद्यार्थीहरूको लागि पहुँचयुक्त छन् भनी सुनिश्चित गर्ने आवश्यकतामा जोड युनेस्कोले पनि जोड दिएको छ।

मातृभाषा शिक्षाको अधिकारको उल्लङ्घन

विद्यालयको हल, कक्षाकोठा वा खेल मैदानमा विद्यालयको भाषा बाहेकका अन्य भाषा बोलेमा बालबालिकालाई सजाय दिने प्रचलन गहिरो रूपमा तथा ऐतिहासिक प्रचलनको रूपमा रहेको देखिन्छ। बालबालिकालाई आफ्नो मातृभाषा बोलेको अवस्थामा पक्रने, कुटपिट गर्ने, कक्षा बाहिर राख्ने गरिएको वा मुख धुन र लाइनमा अरूले गरेको नक्कल गर्न बाध्य पार्ने गरिएको पाइन्छ। यस्ता अभ्यासहरू अहिले पनि धेरै देशहरूमा प्रचलनमा नै रहेको पाइन्छ। प्रायः नीति निर्माता, विद्यालयका नेतृत्व तहमा रहेका व्यक्ति, शिक्षक तथा अभिभावक समेतले बालबालिकालाई विद्यालयमा राम्रो गर्नको लागि आफ्नो मातृभाषाको प्रयोग बन्द गर्नु राम्रो हो भन्ने विश्वास गर्ने गरेको पाइन्छ। अनुसन्धानले भने बालबालिकाले आफ्नो घरेलु भाषाको प्रयोग गर्दा राम्रो र छिटो सिक्न सक्ने हुनाले बालबालिकालाई आफ्नो भाषा बोल्नका लागि प्रतिबन्धित गर्नु र सजाय दिनु हानिकारक हुन्छ।

यसरी हुने उल्लङ्घनको सम्बोधनका लागि सन् २०२१ मा जातीय भेदभाव उन्मूलनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयन अवस्था अनुगमन गर्ने, जातीय भेदभाव उन्मूलनसम्बन्धी समितिले नेदरल्याण्डका डच विद्यालयहरूमा आप्रवासी वा अल्पसङ्ख्यक पृष्ठभूमि भएका बालबालिकालाई उनीहरूको घरेलु भाषा प्रयोग गर्नबाट प्रतिबन्धित वा निषेधित गरिएकोमा चिन्ता व्यक्त गरेको थियो (OHCHR, 2021)। उक्त समितिले नेदरल्याण्ड सरकारलाई यस्ता अभ्यास हुन नदिन र बहुभाषिक शिक्षालाई शिक्षक प्रशिक्षण कार्यक्रमहरूमा समावेश भएको सुनिश्चित गर्न पनि आह्वान गरेको थियो।

संयुक्त राष्ट्रसङ्घीय जातीय भेदभावविरुद्धको समितिको राय

डच भाषा नेदरल्याण्डको राष्ट्रिय भाषा हो। नेदरल्यान्ड्सका विद्यालयमा डचबाहेक अन्य भाषाहरू बोल्न निषेध गरिनुलाई अझै पनि सामान्य रूपमा लिइन्छ। उदाहरणका लागि एकजना शिक्षिकाले आफ्ना विद्यार्थीहरूलाई कक्षामा आफ्नै भाषा बोलेमा पक्रने तथा उनीहरूलाई खाजा खाने बिदाको समयमा डच भाषाको शब्दकोशबाट पृष्ठहरूको नक्कल

गर्न बाध्य पारिन्छ भनी एक राष्ट्रिय पत्रिकामा दिएको अन्तर्वार्ताको क्रममा व्याख्या गरिन्। यसलाई नेदरल्याण्डले समितिमा पेस गरेको प्रतिवेदनमा असल अभ्यासको रूपमा प्रस्तुत गरिएको थियो (OHCHR, 2021)। यसका साथै अभिभावकहरूलाई पनि बारम्बार बालबालिकालाई विद्यालय लैजाँदा वा विद्यालयबाट ल्याउँदा समेत केवल डच भाषा बोल्न आग्रह गरिन्छ। यस्ता कुरालाई आफ्नो प्रतिवेदनमा राखेर नेदरल्याण्डले समितिसमक्ष पेस गरेको थियो।

सन् २०२१ अगस्ट २५ मा, संयुक्त राष्ट्रसङ्घीय जातीय भेदभावविरुद्धको समितिले नेदरल्यान्ड्सलाई बहुभाषी विद्यार्थीहरूलाई विद्यालयमा आफ्नो मातृभाषा प्रयोग गर्दा प्रतिबन्धित वा सजाय नदिने कुराको सुनिश्चित गर्न आग्रह गऱ्यो। समितिले डच शिक्षामा आप्रवासी वा अल्पसङ्ख्यक पृष्ठभूमि भएका विद्यार्थीहरूले अनुभव गरेको भेदभावबारे चिन्ता व्यक्त गऱ्यो (OHCHR, 2021)। जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिअनुसार विद्यालय वातावरणमा घरेलु/मातृभाषाको प्रयोगलाई निषेध गर्न नमिल्ने कुरा उल्लेख भएको छ। नेपालको सन्दर्भमा भने हालसम्म यो किसिमको ब्याख्या संयुक्त राष्ट्रसङ्घीय समितिले गरेको पाइँदैन।

जातीय वा जातीयतासम्बन्धी भेदभाव

समितिले आफ्नो निष्कर्ष तथा सिफारिसको साथमा आप्रवासी वा अल्पसङ्ख्यक पृष्ठभूमिका बहुभाषी विद्यार्थीहरूद्वारा विद्यालयमा मातृभाषाको प्रयोग गर्न प्रतिबन्धित गर्नु वा सजाय दिनु जातिजाति वा जातीयताको आधारमा हुने भेदभावको एउटा रूप हो भनी व्याख्या गरेको छ। साथै समितिले नेदरल्यान्डलाई बहुभाषिक शिक्षा समावेश गर्नका लागि आफ्नो शिक्षक प्रशिक्षण कार्यक्रमलाई विस्तार गर्न पनि सिफारिस गऱ्यो (OHCHR, 2021)। एक वर्षभित्र नेदरल्यान्ड्सले सिफारिसहरूको कार्यान्वयन गर्न अपनाएका उपायहरूबारे पनि समितिलाई प्रतिवेदन गर्नुपर्ने भनी उल्लेख भएको थियो।

शिक्षामा भेदभाव

जातीय अल्पसङ्ख्यक र आप्रवासी पृष्ठभूमि भएका विद्यार्थीहरूले भेदभावको सामना गरेको प्रतिवेदनबाट समिति चिन्तित रहेको उल्लेख गरेको छ। यसमा उनीहरूले आफ्नो विद्यालय परिणामहरूको आधारमा प्राप्त गर्न सक्ने भन्दा माध्यमिक विद्यालय भर्नाको लागि आफ्ना शिक्षकहरूबाट कम मूल्याङ्क प्राप्त गर्ने सम्भावना बढी छ। यसका साथैः

(क) जातीय अल्पसङ्ख्यक वा आप्रवासी पृष्ठभूमि भएका विद्यार्थीहरूले इन्टर्नसीप प्राप्त गर्ने सन्दर्भमा निरन्तर भेदभावको सामना गर्ने गर्दछन् जसले गर्दा श्रम बजारमा रहेका उनीहरूका भविष्यका सम्भावनामा नकारात्मक प्रभाव पार्दछ;

(ख) जातीय अल्पसङ्ख्यक वा आप्रवासी पृष्ठभूमि भएका बहुभाषी विद्यार्थीहरूलाई कथित रूपमा विद्यालय वातावरणमा उनीहरूको घरेलु भाषाहरू बोल्नबाट प्रतिबन्धित गर्ने वा सजाय दिने गरिन्छ;

(ग) कोभिड-१९ महामारीले जातीय अल्पसङ्ख्यक समूह र कमजोर सामाजिक, आर्थिक स्थिति भएका बालबालिकाको शिक्षामा असमान प्रभाव पारिरहेको छ।

खण्ड तीनः मातृभाषामा शिक्षा

यसै गरी समितिले पक्ष राष्ट्रलाई आफ्नो पृष्ठभूमि बिना नै सबै बालबालिकाहरूको लागि शिक्षामा समान अवसर बढाउने उपायहरूको अवलम्बन गर्न र त्यसको प्रभावकारिता अनुगमन गर्न पनि सिफारिस गरेको छ। समितिले पक्ष राष्ट्रलाई तपसिल बमोजिम (OHCHR, 2021) पनि सिफारिस गरेको छः

(क) सबै बालबालिकाहरूले जाती, रङ, वंश, राष्ट्रियता वा जातीयता, उत्पत्तिसहित भेदभाव र अन्तर्निहित पूर्वाग्रहबिना नै माध्यमिक शिक्षाको लागि आफ्ना शिक्षकबाट मूल्याङ्कन हुने कुराको सुनिश्चित गर्ने;

(ख) इन्टर्नशिप गर्ने कुराको पहुँचमा रहेको भेदभावविरुद्ध लड्न र रोक्नका लागि उपायहरू अवलम्बन गर्न साथै विद्यार्थीहरूले त्यस्तो भेदभावको रिपोर्ट गर्दा शिक्षकले पालना गर्नुपर्ने प्रोटोकल वा दिशानिर्देशहरूको विकास गर्ने तथा शिक्षकहरूलाई यस्ता प्रोटोकलको बारेमा सचेत रहेको सुनिश्चित गर्ने;

(ग) जातीय अल्पसङ्ख्यक समूहका बहुभाषी विद्यार्थीहरूलाई विद्यालयमा उनीहरूको घरेलु भाषाहरू बोल्नबाट प्रतिबन्धित वा सजाय नदिने किसिमका उपायहरू अवलम्बन गर्ने र बहुभाषिक शिक्षामा शिक्षक प्रशिक्षण कार्यक्रम विस्तार गर्ने;

संयुक्त राष्ट्रसङ्घीय जातीय भेदभाव उन्मूलन समिति जातीय भेदभावका सबै प्रकारहरू विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयन अवस्था अनुगमन गर्ने निकाय हो। सदस्यहरू स्वतन्त्र विशेषज्ञ हुन्छन् जसले पक्ष राष्ट्र, सरकार, अन्य मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्था तथा गैरसरकारी संस्थाहरूबाट प्राप्त प्रतिवेदनहरूको आधारमा आफ्नो निष्कर्ष सुझाव र सिफारिस गर्ने गर्छन्। सदस्य राष्ट्रको रूपमा नेदरल्यान्ड्सलाई प्रत्येक पाँच वर्षमा महासन्धिको पालना गरेको प्रतिवेदन पेस गर्न पनि सिफारिस गरेको छ।

समितिको सिफारिसहरूलाई विद्यालयहरूले आफ्ना विद्यार्थीहरूले बोल्ने सबै भाषाहरूमा निर्देशन प्रस्ताव गर्न आवश्यक छ भन्ने अर्थमा व्याख्या गर्नुहुँदैन। विद्यार्थीहरूलाई विद्यालय मैदान वा कक्षाकोठामा आफ्ना साथीहरू वा परिवारहरूसँग आफ्नो मातृ/घरेलु भाषाको प्रयोग गर्न अनुमति दिनुपर्दछ। यसका साथै शिक्षकहरूले सिकाइ प्रक्रियाको हिस्साको रूपमा विद्यार्थीको भाषाको प्रयोग गर्न सक्दछन्। उदाहरणका लागि एउटै भाषा बोल्ने विद्यार्थीहरूको सानो समूहलाई आपसमा समस्या समाधान गर्न र विद्यालयको मूलधारको भाषामा प्रतिवेदन गर्न अनुमति दिन सक्दछन्।

नेपाललाई संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक समितिको सिफारिस

समितिले सन् २०१४ मा नेपालमा प्राथमिक विद्यालय शिक्षालाई अनिवार्य बनाउने किसिमले कानून बनाउन आह्वान गर्दै विशेष गरी भाषिक रूपमा विविधतायुक्त जनसङ्ख्या भएका विद्यालयहरूको लागि, सुसङ्गत भाषाको नीतिगत ढाँचामार्फत मातृभाषामा आधारित बहुभाषिक शिक्षा प्रदान गर्न आफ्ना प्रयासहरू बढाउन (OHCHR, 2014) सिफारिस गरेको देखिन्छ।

नेपालमा मातृभाषामा आधारित शिक्षाको नीतिगत आधार

नेपालको संविधानको धारा ३१ ले शिक्षाको अधिकारलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ। संविधानको अनुसूची ८ ले आधारभूत तथा माध्यमिक शिक्षाको

अधिकारलाई स्थानीय तहको क्षेत्राधिकार भित्र राखेको देखिन्छ। संविधानको धारा ३१ को उपधारा (१) ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने तथा उपधारा (२)ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने व्यवस्था गरेको देखिन्छ। यसका साथै उपधारा (५) ले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरेको देखिन्छ। त्यसै गरी धारा ३२ ले भाषा तथा संस्कृतिको हकअन्तर्गत उपधारा (१) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने र उपधारा (३) ले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ भनी उल्लेख गरेकोले मातृभाषामा शिक्षाको अधिकारलाई थप मजबुत बनाएको देखिन्छ।

नेपालको संविधानले उल्लेख गरेअनुरूपको मौलिक हकको कार्यान्वयन गर्नका लागि बनेको ऐनले शिक्षणको विद्यायले प्रदान गर्ने शिक्षणको माध्यम भाषा नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै भाषा वा सम्बन्धित नेपाली समुदायको मातृभाषा हुनेछ (अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, दफा २६, २०७५) भनी तोकेको देखिन्छ। यसै गरी उक्त ऐनले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायका नागरिकलाई आफ्नो मातृभाषामा आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने अधिकार हुने (अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, दफा २८, २०७५) भनी उल्लेख भएको छ। तर त्यस्तो शिक्षा प्रचलित कानूनबमोजिम निर्धारण भएको पाठ्यक्रमबमोजिम हुनुपर्दछ। ऐनको दफा २९ ले मातृभाषी शिक्षा प्रदान गर्ने सम्बन्धमा प्रदेश सरकार वा स्थानीय तहले स्थानीय विशेषता र आवश्यकताअनुसार थप प्रबन्ध गर्न सक्ने अधिकार दिएको छ। नेपालमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले राई, मैथिली, भोजपुरी, नेपाल भाषा, चेपाङ, अवधी, मगर, खालिङ, माझी, लिम्बु, डोटेली (पाठ्यक्रम विकास केन्द्र, २०८२) जस्ता भाषामा मातृभाषा शिक्षाका सामाग्री प्रकाशन गरेको पाइन्छ। यसका साथै स्थानीय तहले पनि मातृभाषामा शिक्षाका सामाग्रीहरू तयार गरी पठनपाठन गरिरहेको अवस्था छ। तथापि नेपालमा बोलिने सबै मातृभाषामा आधारित शिक्षा कार्यक्रम सञ्चालन गर्न भने चुनौती रहेको देखिन्छ।

निष्कर्ष

भनिन्छ शिक्षामा भाषा सबै कुरा त होइन तथापि भाषाबिना शिक्षाका सबै कुरा केही पनि होइनन्। नेपाल १२३ भन्दा बढी भाषाहरू बोलिने विविधतायुक्त र बहुभाषिक राष्ट्रको रूपमा रहेको छ। बहुभाषिकता देशको पहिचान पनि हो। यद्यपि ऐतिहासिक रूपमा नेपालमा शिक्षा विशेष रूपमा नेपाली भाषामा र अन्तराष्ट्रिय भाषाको रूपमा अङ्ग्रेजीमा पनि प्रदान गर्ने गरिएको छ। नेपाल सरकार मातृभाषामा आधारित बहुभषिक शिक्षा लागू गर्न प्रतिबद्ध रहेको देखिन्छ। तथापि यो त्यति धेरै प्रभावकारी देखिएको छैन। नेपालमा मौलिक हकको रूपमा मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरिएको भए तापनि व्यक्तिले मातृभाषामा शिक्षा प्राप्त गर्न नसकेको कुरालाई अधिकार उल्लङ्घनको रूपमा लिइएको पाइँदैन। विभिन्न

खण्ड तीनः मातृभाषामा शिक्षा

भाषा बोल्ने समुदायले पनि बालबालिकाले मातृभाषामा शिक्षा पाउने कुरालाई अधिकारको रूपमा ग्रहण गर्न सकेको देखिँदैन। अङ्ग्रेजी भाषा जान्नु र प्रयोग गर्नुलाई इज्जतको रूपमा लिने परिपाटी रहेको छ। पाठ्यक्रम विकास केन्द्रले केही भाषाहरूमा पाठ्यक्रम र पाठ्यपुस्तकको विकास गरेको देखिन्छ। तर मातृभाषामा आधारित बहुभाषिक शिक्षाको कार्यान्वयन अवस्था फितलो देखिन्छ। समुदायहरूको पनि मातृभाषामा भन्दा अङ्ग्रेजी भाषाको शिक्षामा बढ्ता चासो रहेको पाइन्छ।

यसरी नै नेपालमा मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई सुदृढ गर्ने प्रतिबद्धता नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ लगायतले प्रमुख रूपमा उल्लेख गरेका छन्। नेपालको संविधानले "नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रिय भाषा हुने" (नेपालको संविधान, २०७२) भनी उल्लेख गरेको छ। मौलिक हकको रूपमा रहेको मातृभाषामा आधारित शिक्षालाई कार्यान्वयनमा राज्यले इमान्दारिताका साथ भूमिका खेल्नुपर्दछ। नेपालका सात प्रदेश र ७५३ स्थानीय तहहरूमा १२३ भन्दा बढी भाषाहरू बोलिने हुनाले सरकारको नीतिगत प्रतिबद्धताहरू कार्यान्वयन गर्न चुनौती रहेको देखिन्छ। यसका लागि स्थानीय दृष्टिकोण, विश्वास, ठोस नीति, स्रोतसाधन तथा आफ्नो क्षमताहरूको ठोस बुझाइ पनि आवश्यक पर्दछ। यसका अतिरिक्त नेपालमा हाल बहुभाषिक शिक्षाला प्रभाव पार्ने र भविष्यमा भूमिका खेल्ने सम्भावना रहेका इतिहास, भाषा, विचारधारा, विश्वास र प्रवृत्तिहरूको पनि समीक्षा गर्नु जरूरी रहेको छ।

सन्दर्भ सूची

नेपाल सरकार. (२०७२). *नेपालको संविधान.* कानून किताब व्यवस्था समिति।

नेपाल सरकार. (२०७५). *अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन.* कानून किताब व्यवस्था समिति।

पाठ्यक्रम विकास केन्द्र. (२०७८ असोज). *पाठ्यक्रम विकास केन्द्र.* Retrieved from http://www.cdcmoe.gov.np

Asia-Pacific Multilingual Education Working Group. (2016). *Mother tongue-based multilingual education: The key to unlocking SDG 4 – Quality education for all*. In *The 5th International Conference on Language and Education: Sustainable development through multilingual education*. Bangkok, Thailand.

Devkumar Sunuwar. (2022, December). *International decade of indigenous languages launches with a call: No one left behind, no one outside by 2032*. Retrieved from https://www.devkumarsunuwar.com.np/international-decade-of-indigenous-languages-launches-with-a-call-no-one-left-behind-no-one-outside-by-2032

International Journal of Language Education. (2025, June 30). *Adapting mother tongue-based instructional models to address gender disparities in literacy and numeracy skills*.

Office of the United Nations High Commissioner for Human Rights (OHCHR). (2014). Retrieved from https://uhri.ohchr.org/en

Office of the United Nations High Commissioner for Human Rights (OHCHR). (2021). Retrieved from https://uhri.ohchr.org

Office of the United Nations High Commissioner for Human Rights (OHCHR). (n.d.). Retrieved from https://uhri.ohchr.org/en/document/ee69bcd0-e54e-4fae-ad4f-7c2d9dc62e6b.

Savage, C. (2019, August). *The importance of mother tongue in education*. Independent Education Today. Retrieved from https://www.ie-today.co.uk/comment/the-importance-of-mother-tongue-in-education/

UNESCO. (2023, April). *Why mother language-based education is essential*. Retrieved from https://www.unesco.org/en/articles/why-mother-language-based-education-essential

ISSN: 3102-0941 (Print)

भाषा आयोगको सहकर्मी-समीक्षित जर्नल

भाषालोक

वर्ष ५, अङ्क १:५५-७२, चैत २०८२

सुदूरपश्चिममा डोट्याली भाषाको प्रयोग

रमेश पन्त 'मितबन्धु'

पूर्व अध्यक्ष, मानसखण्ड फाउन्डेसन

rameshpant66@gmail.com

(प्राप्त मितिः २०८२/११/०८; स्वीकृत मितिः २०८२/१२/०१)

लेखसार

यस शोधलेखमा डोट्याली भाषाको परिचयगत सन्दर्भ, विकासको अवस्था, शिक्षामा प्रयोग, सञ्चार माध्यममा प्रयोग, साहित्य लेखन तथा प्रकाशन, सामाजिक व्यवहार, प्रदेशमा सरकारी कामकाजको भाषा प्रयोगको सम्भाव्यता, आवश्यकता र चुनौती, प्रदेशमा विभिन्न मातृभाषाको प्रयोगको सन्दर्भका बारेमा चर्चा गरिएको छ।

शब्द कुञ्जी: *बहुभाषिक मुलुक, डोट्याली भाषा, आइएसओ कोड, सञ्चार माध्यम, सरकारी कामकाजको भाषा।*

१. विषय प्रारम्भ

नेपाल बहुभाषिक मुलुक हो। वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा १२४ भाषा बोलिने तथ्याङ्क सार्वजनिक भएको पाइन्छ। जसमध्ये डोट्याली भाषा पनि एक हो। वि.सं. २०७८ को तथ्याङ्कले डोट्याली भाषालाई डोट्याली, बैतडेली, डडेल्धुरेली लगायतका भाषाका नामले छुट्टाछुट्टै तथ्याङ्क सार्वजनिक गरे पनि यी सबै जिल्लाहरूमा बोलिने भाषा एउटै हो। भौगोलिक रूपमा डोट्याली भाषाको सीमाङ्कन गर्नुपर्दा तत्कालीन डोटी राज्यभित्र बहुसङ्ख्यक जनताले बोल्ने भाषा नै डोट्याली भाषा हो। यस भाषाको प्रयोग सुदूरपश्चिमका नौवटै जिल्लाहरूमा हुने भए पनि अधिकांश रूपमा डोटी, डडेल्धुरा, दार्चुला, बैतडी जिल्लामा बढी प्रयोग भएको पाइन्छ। यसबाहेक यस प्रदेशमा सौका, थारुलगायतका थुप्रै भाषाहरू अस्तित्वमा रहेका छन्। यस प्रदेशका बहुसङ्ख्यक मानिसहरूले प्रयोग गर्ने भाषा डोट्याली भाषा हो। लोकभाषाका रूपमा यस भाषाको इतिहास धेरै लामो भएपनि लेखन तथा प्रकाशनका रूपमा भने यसको विकास धेरै पछि मात्र भएको पाइन्छ। डोट्याली भाषा लेखनको पृष्ठभूमितिर जाने हो भने आजभन्दा करिब तीन चारसय वर्ष पुराना हस्तलिखित ग्रन्थहरूसम्म पुग्नुपर्ने हुन्छ। विशेष गरी यस क्षेत्रका ज्योतिषीहरूसँग रहेका प्राचीन हस्तलिखित ग्रन्थ र वैद्य तथा ब्राम्हणहरूमा विभिन्न तन्त्रमन्त्रहरू डोट्याली भाषामा लेखिएको पाइन्छ। त्यसै गरी विभिन्न जातजातीका वंशावलीहरूमा पनि डोट्याली भाषाको प्रयोग भएको पाइन्छ। यसरी भन्नुपर्दा विभिन्न ग्रन्थलेखनलाई डोट्याली भाषा लेखनको पृष्ठभूमिका रूपमा मान्नुपर्ने हुन्छ। त्यसैगरी पहलमानसिंह स्वाँर, देवीप्रसाद ओझा, देवकान्त पन्त, एन.डि. प्रकाश चटौत, देवराज भट्ट शर्मा, आर.डि. प्रभास चटौत, वासुदेव भाइसाब, पुष्कर्राज भट्ट

जस्ता थुप्रै विद्वानले डोट्याली भाषामा कलम चलाउनुका साथै यस भाषाको खोज तथा अनुसन्धानका क्षेत्रमा महत्वपूर्ण काम गरेको पाइन्छ। डोट्याली भाषामा लेखनका सन्दर्भमा हस्तलिखित ग्रन्थ, शिलालेख, ताम्रपत्रसम्बन्धी काम अघिदेखि हुन थालिएको भए पनि प्रकाशन भने धेरै पछि मात्र भएको पाइन्छ (भट्ट, २०८१)। नेपालमा प्रजातन्त्रको स्थापना भएपछि एन. डि. प्रकाश चटौत, डा. पुष्कर्राज भट्ट, जगदीश ओझा, पञ्चमराज भट्ट, वीर बहादुर चन्द, डा. टेकराज पन्त, डम्बर शर्मा बडू, पदमराज बडू, डा. जयराज पन्त, दीर्घराज ओझा, कृष्णदत्त चटौत कान्त, तुलसी पण्डित, श्रीधर पन्तलगायतका थुप्रै स्रष्टाहरूले डोट्याली भाषामा विविध विधाका साहित्यिक सिर्जनाहरु गरेको पाइन्छ।

"डोटी मध्यकालीन इतिहासको एक ऐतिहासिक क्षेत्र हुनुका साथसाथै समृद्ध सांस्कृतिक विरासत बोकेको क्षेत्र पनि हो। सुदूरपश्चिम प्रदेशको भूभाग ओगट्ने क्षेत्र पौराणिक कालमा मानखण्ड पुराणमा वर्णित मानसखण्ड क्षेत्रको पनि केन्द्रमा रहेको मध्यमानस क्षेत्रमा लामो इतिहास बोकेको प्रमुख लोकभाषाका रूपमा डोट्याली भाषा रहेको छ" (ओझा, २०८१,पृ.९१)।

विगत २८ वर्षदेखि निरन्तर प्रकाशित हुँदै आएको डोट्याली भाषाको मासिक पत्रिका गुगुल्डिका प्रधान सम्पादक वीरबहादुर चन्दले नेपाली भाषा, संस्कृति, साहित्य, इतिहास एवम् कलाको उद्गम स्थल विशाल डोटी राज्य भएको कुरा उल्लेख गर्दै भनेका छन्:

"साके १२३५ जगती पालको ताम्रपत्र, निरय पालको साके १२७४ को ताम्रपत्रमा डोट्याली भाषाको उल्लेख छ। नाग मल्लले १३०६ साके १३२६ सम्म पूर्व गण्डकी, पश्चिमगंगा, उत्तर मानसरोवर, दक्षिण तिरहुतसम्म राज्य गरेको पाइन्छ" (चन्द, २०७५)।

यस लेखमा डोट्याली भाषाको सामान्य परिचय, विकासको अवस्था, सामाजिक, सांस्कृतिक र शैक्षिक प्रयोग तथा सरकारी कामकाजमा यसको प्रयोगका सम्भावना, आवश्यकता र चुनौतीहरूका बारेमा विश्लेषण गरिनेछ। साथै प्रदेशका अन्य मातृभाषाहरूको अवस्था र स्थानीय तहमा मातृभाषाको प्रयोगको आवश्यकता पनि समेट्ने प्रयास गरिनेछ। यस अध्ययनबाट डोट्याली भाषाका विविध पक्षको शोधकार्य तथा औपचारिक प्रयोगतर्फको बहसलाई थप बल पुऱ्याउने अपेक्षा गरिएको छ।

२. डोट्याली भाषा: परिचयगत सन्दर्भ

सिक्दु संसारकि भाषा अफनि उन्नति गद्दु हो
बिसद्दु इजुकि भाषा डुब्दु, बुड्डु, उजड्डु हो। (देवराज भट्ट)

भाषा विचार विनिमय तथा अभिव्यक्तिको माध्यम हो। कुनै पनि क्षेत्रको भाषाले त्यो क्षेत्रको संस्कार, संस्कृति र पहिचान बोकेको हुन्छ। भाषा कथ्य र लेख्य दुवै स्वरूपमा रहेको हुन्छ। विद्वानहरूले भाषालाई बोलीचाली, विचार आदानप्रदान तथा प्रमुख सञ्चारको माध्यमको रुपमा लिने गरेको पाइन्छ। विभिन्न जातजाति, धर्म र समुदायका मानिसहरूको साझाघर नेपाल बहुभाषिक तथा बहुसांस्कृतिक देश हो। नेपालभरि १२४ मातृभाषाहरू बोलिन्छन् (केन्द्रीय तथ्याङ्क विभाग, २०७८)। देशभरिका यिनै भाषाहरूको संरक्षण, विकास र प्रयोगलाई सुनिश्चित गर्न नेपालको संविधान, २०७२ ले राज्यको दायित्वको रूपमा उल्लेख गरेको छ। यसै सन्दर्भमा ऐतिहासिक डोटी राज्यअन्तर्गत बोलिने मुख्य भाषा अर्थात् हालको

खण्ड चारः मातृभाषाको प्रयोग

सुदूरपश्चिम प्रदेशमा अधिकांश जनसङ्ख्याले बोल्ने प्रमुख मातृभाषा "डोट्याली" भाषा हो। यो भाषालाई केही विद्वानहरूले डोटेली, परपश्चिम वा मानसी भाषा समेत भन्ने गरेको पाइन्छ। डोट्याली भाषाका सन्दर्भमा विभिन्न विद्वानहरूका भनाइहरूबाट अझ प्रष्ट हुन सकिन्छ।

"डोट्याली भाषा अभिधा, लक्षणा, व्यञ्जना, ध्वनि र शब्द सामर्थ्यले परिपूर्ण भाषा हो" (भट्ट, २०६५, पृ. ८)।

"भारोपेली भाषा परिवारको सतम् वर्गअन्तर्गत पर्ने आर्यइरानेली शाखाको आर्य उपशाखाका रुपमा रहेको प्राचीन आर्यभाषा संस्कृतबाट खस प्राकृत र खस अपभ्रंश हुँदै पूर्वी शाखाको पश्चिमी उपशाखाका रूपमा डोट्याली भाषाको विकास भएको पाइन्छ" (जोशी, २०६८, पृ. ८६)।

डोट्याली भाषा साहित्यमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएका बासुदेव भाइसाबका अनुसार डोट्याली भाषाः "सुदूरपश्चिमका पहाडी जिल्लाहरूमा परम्परादेखि बसोबास गर्दै आएका जनसमुदायको मातृभाषा हो" (भाइसाब, २०६६, पृ. ८)।

देवराज शर्मा लेख्नु हुन्छः डोट्याली भाषा कुनै डोटी जिल्ला विशेषको मात्र भाषा हैन, सम्पूर्ण डोटी प्रदेशका जनताको भाषा हो (भट्ट, २०५८)।

अर्का विद्वान् पञ्चमराज भट्टका अनुसार "डोट्याली भासाको इतिहास एकहजार वर्सहइ लइ पुरानु छ। एइ भाषामाइ लेखिनाका अभिलेख लगइ सात सउ वर्स पुराना छन्। डोट्याली साहित्यको इतिहास लगइ सात सउ वर्स पुरानो छ " (भट्ट, २०७५, पृ. २३)।

डोट्याली भाषा प्राचीन डोटी राज्यअन्तर्गतका क्षेत्रमा त्यहाँका जनताले बोल्ने साझा भाषा हो। संस्कृतबाट उत्तर पहाडी प्राकृत भाषाका रूपमा विकास हुँदै आएको यो भाषा भारोपेली भाषा परिवारको भाषा हो।

नेपालको जनगणना, २०७८ अनुसार नेपालमा बोलिने प्रमुख दश भाषामा डोट्याली भाषा परेको देखिन्छ। सुदूरपश्चिमका प्रमुख रैथाने मातृभाषाको तथ्याङ्क हेर्दा बैतडेली-१,५२,६६६, डोटेली-४,९४,८६४, अछामी-१,४१,४४४, बझाङी-९६,३३१, बाजुरेली-५६,४८६, दार्चुलेली-४५,६४९, डडेल्धुरेली-२१,३००, खस-१७,८९६, जुम्ली-८,३३८, दैलेखी -४,९८९, राना थारु-८३,३०८, डंगौरा थारु-३,९७,८२२, अन्य -१,२१५ (स्रोतः राष्ट्रिय जनगणना २०७८)। यसरी डोट्याली भाषा बोल्ने जनसङ्ख्या प्रदेशमा अत्यधिक भए तापनि सरकारी कामकाज, प्रशासनिक तथा औपचारिक शिक्षा प्रणालीमा डोट्याली भाषाको प्रयोग भने न्यून रहेको देखिन्छ।

नेपालको संविधानको धारा ७ (३) र धारा ३२ अनुसार प्रत्येक नागरिकलाई आफ्नो मातृभाषामा शिक्षाको अधिकार तथा सांस्कृतिक पहिचानको संरक्षण गर्ने अधिकार सुनिश्चित गरिएको छ। साथै भाषा आयोगले वि.सं.२०७८ मा प्रस्तुत गरेको सिफारिसअनुसार सुदूरपश्चिम प्रदेशमा डोट्याली भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सकिने उल्लेख गरेको छ (भाषा आयोग, २०७८)। यस्तो सिफारिसले डोट्याली भाषाको औपचारिक स्वीकार्यता र प्रयोगको सम्भावनालाई थप बल प्रदान गरेको छ।

यस भाषाका आफ्नै उच्चारण, वाक्य संरचना, शब्दकोश तथा मौलिक सांस्कृतिक अभिव्यक्तिहरू रहेका छन्। महाकाली साहित्य सङ्गम कञ्चनपुर लगायतका विभिन्न

सङ्घसंस्था, व्यक्ति एवम् जनसमुदायको निरन्तरको प्रयासपछि नेपाल सरकारबाट राष्ट्रिय भाषाका रूपमा मान्यता प्राप्त सुदूरपश्चिमको साझा भाषा हो। यस भाषाको शब्दकोश, व्याकरण र भाषिक संरचना सम्बन्धमा केही अनुसन्धानात्मक कार्यहरू भइरहेका भए तापनि व्यापक रूपमा भाषिक कोशको विकास, पाठ्यपुस्तक निर्माण तथा भाषाशास्त्रीय अध्ययन आवश्यक देखिन्छ ताकि यसलाई शैक्षिक तथा प्रशासनिकस्तरमा स्वीकार्न सकियोस्। भूगोलका हिसाबले डोट्याली भाषाले धेरै ठूलो भूभाग नओगटेको भए तापनि यसका दर्जनौं भाषिक भेदहरू रहेका छन्।

यसरी कत्युरी शासन र खस साम्राज्यदेखि नै डोटी क्षेत्रमा यस भाषाको प्रयोग हुँदै आएको ऐतिहासिक अभिलेखबाट बुझ्न सकिन्छ। डोटी राज्यकालीन प्रशासनिक कार्य, यस क्षेत्रमा विद्यमान लोकवार्ता, लोकसंस्कृति, लोकगाथा, मौखिक परम्परा तथा लोकगीत र सङ्गीतले यस भाषाको विकासक्रम तथा बाहुल्यतालाई स्पष्ट पार्छ। हाल डोट्याली भाषाका विभिन्न रूपहरूलाई स्थानीयतासँग जोडेर अछामी, बझाङी, दार्चुलेली, डडेल्धुरेली, डोट्याली, बैतडेली आदि नामले चिनाउने प्रयास गरेको पाइन्छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार डोट्याली भाषी जनसङ्ख्या झन्डै ८ लाखको हाराहारीमा रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०७८)। तर सरकारी दस्तावेज, प्रशासनिक कागजपत्र, सञ्चार, नीति निर्माण र शिक्षाको औपचारिक संरचनामा डोट्याली भाषाको स्थान न्यून रहेको देखिन्छ। सुदूरपश्चिम प्रदेशमा बोलीचालीमा यस भाषाको व्यापकता भए पनि उल्लेखित विविध कारणहरूले गर्दा यो भाषामाथि जोखम तथा सङ्कट छैन भन्न नसकिने अवस्था देखिँदैन।

यसरी डोट्याली भाषा केवल दैनिक बोलीचाली र संवादको माध्यम मात्र नभई सुदूरपश्चिमको सांस्कृतिक, ऐतिहासिक र सामाजिक पहिचानको मेरुदण्ड हो। यसको संरक्षण एवम् प्रवर्धनले बहुभाषिक समाज निर्माणमा योगदान पुऱ्याउँछ जुन नेपालकै संवैधानिक लक्ष्यसँग मेल खान्छ।

३. डोट्याली भाषा विकासको अवस्था

डोट्याली भाषा विकासको क्रम उत्पत्तिकालदेखि निरन्तर चलिरहेको छ। यस भाषाको विकासका सम्बन्धमा विद्वानहरूका आ-आफ्नो धारणा रहेका पाइन्छन्। पञ्चमराज भट्टकाअनुसार यस भाषाको विकासको कालखण्डलाई निर्माण प्रसार काल (वि.सं.९००-१४००), विकासकाल (वि.सं. १४००-१८५०), संरक्षण काल (वि.सं. १८५०-२०००) र आधुनिक काल (वि.स. २००० देखि यता) गरी चार कालखण्डमा विभाजित गरेका छन्। त्यसै गरी डा. पुष्कर्राज भट्टले यस भाषाको विकसक्रमलाई प्रारम्भिक काल (वि.सं. ९००-१४००), माध्यमिक काल (वि.सं. १४००-२०००) र आधुनिक काल (वि.सं. २००० देखि हालसम्म) गरी तीन कालखण्डमा विभाजन गरेका छन्।

यस भाषाको विकासका सन्दर्भमा उत्पत्तिकालदेखि हालसम्मको अध्ययनलाई हेर्ने हो भने सुरुमा लेखिएका विभिन्न कालखण्डका ताम्रपत्र, शिलालेखदेखि लिएर लोकसाहित्य र संस्कृति, इतिहास, वंशावली लगायतका हस्तलिखित ग्रन्थहरूले यसको विकासको जग

बसालेको पाइन्छ। प्रारम्भिक कालमा साहित्य लेखनअन्तर्गत भक्तिधारा र वीरधाराको उद्भव भएको पाइन्छ। चैत, भडा, फाग, सगुन आदिको रचना यो कालमा भएको देखिन्छ। माध्यमिक कालमा वीरधाराका भडा, चरित्रगाथा, भक्तिधाराका लोकरामायण, महाभारत गाथा तथा गौरापर्वको विकासक्रमसँग नारी वेदमन्त्र अठ्यावालीको विकास भएको पाइन्छ। त्यसैगरी प्रारम्भिककालका सिर्जना, फाग, सगुन, झोडा, चाँचरी, भगन्यौला, देउडा, बैरा आदिको विकास तीव्रतर रूपमा भएको पाइन्छ। आधुनिक काल अन्तर्गत २००७ देखि २०१७ सम्म भक्ति, विरह, राष्ट्रप्रेम, सामाजिक विद्रोह, श्रृङ्गार, प्रकृतिप्रेम, अर्ती उपदेश, व्यङ्ग्यजस्ता साहित्यिक सिर्जनाहरू भएको पाइन्छ। डोट्याली भेगको लोकसंस्कृतिका बारेमा विभिन्न लेखकहरूका सङ्कलन कृति प्रकाशित भएका पाइन्छन्। यस्ता कृतिहरूमा राम बहादुर चन्दको लोकगीत सङ्ग्रह (२०१७) पहिलो कृतिको रूपमा देखिन्छ (भट्ट, २०६५: १४)। यसरी २०१७ सालदेखि डोट्याली भाषामा कृति प्रकाशन भएको पाइन्छ। यस अवधिमा कृति प्रकाशन गर्ने लेखकहरूमा डा. भीमदेव भट्ट, अर्जुन देव भट्ट को बैतडीका केही स्थानीय शब्दहहरू (२०१७), बिरेन्द्रकुमार मलिकको लोकगीत सङ्ग्रह (२०१८) लगायतका कृतिहरू पाइन्छ। यसरी डोट्याली भाषा लेखन तथा प्रकाशनको सुरुवात भएपछि हालसम्म आइपुग्दा पत्रपत्रिका प्रकाशन, साहित्यिक कृति प्रकाशन, व्याकरण लेखन तथा प्रकाशन, शब्दकोश लेखन तथा प्रकाशन हुँदै आइरहेको पाइन्छ। यस भूभागमा बस्ने पहाडी भूगोल अनुप्राणित डोट्याली भाषा प्राकृत सौरसेनी तथा खस भाषा हुँदै कुमाउनी, डोट्याली र सिञ्जाली भाषा समानान्तर रूपमा आधुनिक लोकभाषाका रूपमा विकसित भएका हुन्। महाकाली पश्चिम कुमाऊँ क्षेत्र महाकाली नदी तथा कर्णाली बीचमा डोट्याली तथा कर्णाली क्षेत्रमा सिञ्जाली भाषा आधुनिक भाषाका रूपमा विकसित भएका छन्। वर्तमानसम्म आइपुग्दा यस भाषाको आधुनिक स्वरूपको विकास भई लेख्य साहित्यको पनि यथेष्ट विकास भएको छ।

विभिन्न अनुसन्धानात्मक कार्यहरु, गोष्ठी, सेमिनार, पत्रपत्रिका प्रकाशन, साहित्यिक लेखरचना तथा विभिन्न विधागत कृति प्रकाशनका माध्यमबाट यस भाषाको विकास र समृद्धि निरन्तर चलिरहेको देखिन्छ।

(क) शिक्षामा डोट्याली भाषा प्रयोगको अवस्था

आमाको मुखबाट हल्लोरी बाला हल्लोरी ..., घुग्गुती बाला बास्सुती ..., च्यूँ मुसी च्यूँ ...जस्ता बाललोरीबाट सिकाइ सुरू हुने यो भाषाको बालसाहित्य तथा लोकसाहित्यको अपार भण्डार रहेको छ। शिक्षा कुनै पनि भाषाको जगेर्ना, विकास र औपचारिक प्रयोगका लागि प्रमुख माध्यम हो भने भाषा सिकाइलाई प्रभावकारी बनाउने माध्यम हो। सुदूरपश्चिम प्रदेशको आधुनिक शिक्षाको सन्दर्भमा हेर्दा डोट्याली भाषाको प्रयोग सीमित र असङ्गठित देखिन्छ। यद्यपि संविधानले मातृभाषामा प्रारम्भिक शिक्षा दिने व्यवस्था गरेको छ (नेपालको संविधान, २०७२, धारा ३१), व्यवहारमा डोट्याली भाषा अझै पनि औपचारिक पाठ्यक्रमको मुख्य माध्यम बन्न सकेको छैन।

भाषा आयोगद्वारा प्रकाशित सिफारिस २०७८ अनुसार सुदूरपश्चिम प्रदेशमा डोट्याली भाषा स्थानीय जनताको सङ्ख्याका आधारमा विद्यालय तहमा प्रयोगयोग्य भाषाका रूपमा

चिनिएको छ। आयोगले प्रारम्भिक कक्षामा मातृभाषामा शिक्षण गर्ने नीति अपनाउन सुझाव दिएको छ (भाषा आयोग, २०७८)। तर यस्ता सिफारिसहरू कार्यान्वयनको चरणमा पुग्न सकिरहेका छैनन्।

सम्बन्धित नगर तथा गाउँपालिकाहरूको पहलमा स्थानीय विषयको निश्चित पाठ्यक्रम तयार पारेर केही जिल्लाहरूका सामुदायिक विद्यालयहरूले कक्षा १ देखि ८ सम्मका कक्षाहरूमा लिखित तथा मौखिक रूपमा यस भाषामा रचित फागसगुन, ढुस्को, धमारी, देउडा, उखान टुक्का, लोकगाथा लगायतका विषयवस्तुहरू पठनपाठन गर्दै आएका छन्। शिक्षक र बालबालिकाहरूको सहजता र स्थानीय सन्दर्भ बुझ्ने क्षमताका कारण डोट्याली भाषाको प्रयोगले सिकाइको गुणस्तरमा पनि सकारात्मक प्रभाव परेको देखिएको छ तर औपचारिक पाठ्यपुस्तकहरू, तालिमप्राप्त शिक्षक, तथा प्रशासनिक सहयोगको अभावले यस्तो प्रयोग संस्थागत हुन सकेको अवस्था भने छैन। तथापि पछिल्लो समय विश्वविद्यालय स्तरमा पनि डोट्याली भाषाको लोकसाहित्य र लोकसंस्कृतिका विविध पक्षहरुका बारेमा अनुसन्धानका कार्यहरु भइरहेको देखिन्छ।

डोट्याली भाषामा पाठ्यपुस्तक निर्माणका प्रयासहरू थोरै मात्रामा भएका छन्। विश्वविद्यालय, गैरसरकारी संस्था र स्थानीय तहको सहकार्य तथा व्यक्तिगत प्रयासमा बालकथाहरू, कविता सङ्ग्रह, तथा लोककथा, लोकगाथा लगायतका लोकसाहित्यका सन्दर्भमा केही शैक्षिक सामग्री तयार गरिएको पाइन्छ। यद्यपि यी सामग्रीहरू एकीकृत पाठ्यक्रमको रूपमा विद्यालय तहमा लागु गरिन सकिएको अवस्था रहेको छैन्।

यसबाट देखिन्छ कि डोट्याली भाषा प्रयोगको शिक्षा क्षेत्रमा प्रारम्भिक प्रयासहरू भए तापनि ती प्रयासहरू एकीकृत, संस्थागत र दीर्घकालीन योजनाअनुसार कार्यान्वयन हुन नसकेको अवस्था छ। मातृभाषामा शिक्षणले बालबालिकाको सिकाइ प्रभावकारी बनाउने प्रमाणित भइसकेको भए पनि, नीति, पाठ्यसामग्री, स्रोत र तालिम अभावका कारण डोट्याली भाषाको प्रयोग अझै पनि सीमित रहेको देखिन्छ।

(ख) सञ्चार माध्यम तथा पत्रपत्रिकामा डोट्याली भाषा प्रयोगको अवस्था

सञ्चार माध्यम कुनै पनि भाषाको प्रयोग, प्रवर्धन र जनसाधारणसम्म पुऱ्याउने सशक्त माध्यम हो। नेपाली भाषामा पत्रपत्रिकाको प्रकाशन हुन थालेपछि वि.सं. २०५० को दशकमा आएर डोट्याली भाषामा पत्रपत्रिका प्रकाशन सुरु भएको पाइन्छ। डोट्यालीमा भाषामा सबैभन्दा पहिले कञ्चनपुर जिल्लाबाट टेकराज पन्तद्वारा प्याउली पत्रिकाको प्रकाशन भएको पाइन्छ। यद्यपि यस पत्रिकाका सात अङ्क प्रकाशन भएको पाइन्छ। डोट्याली भाषाकै पत्रिकाको रूपमा दर्ता भएर प्रकाशन भएको पत्रिका भने गुगुल्डि मासिक हो। गुगुल्डि मासिक वि.सं. २०५४ मा वीरबहादुर चन्दको नाममा कञ्चनपुर जिल्ला प्रशासनमा दर्ता भएर हालसम्म पनि निरन्तर रूपमा प्रकाशन हुँदै आइरहेको छ। त्यसैगरी डोट्याली भाषामै वि.सं. २०५५ मा कञ्चनपुर जिल्लाबाटै देवराज भट्ट शर्माको सम्पादनमा घुगुती मासिक चार अङ्क जति प्रकाशन भएको पाइन्छ। त्यसै गरी वि.सं. २०५५ मै डोट्याली भाषामा रामराज्य दोमस्या पत्रिका पुस महिनामा प्रकाशन भएको पाइन्छ। यस पत्रिकाका

सम्पादक पञ्चमराज भट्ट र कार्यकारी सम्पादक जगदीश ओझा रहेका छन्। यो पत्रिका पनि पाँच अङ्क प्रकाशन भएर बन्द रहेको छ (भट्ट, २०८१)।

वि.सं. २०५७ साल असार २९ गतेदेखि रेडियो नेपाल सुर्खेत प्रसारण केन्द्रबाट डोट्याली भाषामा समाचार प्रसारण भएको देखिन्छ भने सोही सालबाट दिपायल प्रसारण केन्द्रबाट समाचार र देउडा गीतको कार्यक्रम हजारीमाला प्रसारण भएको देखिन्छ। सुदूरपश्चिम प्रदेशमा रेडियो, पत्रपत्रिका लगायतका सञ्चार माध्यमहरूको विकाससँगै यस भाषाको प्रयोग पनि विस्तार हुँदै गएको देखिन्छ। खासगरी रेडियो, एफ.एम. स्टेशन, केही टेलिभिजन कार्यक्रम तथा सामाजिक सञ्जालका प्लेटफर्महरूमा यस भाषाको प्रयोग उल्लेखनीय छ।

त्यसैगरी डोट्याली भाषामै प्रकाशित भएका पत्रिकामध्ये हजारी पनि एक हो। आचार्य घनश्याम लेखकद्वारा २०६१ सालमा प्रकाशित हजारी पत्रिका पनि केही अङ्कमै सीमित रहेर बन्दप्रायः छ। २०६८ सालमा कैलाली जिल्ला प्रशासन कार्यालयमा दर्ता रहेको सुदूर चिनारी क्षेत्रीय दुईमासे पत्रिकाका सम्पादक तथा प्रकाशक नन्दकृष्ण जोशी रहेका छन् भने सम्पादक यज्ञराज यात्री रहेका छन्। यो पत्रिका पनि निरन्तर रूपमा प्रकाशन हुँदै आइरहेको छ। त्यसै गरी वि.सं. २०७३ मा डडेलधुरा जिल्ला प्रशासन कार्यालयमा सोराइ नामक डोट्याली साहित्यिक त्रैमासिक पत्रिका दार्ता भएको पाइन्छ। महाकाली साहित्य सङ्गम शाखा डडेल्धुराद्वारा कर्ण बहादुर चन्द प्रधान सम्पादक भएर प्रकाशन भएको यो पत्रिका हालसम्म निरन्तर प्रकाशनमा रहेको छ। यसरी डोट्याली भाषामा प्रकाशन हुने पत्रपत्रिकाहरू साहित्यिक पत्रिकाका रूपमा मात्रै प्रकाशन भएको पाइन्छ। समाचारपत्रकै रूपमा भने २०७३ सालदेखि गोरखापत्रले विभिन्न मातृभाषाको पेज नयाँ नेपाल सुरुवात गरेपछि डोट्याली भाषाको समाचारपत्र पनि सुरुवात भएको पाइन्छ। गोरखापत्रले डोट्याली भाषाको पेज निरन्तर गर्ने क्रममा हाल डडेल्धुरेली, बैतडेली, अछामी भाषा भनेर पनि प्रकाशन गर्न थालेको पाइन्छ। नामाकरण फरक भए पनि यी सबै डोट्याली भाषा नै हुन्। यसरी एउटै भाषालाई विविध स्वार्थपूर्तिका लागि भिन्नभिन्न नामबाट प्रकाशन गरिनु डोट्याली भाषामाथिको अन्याय हो। त्यसै गरी कञ्चनपुर जिल्ला प्रशासनमा वि.सं. २०७८ मा दर्ता भई निरन्तर प्रकाशन हुँदै आइरहेको पश्चिम प्रेस दैनिकले पनि डोट्याली भाषाका लागि अलग्गै एक पेज छुट्याएको पाइन्छ। डोट्याली भाषाविशेष नामले प्रकाशन हुने उक्त पेजमा डोट्याली भाषामा लेखिएका लेख तथा रचना प्रकाशन गर्ने गरेको पाइन्छ। यसै पत्रिकाको अनलाइन माध्यममा पनि भाषाप्रेस खण्ड छुट्याई डोट्याली भाषा खण्डबाट डोट्याली भाषाका सामग्री प्रकाशन गर्नुका साथै युट्यूब तथा फेसबुक पेजबाट हमरि कुरडि नामक अन्तर्वार्ताका शृङ्खलाहरू, डोट्याली भाषामा समाचारलगायतका विषयवस्तुहरू प्रस्तुत गर्दै आइरहेको छ। डोट्याली भाषाको विकासमा यसबाहेक सुदूरपश्चिमबाट प्रकाशित हुने सङ्गम, गौरामहेश्वर,सयपत्री, चारु, आजको नेपाल, अनन्त, वीणा, आफन्तलगायत सुदूरपश्चिमका विभिन्न सङ्घसंस्थाहरूबाट प्रकाशन हुने संस्थाका मुखपत्र आदिमा डोट्याली भाषाका थुप्रै सामग्री प्रकाशन भएको पाइन्छ (भट्ट, २०८१)।

प्रदेशभर सञ्चालनमा रहेका विभिन्न स्थानीय एफ.एम. रेडियोहरूले समाचार, अन्तर्वार्ता, लोकसङ्गीत र सामाजिक विषयमा आधारित कार्यक्रमहरू डोट्याली भाषामा प्रशारण गर्दै

आएका छन्। उदाहरणका लागि एफ.एम. रेडियोहरू रेडियो डोटी, रेडियो सेवेन स्टार र सौगात एफ.एम. बैतडी, रेडियो महाकाली, शुक्लाफाँटा एफ.एम., बाह्रसिँगा एफ.एम. कञ्चनपुर, घोडाघोडी एफ.एम., दिनेश एफ.एम., खप्तड एफ.एम. कैलाली लगायतका प्रदेशभरिका सबैजसो रेडियोहरूले डोट्याली भाषामा समाचार तथा अन्य साहित्यिक तथा साङ्गीतिक सामग्री उत्पादन तथा प्रचारप्रसारमा महत्वपूर्ण भूमिका खेलेका छन्। यस्ता प्रसारणका माध्यमले डोट्याली भाषामा समाचार र स्थानीय मुद्दाहरू प्रस्तुत गर्दा जनसाधारणमा सूचनाको पहुँच र सरोकार विस्तार भएको पाइन्छ।

हाल केही स्थानीय टेलिभिजन तथा अनलाइन मिडिया पोर्टलहरूले पनि डोट्याली भाषामा सामग्री निर्माण गर्न थालेका छन्। युट्युब तथा फेसबुकमा आधारित समाचार तथा मनोरञ्जनात्मक सामग्री उत्पादन गर्ने साना उत्पादन समूहहरू बढिरहेका छन् जसले भाषा मात्र होइन, स्थानीय पहिचान, कला र संस्कृति संरक्षणमा पनि योगदान पुऱ्याइरहेका छन्। यस्ता माध्यमबाट डोट्याली भाषा युवापुस्तामा लोकप्रिय बन्दै गएको सङ्केत देखिन्छ।

यद्यपि राष्ट्रियस्तरका सञ्चार माध्यममा डोट्याली भाषाको स्थान अझै कमजोर छ। नेपाल टेलिभिजन र रेडियो नेपालले डोट्याली भाषाका कार्यक्रम सीमित मात्रामा प्रसारण गर्छन् जुन समय र स्थानका हिसाबले नियमित छैन। यसले डोट्याली भाषा राष्ट्रिय धारामा समावेश हुनबाट टाढा राखेको छ।

यसै गरी सञ्चार माध्यममा प्रयोग हुने डोट्याली भाषाको मानक रूपको अभाव पनि चुनौती हो। उच्चारण, शब्द चयन र व्याकरणमा एकरूपता नभएकाले औपचारिक सामग्री निर्माणमा कठिनाइ देखिन्छ। साथै सञ्चारकर्मीहरूका लागि डोट्याली भाषामा तालिम, अभिव्यक्ति शैली र भाषा प्रयोगसम्बन्धी शैक्षिक सहयोगको पनि अभाव छ।

जेजस्तो भए तापनि डोट्याली भाषाको मौखिक सम्प्रेषणमा हुने सहजता, लोकशैली र स्थानीय जीवन अनुभवको प्रस्तुति गर्ने क्षमता सञ्चार माध्यममा यसको प्रयोगलाई अझ सशक्त बनाउने आधार बन्न सक्छ। यदि सरकारी तहबाट नीति, प्रवर्धन र प्राविधिक सहयोग प्राप्त भयो भने, डोट्याली भाषा सञ्चारको स्थायी र प्रभावकारी माध्यमका रूपमा स्थापित हुन सक्छ।

(ग) साहित्य लेखन एवम् प्रकाशनका क्षेत्रमा डोट्याली भाषा

साहित्य समाजको मनोविज्ञान, संस्कृति र भाषिक चेतनाको दर्पण हो। डोट्याली भाषामा साहित्य लेखन श्रुति परम्पराबाट सुरु भएको हो, जसमा बाललोरी, लोकगीत, देउडा, लोककथा, लोकगाथा, लोकोक्ति, प्रहसन र सामाजिक व्यङ्ग्यहरू प्रमुख थिए। पछिल्लो केही दशकदेखि यस भाषामा लेखिएका विभिन्न विधागत साहित्यिक कृतिहरूको सङ्ख्या पनि उल्लेखनीय रूपमा वृद्धि भइरहेको छ, जसले भाषा र साहित्यको सम्बन्धलाई अझ बलियो बनाएको छ।

डोट्याली भाषामा लोकसाहित्य र लोकसंस्कृति सङ्कलन प्रकाशनदेखि लिएर गद्यपद्य कविता, गीत, गजल, लोककथा, संस्मरण, लघुकथा, निबन्ध, उपन्यास, नाटक, इतिहास लेखन प्रकाशन हुँदै आएका छन्। केही स्थानीय साहित्यकारहरूले डोट्याली भाषाको संरक्षण र विकासका लागि साहित्यिक कृतिहरू प्रकाशित गरेका छन्। डोट्याली भाषा साहित्य अध्ययन

अनुसन्धान तथा लेखन प्रकाशनको जग बसाउने साहित्यकारहरु आरडी प्रभास चटौत, देवकान्त पन्त, देवराज शर्मा, एनडी प्रकाश चटौत, डा. देवीप्रसाद ओझा, आत्माराम ओझा, बासुदेव भाइसाब, श्रीधर पन्त, डा. बद्री शर्मा विनाडी, डा. पुष्कर्राज भट्ट, डा. टेकराज पन्त, दीर्घराज ओझा, वीरबहादुर चन्द विश्राम, भोजराज भट्टराई, टी.डी. वैरागी, दिलानन्द पन्त, प्रेमसिंह धामी, कृष्णदत्त चटौत कान्त, आचार्य घनश्याम लेखक, भक्तबहादुर बलायर, नारदप्रसाद ओझा, पदमराज बडू, डम्बर शर्मा बडू, भानदेव बडू, डा. जयराज पन्त, जीतसिह भण्डारी, वासुदेव पाण्डेय, जगदीश ओझा, पञ्चमराज भट्टलगायतको उल्लेखनीय योगदान रहेको देखिन्छ। त्यसै गरी अन्य सक्रिय साहित्यकारहरूमा राजेन्द्रसिंह रावल, जयानन्द परमहंस, नेत्रप्रसाद पनेरु, पूर्णानन्द भट्ट, लक्ष्मीप्रसाद भट्ट, शिवराज कलौनी, कविराज भट्ट, रमेश पन्त मीतबन्धु, सुरेश चन्द सहयात्री, हेमराज पन्त, खेमराज ओझा, खगेन्द्र जोशी, डा. टी.एन. जोशी, तीर्थराज पाण्डेय, पदमराज जोशी प्रभात, रामलाल जोशी, महादेव ओझा, कर्ण दयाल, तीर्थराज भट्ट, धर्मराज जोशी, तुलसी पण्डित, हेमबाबु लेखक, हरिशप्रसाद जोशी, चन्द्रकला पन्त, डा. नारायणी भट्ट, भूवन बोहरा निस्तेज, कृष्ण सिंह पेला, दीप सागर पन्त प्यासी, टोपेन्द्र शाह रसिक, यज्ञराज जोशी, हेमन्त विवश, डा. पदम राज कलौनी, जयदेव जोशी दार्चुले, एम.के. सलेनी, पूर्ण बहादुर मल्ल, गोविन्द पन्त वर्तमान, चक्र मिलन, प्रकाश पैतोला, कर्ण दयाल सोडारी, जनक रसिक, निर्मल कुमार भण्डारी, पूर्णानन्द ओझा लगायतका स्रष्टाहरूको डोट्याली भाषा साहित्यको विकासमा योगदान गर्दै आइरहेका छन्। त्यसै गरी डा. चुडामणि बन्धु, पूर्णप्रकाश यात्री, विजय चालिसेलगायतका यो क्षेत्र बाहिरका स्रष्टाहरूको योगदान पनि महत्वपूर्ण रहेको देखिन्छ।

यो यस क्षेत्रका स्रष्टाहरूले व्याकरण, लोककथा, उपन्यास, निबन्ध, कविता, गीत, गजल, उखानटुक्का, लगायतका डोट्याली भाषा साहित्यका विविध विधाहरू प्रकाशनमा योगदान पुऱ्याएका छन्। डोट्याली भाषामा प्रकाशित केही स्रष्टा तथा कृतिहरूमा एकराज भट्ट, प्रेमलाल ओझाको गौरापर्व गीतमाला (गीत, २०५२), डा. अर्जुनदेव भट्ट, डा. भीमदेव भट्टको बैतडीका केही स्थानीय शब्दहरू (शब्द सङ्ग्रह, २०१७) आत्माराम ओझाको रूवस (कविता सङ्ग्रह, २०६३) राजा नाग मल्ल (२०६५, ऐतिहासिक उपन्यास) आर.डी. प्रभास चटौतको डोट्याली बृहत् शब्दकोश (शब्दकोश, २०५८), एन.डी. प्रकाश चटौतको एन.डी. प्रकाशका कालजयी रचनाहरू (कविता, २०५१) रचना—प्रकाश (कविता, २०५४), कृष्णबहादुर चन्दको देउडा कोसेली (२०६२), कृष्णदत्त चटौत 'कान्त' को मल्लो बाटो (उपन्यास, २०६३), केशवदत्त भट्टको "डोट्याली उखान" (उखान सङ्ग्रह २०६५), गणेशदत्त न्यौपानेको गुल्यो—तितो (कविता सङ्ग्रह २०६१), गंगादत्त पाण्डेय 'बैद्यराज'को हमरी संस्कृति तथा लोक संस्कृति (चाडपर्वका गीत, २०६०), गिरीराज जोशीको डोट्याली शब्दकोश, गोविन्दराज पनेरू 'शास्त्री' को गोऽरा खण्डकाव्य (२०५८), घनश्याम लेखक 'बाटुली'को च्युँ मुसी च्यूँ (बालगीत, २०६१) बाटुली रामायण (नव्यकाव्य, २०६२), श्रीमती जानकीदेवी जोशीको गौरापर्व (पर्व गीत २०६०), टि.डि. बैरागीको हाँसाको थैलो (व्यङ्ग्य कविता २०५२), देवराज शर्मा भट्टको डोटेली भाषा मूल विवेचन, पहाडी व्याकरण

(२०६१), दिलानन्द पन्तको झोडो (शैल मालिकार्जुन लोकमहाकाव्य, २०६१), गौरा महाकाव्य (२०७५), नारदप्रसाद ओझाको डोटेली दर्पण (निबन्ध एवम् कविता, २०६२), नेत्रप्रसाद पनेरूको डोटेली शब्द घटक (२०६१), पदमराज बडु डम्बर शर्मा बडूको झ्यारी (हास्य कविता, २०६१), पूर्णानन्द भट्टको नान्को जात्क (कविता, २०५६), डा. पुष्कर्राज भट्टको एक थोपा सागरको (लघुकथा, २०६४) सुदूरपश्चिममा मातृभाषा साहित्य (अनुसन्धान, २०६५), डा. बद्री शर्मा बिनाडीको डोटेली शब्दकोश (२०५२), डोटेली लोकाव्य चैतको अध्ययन (२०७४), डा. जयराज पन्तको अञ्जुली भरि फाग पोल्टा भरि सगुन (२० ...), डोटेली गौरा पर्वका गीत र गाथाहरु (२०६४), भक्तबहादुर बलायरको बेलु (खण्डकाव्य, २०३८), राइमती (महाकाव्य, २०५९), डा. रामविक्रम सिजापतिको बैतडेली भाषिका (शब्द सङ्ग्रह, २०५४), लक्ष्मीप्रसाद भट्टको उजड्डी किर्मुली प्वाँख (उपन्यास, २०६१), वासुदेव भाइसाबको लोकोक्ति खण्ड (उखान, २०५१), डोटेली कोश (२०५१), गोःरा चैतालो (नाटिका, २०५५), डोटेली लोकसंस्कृति र लोकसाहित्य (संस्कृति, २०६१), सुदूरपश्चिम, डोटी प्रदेशका लोकगाथा अवलोकन (२०६३), वीरबहादुर चन्द विश्रामको डोटेली शब्द भणार (२०५२), न्वाः की (२०५७), खिचडी (गजल, मुक्तक, २०६१), शिवराज कलौनीको "हमरी लोकसंस्कृति" (संस्कार गीत सङ्ग्रह, २०६५), डा. टेकराज पन्तको ओलानु (कविता, २०८१), पूर्णानन्द ओझाको डोटी क्षेत्रका लोककथाको अध्ययन (२०७८), दीर्घराज ओझाको सुदूरपश्चिम कि वसन्ती (उपन्यास, २०७१), मदन चन्दको लोक दर्पण (२०७२), कविराज भट्टको चेला गैग्या कुरा रैग्या (किस्सा, २०८०), सुरेश चन्द ठकुरी सहयात्रीको गुर्मुली (छन्द कविता, २०८०), रमेश पन्त मीतबन्धुको वीरखाम (गजल, २०७७), खिमानन्द बडूको पचपन्नमा पचपन्न (कविता, २०८१) आदि रहेका छन्। यसै गरी गरी कृति प्रकाशन गर्न नसकेका तर लेखनमा सक्रिय थुप्रै स्रष्टाहरू रहेका छन्।

यस क्षेत्रका साहित्यिक संस्थाहरू महाकाली साहित्य सङ्गम, गुगुल्डि वाङमय प्रतिष्ठान, डोटी साहित्य परिषद्, सुदूरपश्चिमाञ्चल साहित्य समाज, डोट्याली भाषा संरक्षण प्रतिष्ठान, मानसखण्ड फाउन्डेसन, राष्ट्रियता संरक्षण अभियान, डेउडा प्रतिष्ठान, नेपाल वाङमय परिषद्, प्रगतिशील लेखक सङ्घ, नेपाली लेखक सङ्घ, महाकाली गजल प्रतिष्ठान, सुदूरपश्चिम गजल प्रतिष्ठानलगायतका संस्थाहरूले साहित्यिक गोष्ठी, प्रतियोगिता तथा पत्रिका प्रकाशनमार्फत् डोट्याली भाषा र साहित्य श्रीवृद्धिमा योगदान पुऱ्याइरहेका छन्। यस्ता संस्थाहरूले स्थानीय लेखकहरूको सिर्जना र कलालाई मञ्च प्रदान गर्ने गरेको पाइन्छ।

देवराज शर्माले डोटेली भाषा मूल विवेचन (पहाडी व्याकरण), श्रीधर पन्तले डोट्याली व्याकरण, आर.डी. प्रभास चटौतले डोट्याली शब्दकोश, वीरबहादुर चन्दले डोट्याली शब्द भँणार, महाकाली साहित्य सङ्गमले आधारभूत व्याकरण र शब्दकोश प्रकाशन गरे तापनि डोट्याली भाषाको औपचारिक मानक रूप विकास नहुनु, प्रकाशनका लागि आर्थिक स्रोतको अभाव तथा भाषिक सामग्री सम्पादनका दक्ष जनशक्तिको कमीले साहित्यिक लेखन र प्रकाशनमा चुनौती उत्पन्न गरिरहेको छ। यस्ता चुनौतीहरू समाधान गर्न प्रादेशिक सरकार तथा शैक्षिक संस्थाहरूको सहकार्य आवश्यक छ।

खण्ड चारः मातृभाषाको प्रयोग

यसबाट स्पष्ट हुन्छ कि डोट्याली भाषामा साहित्यिक लेखन र प्रकाशनको प्रयासहरू सशक्त हुँदै गएका छन्। यिनले न केवल भाषाको संरक्षणमा योगदान दिएका छन् समग्र प्रदेशको सांस्कृतिक पहिचान निर्माणमा समेत महत्वपूर्ण भूमिका खेलेका छन्।

घ) सामाजिक व्यवहारमा डोट्याली भाषा

डोट्याली भाषा सुदूरपश्चिम प्रदेशको सामाजिक जीवनको मेरुदण्डका रूपमा रहेको छ। यो भाषा केवल सञ्चारको माध्यम मात्र नभई सामाजिक सम्बन्धको आधार, सांस्कृतिक अभिव्यक्तिको वाहक तथा सामुदायिक चेतनाको प्रमुख अङ्गका रूपमा प्रयोग हुँदै आएको छ। दैनिक जीवनका व्यवहारदेखि धार्मिक, सांस्कृतिक र पारिवारिक क्रियाकलापसम्म डोट्याली भाषाको प्रयोग गहिरो रूपमा देखिन्छ।

सामाजिक व्यवहारमा डोट्याली भाषा सबै वर्ग, जात, र उमेर समूहमा समान रूपमा प्रयोग हुने भाषा हो। विवाह, भोजभतेर, पर्व, उत्सव, मेलापात, गाउँसभा, देवालय पूजा आदि सामाजिक क्रियाकलापमा डोट्याली भाषा नै सञ्चार र समन्वयको प्रमुख माध्यम हुन्छ। यस्ता सामाजिक प्रसङ्गहरूमा प्रयोग हुने ठट्यौली, उखान टुक्का, देउडा, दोहोरी र लोकगाथाहरूले भाषाको मौलिकता र सांस्कृतिक गहिराइ झल्काउँछन्।

स्थानीय तहका सभा, समुदायिक बैठक तथा गैरसरकारी संस्थाको जनचेतनामूलक कार्यक्रमहरूमा पनि डोट्याली भाषाको प्रयोग भइरहेका छन्। यसले जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न तथा सूचना सम्प्रेषणलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याएको छ।

युवापुस्ता पनि सामाजिक सञ्जाल, युट्युब र टिकटकजस्ता माध्यममा डोट्याली भाषामा भिडियो, कविता, तथा हाँस्यव्यङ्ग्य प्रस्तुत गर्दै सामाजिक मुद्दा, मनोरञ्जन र पहिचान अभिव्यक्त गर्दै आएका छन्। यसबाट भाषाको सामाजिक स्वीकार्यता अझ व्यापक हुँदै गएको देखिन्छ।

यद्यपि, शहरकेन्द्रित शैक्षिक र प्रशासनिक संरचनाहरूमा नेपाली र अङ्ग्रेजी भाषाको बढ्दो प्रभावका कारण डोट्याली भाषालाई 'गाउँले भाषा' 'कम प्रतिष्ठित' भाषाका रूपमा हेरिने प्रवृत्ति पनि देखिएको छ। यसले केही युवा पुस्तामा भाषाप्रति आत्महीनता र उपेक्षा झल्काउने खतरा निम्त्याएको छ। सामाजिक व्यवहारमा डोट्याली भाषाको प्रयोगले स्थानीय पहिचान, सामाजिक समानता र भाषिक आत्मगौरवलाई बल पुऱ्याएको स्पष्ट देखिन्छ। यदि यो व्यवहारलाई शैक्षिक, सञ्चार र सरकारी संरचनामा पनि समान रूपमा विस्तार गर्न सकियो भने डोट्याली भाषा सुदूरपश्चिमको साझा भाषिक माध्यमका रूपमा स्थापि हुनसक्छ।

४. प्रदेशमा सरकारी कामकाजमा डोट्याली भाषा प्रयोग

नेपालको संविधान २०७२ को धारा ७ (२) अनुसार प्रदेश सरकारले आफ्नो भूगोलमा बोलिने एक वा बढी मातृभाषालाई सरकारी कामकाजको भाषा बनाउन सक्ने संवैधानिक प्रावधान रहेको छ। यस प्रावधानले सुदूरपश्चिम प्रदेशमा डोट्याली भाषालाई सरकारी कामकाजमा प्रयोग गर्ने कानुनी बाटो खुला गरेको छ। प्रदेशमा डोट्याली भाषाभाषीको जनसङ्ख्या उच्च (केन्द्रीय तथ्याङ्क विभाग, २०७८) भएकाले यस भाषालाई कामकाजी भाषा बनाउने आधार बलियो छ।

खण्ड चारः मातृभाषाको प्रयोग

क) जनसङ्ख्याको बलियो आधार

राष्ट्रिय जनगणना २०७८ अनुसार सुदूरपश्चिम प्रदेशका अधिकांश जिल्लाहरूमा डोट्याली भाषा पहिलो मातृभाषाका रूपमा बोलिन्छ। डोटी, डडेल्धुरा, बैतडी, दार्चुला, कैलाली, अछाम, बाजुरा, बझाङ र कञ्चनपुर जिल्लामा यो भाषा बोल्ने जनसङ्ख्या बहुमतमा छन्। भाषिक सङ्ख्यात्मक बहुलताका आधारमा सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सकिने एक प्रमुख आधार हो।

ख) प्रशासनिक पहुँच र सहजता

स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, र सेवाग्राहीहरूको दैनिक व्यवहारमा डोट्याली भाषा स्वभाविक रूपमा प्रयोग हुने गरेको पाइन्छ। सेवा प्रवाह गर्दा आम नागरिकले बुझ्न सक्ने भाषाको प्रयोग गर्नु लोकतान्त्रिक प्रशासनको आधारभूत सिद्धान्त हो। यस्तो अवस्थामा डोट्याली भाषामा सूचना, सेवा र कार्यक्रम सञ्चालित गर्दा नागरिकको पहुँच अझ प्रभावकारी बन्नेछ।

ग) भाषिक क्षमता र प्रयोगको पूर्वाधार

सञ्चार, शिक्षा, साहित्य, र सामाजिक व्यवहारमा डोट्याली भाषाको व्यापक प्रयोगले आवश्यक भाषिक पूर्वाधार निर्माण गरिसकेको छ। शिक्षक, सञ्चारकर्मी, साहित्यकार तथा स्थानीय समाजमा भाषा लेख्ने, पढ्ने र अनुवाद गर्ने दक्ष जनशक्ति मौजुद छ। यदि राज्यले आवश्यक नीति, तालिम र स्रोत प्रदान गऱ्यो भने डोट्याली भाषामा सरकारी दस्तावेज, सूचना तथा प्रशासनिक सम्प्रेषण सहजै सम्भव हुनेछ।

घ) बहुभाषिक पहिचानको संवर्धन

डोट्याली भाषालाई कामकाजी भाषाका रूपमा मान्यता दिनु भनेको केवल भाषिक विविधताको सम्मान मात्र होइन, सुदूरपश्चिमको ऐतिहासिक, सांस्कृतिक र सामाजिक पहिचानलाई संस्थागत गर्नु पनि हो। यसले संविधानको भावनाअनुसार सबै भाषालाई समान अवसर दिनेसम्बन्धी धारालाई व्यवहारमा उतार्न सहयोग गर्छ।

यी आधारहरूले स्पष्ट सङ्केत गर्छन् कि सुदूरपश्चिम प्रदेशमा डोट्याली भाषालाई सरकारी कामकाजको माध्यमका रूपमा प्रयोग गर्न सकिने पर्याप्त सम्भावना छन्। यसको लागि राजनीतिक इच्छाशक्ति, प्रशासनिक नीतिगत प्रतिबद्धता र भाषिक पूर्वाधार विस्तारको आवश्यकता पर्छ।

ङ) अन्य प्रदेशको उदाहरण

नेपालका अन्य प्रदेशहरू जस्तै कोशी प्रदेशमा लिम्बू र राई भाषालाई, गण्डकी प्रदेशमा मगर भाषालाई कामकाजी भाषा बनाउने प्रक्रिया अघि बढेको छ (भाषा आयोग, २०७८)। यस्ता उदाहरणहरूले डोट्याली भाषालाई पनि औपचारिक प्रयोगमा ल्याउने प्रेरणा दिन्छ।

यी आधारहरूले स्पष्ट सङ्केत गर्छन् कि सुदूरपश्चिम प्रदेशमा डोट्याली भाषालाई सरकारी कामकाजको माध्यमका रूपमा प्रयोग गर्न सकिने पर्याप्त सम्भावना छन्। यसको लागि राजनीतिक इच्छाशक्ति, प्रशासनिक नीतिगत प्रतिबद्धता र भाषिक पूर्वाधार विस्तारको आवश्यकता पर्छ।

खण्ड चारः मातृभाषाको प्रयोग

५. प्रदेशमा सरकारी कामकाजमा डोट्याली भाषा प्रयोगको आवश्यकता र चुनौती

(क) प्रयोगको आवश्यकता

अ) नागरिक पहुँच र सहभागिता बढाउन

बहुसंख्यक नागरिक मातृभाषा डोट्याली बोल्ने सुदूरपश्चिममा यदि सरकारी सूचना, सेवा र निर्णय प्रक्रिया डोट्याली भाषामै हुने हो भने सेवाग्राहीको पहुँच र सहभागिता उल्लेखनीय रूपमा बढ्नेछ। नागरिकलाई बुझिने भाषामा सेवाप्रवाह हुनु लोकतान्त्रिक शासनको आधारभूत पक्ष हो।

आ) भाषिक समानता र पहिचानको सम्मान

संविधानले सबै भाषालाई समान अधिकार दिएको सन्दर्भमा डोट्याली भाषालाई प्रदेशस्तरीय कामकाजको भाषा बनाउनुले भाषिक न्यायको अभ्यास हुनेछ। यसले स्थानीय भाषाप्रति गौरव बढाउने, आत्मसम्मान जगाउने र भाषिक भेदभाव अन्त्य गर्ने वातावरण तयार गर्छ।

इ) शासकीय पारदर्शिता र जवाफदेहिता बलियो बनाउने

स्थानीय भाषामा सूचना प्रवाहले जनताले सरकारका नीति, योजना, तथा कार्यक्रम सहज बुझ्न सक्ने हुँदा सामाजिक निगरानी र जवाफदेहिता बलियो बन्ने सम्भावना रहन्छ।

ई) स्थानीय ज्ञान, संस्कार र प्रशासनिक कार्यसंस्कृतिसँग समन्वय

डोट्याली भाषाको प्रयोगले प्रशासनिक प्रक्रिया र स्थानीय ज्ञानबीच सहकार्य बढ्छ। यसले सेवाको गुणस्तर, समस्या समाधानको सान्दर्भिकता, र संस्कृतिअनुकूल नीति निर्माणमा सघाउ पुऱ्याउँछ।

(ख) प्रयोगसम्बन्धी चुनौतीहरू

अ) वक्ताहरूको सङ्ख्या घट्दै जानु

वर्तमानमा मानिसहरुको व्यवहारमा अन्य भाषाको प्रभाव बढ्दै जानाले डोट्याली भाषाका वक्ताहरूको सङ्ख्या घट्दै गइरहेको देखिन्छ।

आ) कानुनी र नीतिगत अस्पष्टता

हालसम्म प्रदेश सरकारबाट डोट्याली भाषालाई औपचारिक रूपमा कामकाजी भाषाका रूपमा मान्यता दिने कानुनी व्यवस्था स्पष्ट रूपमा बनेको छैन। नीति निर्माणको ढिलाइ र स्पष्ट कानुनी संरचनाको अभाव प्रमुख चुनौती हो।

इ) प्राविधिक तथा प्रशासनिक पूर्वाधारको अभाव

सरकारी कामकाजका लागि डोट्याली भाषामा आवश्यक प्रशासनिक शब्दावली, कार्यशैली, लेखनशैली, सूचना प्रणाली, फारामहरू आदि तयार गर्नुपर्ने हुन्छ। यस्ता सामग्रीहरूको अभावले तत्कालिक प्रयोगमा अवरोध उत्पन्न गर्छ।

ई) मानव स्रोत तथा तालिमको समस्या

प्रशासनिक कामकाजमा प्रयोग हुने भाषिक दक्षता, लेखन सीप, अनुवाद कला आदिमा दक्ष जनशक्ति सीमित छ। विशेष गरी सरकारी कर्मचारीहरूलाई डोट्याली भाषामा तालिम र अभिव्यक्ति अभ्यास नहुनु एक ठूलो अवरोध हो।

उ) भाषिक विविधताको समायोजन

सुदूरपश्चिममा डोट्याली बाहेक थारु, बैतडेली, बझाङी, अछामी आदि अन्य मातृभाषी समुदायहरू पनि छन्। एक भाषालाई प्रमुख कामकाजी भाषा बनाउँदा अन्य भाषिक समुदायको प्रतिनिधित्व कसरी सुनिश्चित गर्ने भन्ने विषयमा सन्तुलन कायम राख्नुपर्ने हुन्छ।

ऊ) मानकीकरणको अभाव

डोट्याली भाषाको उच्चारण, वाक्य संरचना, र लेखनशैली विभिन्न भूगोलमा फरकफरक देखिने भएकाले कामकाजी प्रयोगका लागि मानकीकरणको आवश्यक हुन्छ। भाषाको व्याकरण, शब्दकोश र औपचारिक शैली विकास गर्न समय, श्रम र स्रोत लाग्छ।

ए) मातृभाषाप्रति उपेक्षा

वर्तमान समयमा आगन्तुक भाषाप्रतिको मोहका कारण मातृभाषाको प्रयोगप्रति उपेक्षा गरिएको पाइन्छ। घरमै पनि बालबालिकाहरूलाई डोट्याली भाषाको सट्टा नेपाली तथा अङ्ग्रेजी भाषाको प्रयोग गर्न उत्प्रेरित गर्ने गरेको पाइन्छ भने सामुदायिक तथा निजी विद्यालयहरूले त मातृभाषा प्रयोग गरेमा दण्ड समेत गर्ने गरेबाट झन् यस भाषाको उपेक्षा भएको पाइन्छ। मातृभाषा शिक्षा सरकारी कामकाजको भाषा घोषित भए पनि कार्यान्वयनमा समस्या देखिएको छ।

यसरी भन्नुपर्दा प्रदेशमा डोट्याली भाषाको कामकाजी प्रयोग आवश्यक मात्र होइन, संविधानसम्मत अधिकार र सामाजिक न्यायको अभिव्यक्तिका रूपमा पनि अत्यन्त सान्दर्भिक छ। तर यसका लागि दीर्घकालीन योजना, स्पष्ट नीति, स्रोतसाधनको व्यवस्था र सामाजिक समावेशीताको सुनिश्चितता अनिवार्य हुनेछ।

६. सुदूरपश्चिमका अन्य मातृभाषा विकासका सम्भावना

सुदूरपश्चिम प्रदेश भाषिक विविधताले सम्पन्न प्रदेश हो। कालीकर्णाली भूखण्डमा नेपाली भाषाको प्रमुख क्षेत्र पनि नेपाल एकीकरण पश्चात् बढ्दै गएको पाइन्छ। सौका (व्याँसी) खस तिब्बती, राजी, राउटे, मगर, रानाथारु, डंगौरा थारु लगायतका यस क्षेत्रका अन्य मातृभाषाहरू वर्तमानमा विद्यमान रहेका छन् (ओझा, २०८१: १८३)। यसैगरी बझाङी, अछामी, सौका र बाजुरेली तथा स्थानीय बोलीहरू समेत पाइन्छन्। यी सबै भाषाहरू/बोलीहरू स्थानीय समुदायको सांस्कृतिक सम्पदा, ज्ञान र पहिचानसँग जोडिएका छन्। यिनको संरक्षण र प्रवर्धन गर्ने अत्यधिक सम्भावना विद्यमान छ यद्यपि अझै पर्याप्त नीति र प्रयासको खाँचो देखिन्छ।

क) थारु भाषा

कञ्चनपुर र कैलाली जिल्लामा थारु भाषाभाषीको उल्लेख्य उपस्थिति छ। थारु समुदायको ऐतिहासिक बसोबास, संस्कार, र सांस्कृतिक परम्परासँग थारु भाषा गहिरो रूपमा गाँसिएको छ। थारु भाषामा शिक्षा, रेडियो कार्यक्रम, साहित्य सिर्जना र सांस्कृतिक कार्यक्रमको माध्यमबाट यसको विकास सम्भव छ। राष्ट्रियस्तरमै थारु भाषालाई समावेशीकरणको उदाहरणका रूपमा हेर्ने गरिन्छ। थारु भाषाअन्तर्गत रानाथारु र डगौरा थारुका भाषामा विविधता छ। यी भाषाहरुको समेत संरक्षण र संवर्धन गर्नु आवश्यक देखिन्छ।

(ख) बझाङी, अछामी, बाजुरेली, सौका आदि अन्य भाषा

यी भाषा तथा बोलीहरू/उपभाषाहरू डोट्याली भाषासँग सम्बन्धित भए पनि आफ्नो पृथक उच्चारण, शब्द प्रयोग, र बोलीचालीमा विशिष्टता बोकेका छन्। त्यसै गरी ब्यासी, धुलेली, राउटे खाम्ची, भोटे, राजी, जुम्ली, संस्कृत, खसलगायतका ७२ ओटा मातृभाषा सुदूरपश्चिमका मातृभाषाका रूपमा देखिएका छन्। जसमा एक हजारभन्दा कम जनसङ्ख्या भएका मातृभाषी ५० रहेका छन्। राष्ट्रिय भाषाको रूपमा रहेको नेपाली मातृभाषा भएकाको जनसङ्ख्या सर्वाधिक रहेको छ (ओझा, २०८१:१८४)। यिनको लिपिबद्ध अध्ययन, शब्दसङ्ग्रह, मौखिक इतिहास दस्तावेजीकरण, र स्थानीय पाठ्यक्रममा प्रयोगबाट विकास सम्भव छ। भाषा आयोग (२०७८) ले यस्ता भाषाहरूमाथि प्रारम्भिक अध्ययनको सिफारिस गरिसकेको देखिन्छ।

७. स्थानीय तह तथा सरकारी कामकाजमा डोट्याली भाषा प्रयोगको आवश्यकता

सुदूरपश्चिम प्रदेशका अधिकांश स्थानीय तहहरू ग्रामीण पृष्ठभूमिमा रहेका छन् जहाँ डोट्याली भाषा जनजीवनको प्रमुख सञ्चार माध्यम हो। यस्ता तहमा आम नागरिकसँग प्रत्यक्ष रूपमा सेवा प्रवाह गर्ने कार्य अधिक हुने भएकाले नागरिकमैत्री भाषा प्रयोग गर्नुपर्छ भन्ने माग स्वभाविक रूपमा उठेको छ। यो सन्दर्भमा स्थानीय तहमा डोट्याली भाषा प्रयोग गर्नुको आवश्यकता देखिन्छ।

(क) सेवा प्रवाहलाई प्रभावकारी र समावेशी बनाउने

स्थानीय तहमा नागरिकसँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यहरू जस्तै प्रमाणपत्र वितरण, सामाजिक सुरक्षा, कर प्रणाली, अनुदान, शिक्षा, स्वास्थ्यलगायतका सेवा प्रवाह गर्दा बुझिने भाषामा सूचना दिनु आवश्यक हुन्छ। डोट्याली भाषाको प्रयोगले सेवाग्राहीले स्पष्ट रूपमा बुझ्ने, प्रतिक्रिया दिने, र सहभागी हुने वातावरण सिर्जना गर्नेछ।

(ख) भाषिक अधिकारको सुनिश्चितता

नेपालको संविधान तथा भाषा आयोगको सिफारिस (२०७८) अनुसार स्थानीय तहले मातृभाषाको प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ। त्यसको कार्यान्वयनको सबैभन्दा उपयुक्त र प्रभावकारी क्षेत्र भनेको स्थानीय तह हो जहाँ जनताको भाषिक अधिकार सिधै व्यवहारमा उतार्न सकिन्छ।

(ग) प्रशासनिक पारदर्शिता र जवाफदेहिता

स्थानीय स्तरमा भएका निर्णय, बजेट, नीति तथा योजनाबारे नागरिकलाई जानकारी दिन डोट्याली भाषाको प्रयोग गर्दा पारदर्शिता बढ्छ। नागरिकले आफूमाथि हुने निर्णयहरू बुझ्ने अवसर पाएपछि प्रशासनप्रति उत्तरदायित्व र जवाफदेहिता माग्न सक्ने अवस्था बलियो हुनेछ। यसरी भाषाप्रति उपेक्षा होइन लगाव वृद्धि हुन्छ।

(घ) भाषा संस्कृतिको संरक्षण

स्थानीय तहहरूले डोट्याली भाषाको औपचारिक प्रयोग सुरु गरेमा स्थानीय भाषा, संस्कृतिको सम्मान, संरक्षण र प्रवर्धन स्वतः हुनेछ। यो अभ्यासले युवा पुस्तामा भाषिक गर्वबोध र पहिचानको भावना बलियो बनाउँछ। साथै पुस्तान्तरणमा पनि सहयोग पुग्ने देखिन्छ।

(ङ) दीर्घकालीन संरचनागत लाभ

स्थानीय तहमा डोट्याली भाषाको प्रयोगले भाषिक नीतिहरूको कार्यान्वयन अभ्यास तयार गर्छ, जसले पछि प्रदेश तथा सङ्घीय तहसम्म भाषा प्रयोगको संस्थागत ढाँचा विकास गर्न सहयोग पुऱ्याउँछ।

यसरी हेर्दा स्थानीय तहहरू डोट्याली भाषा प्रयोगको आरम्भिक र प्रभावकारी आधार बन्न सक्छन्। यसका लागि स्थानीय नीतिमा स्पष्ट प्रावधान, कर्मचारीलाई तालिम, भाषा सामग्रीको विकास र नागरिकको सक्रिय संलग्नता अनिवार्य छ।

८. निष्कर्ष

पश्चिम नेपालको सभ्यता तथा संस्कृतिको विकास सयौं वर्ष लागेर भएको हो। यस सभ्यता अन्तर्गतको सुदूरपश्चिम प्रदेश भाषिक, सांस्कृतिक तथा भौगोलिक दृष्टिले विविधतायुक्त प्रदेश हो जहाँ डोट्याली भाषा बहुसङ्ख्यक जनसमुदायको दैनन्दिन व्यवहारको मूल सञ्चार माध्यमको रूपमा क्रियाशील छ। संविधानले दिएको भाषिक अधिकार, भाषा आयोगको सिफारिस (२०७८), तथा राष्ट्रिय जनगणना, २०७८ का तथ्याङ्कले डोट्याली भाषालाई सरकारी कामकाजमा प्रयोग गर्ने कानुनी, सामाजिक र सांस्कृतिक आधारहरू सुनिश्चित गरेका छन्।

शिक्षा, सञ्चार, साहित्य र सामाजिक व्यवहारमा डोट्याली भाषाको प्रयोगले यसको प्रशासनिक प्रयोगका लागि आवश्यक पूर्वाधारहरूको उपस्थितिलाई स्पष्ट गर्दछ। त्यस्तै स्थानीय तहमा यसको प्रयोगले नागरिक पहुँच, प्रशासनिक जवाफदेहिता र भाषिक समानता जस्ता पक्षमा सुधार ल्याउन सक्छ। डोट्याली भाषाको प्रयोगमा विविध चुनौतीहरू पनि विद्यमान छन्। जस्तै नीति तथा कानुनी अस्पष्टता, प्राविधिक स्रोतको अभाव, मानकीकरणको आवश्यकता, र अन्य भाषिक समुदायहरूको समावेशीताका विषयहरू आदि रहेका छन्। यी चुनौतीहरूको सम्बोधन गर्दै प्रदेशले डोटेली भाषालाई प्रदेशको कामकाजी भाषाको रूपमा मान्यता दिने दिशामा स्पष्ट, दूरदर्शी र समावेशी नीति अवलम्बन गर्नुपर्छ।

सुदूरपश्चिमका अन्य मातृभाषाहरूको संरक्षण र विकासका सम्भावना पनि उच्च छन्। प्रदेशले समावेशी भाषा नीति बनाएर सबै मातृभाषालाई शिक्षा, सञ्चार र प्रशासनिक प्रयोगमा स्थान दिन सकेमा प्रदेशको भाषिक सम्पदा अझ समृद्ध र सशक्त बन्नेछ। सभ्यता र संस्कतिको संरक्षणका लागि पनि भाषिक संरक्षण आवश्यक छ। व्यावहारिक जीवनसँग भाषा-साहित्य जोड्दै अगाडि बढ्न प्रोत्साहित गर्नुपर्ने, हीनताबोध त्याग्नुपर्ने हुन्छ। आधुनिकताको नाममा पश्चिमाकरणमा लिप्त भई आफ्नोपन बिर्सियौं भने पहिचान र इतिहास हराउने खतरा रहन्छ। अन्ततः डोट्याली भाषाको औपचारिक प्रयोग केवल भाषिक न्यायको विषय होइन, यो सुदूरपश्चिमको पहिचान, गर्व र सामाजिक सशक्तीकरणसँग पनि जोडिएको विषय हो। यस दिशामा सरकारी, शैक्षिक, र सामाजिक तहबाट योजनाबद्ध, अनुसन्धानमा आधारित र जनसहभागितायुक्त पहल आवश्यक छ।

खण्ड चारः मातृभाषाको प्रयोग

सन्दर्भ सूची

अधिकारी, सूर्यमणि. (२०६०). *बाइसे राज्यको इतिहास.* भुँडीपुराण प्रकाशन।

आत्रेय, जगन्नाथ. (२०८१). डोट्याली भाषाका केही विशिष्ट पक्षहरू। *भाषालोक (अनुसन्धानमूलक पत्रिका).* भाषा आयोग।

ओझा, जगदीश. (२०८१). सुदूरपश्चिमको भाषिक अवस्था र चुनौतीहरू. *डडेल्धुरा धरोहर,* वर्ष १, अङ्क २. डडेल्धुरा सामुदायिक पुस्तकालय।

केन्द्रीय तथ्याङ्क विभाग. (२०२२)- *राष्ट्रिय जनगणना २०७८ः सङ्क्षिप्त रिपोर्ट.* नेपाल सरकार, राष्ट्रिय योजना आयोग सचिवालय।

चन्द, वीरबहादुर. (२०७५). डोट्याली भाषाको इतिहास. *सङ्गम,* वर्ष २०, अङ्क, १२. महाकाली साहित्य सङ्गम।

चालिसे, विजय. (२०३९). *डोटेली लोकसंस्कृति र साहित्य.* साझा प्रकाशन।

जोशी, खगेन्द्र. (२०६८). डोट्याली भाषाको अवस्था र मानकीकरणको आवश्यकता। *सङ्गम,* अङ्क ९. महाकाली साहित्य सङ्गम।

जोशी, खगेन्द्र. (२०७८). डोट्याली भाषाको परिचय र अवस्थासम्बन्धी कार्यपत्र. *गुगुल्डि मासिक,* वर्ष २४, अङ्क १ (पूर्णाङ्क २८६). गुगुल्डि वाङ्मय प्रतिष्ठान।

डोटेली भाषा. (२०८२, जेठ ०२). *विकिपिडिया*बाट अवतरित।

पन्त, जयराज. (२०६४). *देउडा.* वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र।

पन्त, दिलानन्द. (२०७५). *गौरा (महाकाव्य,अठ्यावाली)*।

पन्त, श्रीधर. (२०६८). *डोट्याली व्याकरण.* तारादेवी पन्त।

भट्ट, कविराज. (२०८१). *डोट्याली भाषाको मिडिया पत्रकारिताः समाजमा यसको योगदान र चुनौतीहरू.* प्रेस काउन्सिल नेपाल।

भट्ट, तीर्थराज र साउद, फणेन्द्र. (२०७८). डोटेली भाषाको विकासमा कैलाली जिल्लाबाट भएका प्रयासहरू. *गुगुल्डि मासिक,* वर्ष २४, अङ्क, १ (पूर्णाङ्क, २८६). गुगुल्डि वाङ्मय प्रतिष्ठान।

भट्ट, पञ्चमराज. (२०६७). *पुख्यौली.* ईश्वरीदत्त भट्ट।

भट्ट, पञ्चमराज. (२०७५). डोट्याली साहित्यको इतिहास. *सङ्गम,* वर्ष २०, अङ्क १२. महाकाली साहित्य सङ्गम।

भट्ट, पञ्चमराज. (२०७८). डोट्याली भाषाका सम्बन्धमा. *गुगुल्डि मासिक,* वर्ष २४, अङ्क १० (पूर्णाङ्क, २८६). गुगुल्डि वाङ्मय प्रतिष्ठान।

भट्ट, पुष्कारराज. (२०६५). *सुदूर पश्चिमा मातृभाषा साहित्य.* जनमत प्रकाशन।

भट्टराई, भोजराज. (२०७०). *डोटी राज्यको इतिहास.* भोजराज भट्टराई।

भाइसाब, वासुदेव. (२०६३). *सुदूरपश्चिमा डोटी प्रदेशका लोकगाथा अवलोकन.* महाकाली साहित्य सङ्गम।

भाइसाब, वासुदेव. (२०६६). *डोटी प्रदेशको लोकवाङ्मय कोश.* साझा प्रकाशन।

भाइसाब,वासुदेव.(२०६६a). *डोट्याली कोश(लोकोक्ति खण्ड).* वासुदेव भाइसाब।

भाषा आयोग. (२०७८). *सुदूरपश्चिम प्रदेशमा मातृभाषा र भाषिक अधिकार अध्ययन प्रतिवेदन.* भाषा आयोग।

भाषा आयोग.(२०७८). *नेपालमा सरकारी कामकाज र सूचनामा भाषाको प्रयोग सम्बन्धी सिफारिसहरू.* भाषा आयोग।

विनाडी, बद्री शर्मा. (२०७४). *डोटेली लोककाव्यः चैतको अध्ययन*।

शर्मा, भट्ट देवराज. (२०१?). *डोटेली भाषा मूल विवेचन पहाडी व्याकरण.* साहित्य सुधाकर।

ISSN: 3102-0941 (Print)

भाषा आयोगको सहकर्मी-समीक्षित जर्नल

भाषालोक

वर्ष ५, अङ्क १:७३-८९, चैत २०८२

मध्य-मैथिलीको सहायक क्रिया रूप : नेपालमण्डलका नेवार नरेशकृत नाट्यकृति र गीतिकाव्यको पाठगत विमर्शको परिप्रेक्ष्यमा

प्रा. डा. रामावतार यादव

सल्लाहकार, भाषा आयोग

Ramyadav1942@gmail.com

(प्राप्त मितिः २०८९/०९/३०; स्वीकृत मितिः २०८९/१२/०१)

लेखसार

मैथिली भाषा-साहित्यको प्रामाणिक ऐतिहासिकताको प्रतिपादनार्थ यसका अभिलेखीय पाठहरूबाट निःसृत नयाँ-नयाँ साक्ष्यको आधारमा यस भाषाका वैयाकरणिक अवयवहरूको वैज्ञानिक भाषिक वर्णन-विवेचन प्रस्तुत हुनु अपरिहार्य हुन आउँछ। विवेच्य आलेखको प्रतिपाद्य विषय नेपालमण्डलका नेवार नृपहरू-विरचित मध्यकालीन (१६००-१७६९ ई.) मैथिली नाट्यकृति एवम् गीतिकाव्यका प्रकाशित पाठमा प्रयुक्त सहायक क्रिया (Auxiliary verbs) का विविध रूपिम-तत्त्वहरूको सम्यक् भाषिक विवेचन गर्नु तथा तिनको पुरानो प्रयोग वा "पहिलो प्रयोग"को पाठगत काल-निर्धारण गर्नु रहेको छ।

मैथिलीको एउटा अर्को व्याकरणिक अवयव पूर्वकालिक क्रियाको उद्गम र विकासको ऐतिहासिक-भाषावैज्ञानिक विवेचनबारे ठीक यस्तै एउटा प्रकाशित आलेखका लागि हेर्नुहोस् यादव (२००५)।

प्रस्तुत अध्ययन-विवेचन कार्यको सफल सम्पादनका लागि ई. १८९१-२०१८सम्म, अर्थात् जम्माजम्मी १२७ वर्षभरिमा जर्मनी, भारत र नेपालका अध्येता-अनुसन्धाताद्वारा सम्पादित-प्रकाशित निम्नलिखित सातवटा नाट्य तथा पाँचवटा गीतिसहित कुल बाह्रवटा प्रतिनिधि मध्य-मैथिली साहित्यिक कृतिको चयन आधार-ग्रन्थका रूपमा गरिएको छ।

शब्द कुञ्जीहरूः *मध्य-मैथिली, नेपालमण्डल, नाट्य, गीति, ऐतिहासिक-भाषावैज्ञानिक*।

१. चयन गरिएका प्रतिनिधि मध्य-मैथिली साहित्यिक कृतिहरू

मध्य-मैथिली नाट्यकृति एवम् गीतिकाव्यका प्रकाशित पाठमा प्रयुक्त सहायक क्रिया (Auxiliary verbs) का विविध रूपिम-तत्त्वहरूको सम्यक् भाषिक विवेचनका लागि निम्नलिखित साहित्यिक कृतिहरू आधार ग्रन्थको रूपमा लिइएका छन्:

१. जगज्ज्योतिर्मल्ल (१६१४-१६३७) कृत *मुदितकुवलयाश्व नाटक,* १६२८ ई.
२. जगज्ज्योतिर्मल्ल (१६१४-१६३७) कृत *हरगौरीविवाह नाटक,* १६२९ ई.
३. सिद्धिनरसिंहमल्ल (१६२०-१६६१) शासन-काल रचित *हरिश्चन्द्रनृत्यम्-नाटक,* १६५१ ई.

४. जगत्प्रकाशमल्ल (१६४३-१६७२) कृत *प्रभावतीहरण नाटक*, १६५६ ई.
५. जगत्प्रकाशमल्ल (१६४३-१६७२) कृत *प्रद्युम्नविजय नाटक*, ई.सं १६६६ तिर
६. भूपतीन्द्रमल्ल (१६९६-१७२२) कृत *पर्शुरामोपाख्यान-नाटक*, १७१३ ई.
७. भूपतीन्द्रमल्ल (१६९६-१७२२) कृत *विद्याविलाप नाटक*, १७२० ई.
८. जगज्ज्योतिर्मल्ल (१६१४-१६३७) कृत *गीत-पञ्चाशिका*, १६२८ ई.
९. सिद्धिनरसिंहमल्ल (१६२०-१६६१) कृत गीत संग्रह *सिद्धि नरसिंह मल्ल*
१०. जगत्प्रकाशमल्ल (१६४३-१६७२) कृत *नानार्थ देव देवी गीत संग्रह*, १६६१ ई. तिर
११. जगत्प्रकाशमल्ल (१६४३-१६७२) कृत *गीतपञ्चक*, १६६२ ई.
१२. नेपालका शिलालेखीय अभिलेखहरूबाट सङ्गृहीत *मैथिली अभिलेख गीतमाला*

आधुनिक मैथिली व्याकरणमा अनेकौं भाँतिका रूपिम-तत्त्वहरू सहायक क्रियाजस्तो व्यवहृत हुने गरेका पाइन्छन्, यथा :

वर्तमान काल	*अछि*	—	३ अनादरार्थी
	छ-	—	अन्यत्र
भूत काल	*छ-*		
	(रह-)		
भविष्यत् काल	*रह-*		
	(हो-)		

यसका अलावा *थिक/थीक* सहायक क्रियाबारे पछि छुट्टै सविस्तार विवेचन गरिनेछ — मूल उद्येश्य भने मध्ययुगीन मैथिली साहित्यमा यस असार्वत्रिक (defective) सहायक क्रियाको प्रवेशको पाठगत काल निर्धारण गर्नु रहको छ।

सहायक क्रियाका रूपिमतत्त्वहरूका वैयाकरणिक वैशिष्ट्यहरू निम्नानुसार छन् :

क. यी रूपिम-तत्त्वहरू सहायक क्रिया ('helping' verb) र मुख्य क्रिया (main verb) गरी दुवै रूपमा व्यवहृत हुन्छन्।
ख. कुनै सहायक क्रियाको रूपिम मुख्य क्रियासँग त्यस बखत मात्र जोडिन पुग्दछ जब मुख्य क्रिया पक्ष (aspect) रूपिमले अन्वित भएको हुन्छ।
ग. अर्थात्, सहायक क्रिया मुख्य क्रियालाई नियन्त्रित (govern) गर्दछ।
घ. सहायक क्रिया मुख्य क्रियासँग पक्ष रूपिम अन्वित भए पश्चात् नै जोडिने भएको हुँदा स्वभावतः काल (tense), भाव (mood), अन्विति (agreement) तथा आदरार्थी (honorificity) रूपिम आदि पनि सहायक क्रियासँगै जुट्न पुग्छन्, मुख्य क्रियासँग होइन।
ङ. यसबाट प्रकृत्या सहायक क्रिया कालवाची रूपिमको बाहक भएर (tense carrier) क्रियापदलाई समापिका क्रियातुल्य बनाउने वैयाकरणिक कार्य गर्दछ भन्ने पुष्टि हुन्छ।
च. यसबाट सहायक क्रिया स्वयम् सर्वथा अपूर्ण हुँदो रहेछ र कालवाची, भाववाची, अन्विति, आदरार्थी आदि रूपिमहरू जुटेपछि मात्र यसले पूर्णता प्राप्त गर्दछ भन्ने पनि सिद्ध हुन्छ[१]।

---

१. विषद् वर्णन-विश्लेषणका लागि द्रष्टव्य छः Ramawatar Yadav (1996) *A Reference Grammar of Maithili*, Berlin & New York: Mouton de Gruyter.

खण्ड पाँचः ऐतिहासिक भाषाविज्ञान

माथि इङ्गित गरिएझैं, यस आलेखको अभीप्सित इष्ट मध्य मैथिलीका सहायक क्रियापदहरूको कालक्रमिक साङ्गोपाङ्ग ऐतिहासिक-भाषावैज्ञानिक विवेचन प्रस्तुत गर्नु रहेको छ।

२. मध्यकालीन (१६००-१७६९ ई.) मैथिली नाट्यकृति

जगज्ज्योतिर्मल्लकृत *मुदितकुवलयाश्व नाटक* ने.सं. ७४८/१६२८ ई.

मध्यकालीन नेपालमण्डलको भक्तपुर राज्यका राजा जगज्ज्योतिर्मल्लकृत *मुदितकुवलयाश्व नाटक*, १६२८ ई., रामदेव झाको सम्पादनमा साहित्य अकादमी, नयाँ दिल्लीबाट ई. २०१३मा पुनर्प्रकाशित भएको हो। ध्यातव्य के छ भने यस नाटकको प्रथम प्रकाशन जर्मनीको Deutschen Morgenlaendischen Gesellschaft (German Oriental Society) को पुस्तकालयमा अनुरक्षित पाण्डुलिपिको आधारमा बङ्गाली विद्वान् विजितकुमार दत्तद्वारा बाङ्ला भाषामा सम्पादित प्राचीन बाङाला-मैथिली नाटक शीर्षकको नाटक-सङ्ग्रहमा ई.१९८०मा वर्धमान विश्वविद्यालय, वर्धमानबाट प्रकाशित भएको रहेछ। तल दिइएका उदाहरणहरू रामदेव झा (२०१३) बाट उद्धृत गरिएका हुन्।

यहाँनिर द्रष्टव्य के छ भने यस नाटकमा प्रयुक्त वर्तनीमा प्राकृत **अच्छइ** सदृश सहायक क्रियाका **अच्छ, च्छह, च्छओ, जानलच्छ, देखइच्छी** आदि संयुक्त रूपको बहुल प्रयोग प्रस्तुत भएको छ — जसको वर्तनी प्राचीन आर्यभाषा संस्कृतको अति मान्य ध्वनि परिवर्तन नियम Grassmann's Law अनुरूप छ। तल ग्रासमान नियम अति सरल र बोधगम्य भाँतिले नयाँ पुस्ताका युवा अध्येता-अनुसन्धाताका लागि प्रस्तुत गरिएको छ :

Grassmann's Law

C	C # –>	C	C #
[+asp]	[+asp]	[-asp]	[+asp]

ध्यान दिनु पर्ने विषय के पनि छ भने मात्र एक वर्ष पश्चात् १६२९ ई. मा विरचित जगज्ज्योतिर्मल्लकृत हरगौरीविवाह नाटकमा यस्ता **-च्छ** वा **च्छ-** संयुक्त रूप सर्वथा अनुपलब्ध छन्।

यसका अतिरिक्त वर्तमानमा आधुनिक मैथिलीको ब्राह्मण-भाषिकामा सङ्कुचित सहायक क्रिया थिक पर्यन्त **थिक** र **थी(क)** रूपमा दुई चोटि उपलब्ध भएको पाइन्छ।

यति मात्रै कहाँ हो र, जगज्ज्योतिर्मल्लको यस पुरानतम नाटकमा आधुनिक मैथिली क्रियापदमा प्रयुक्त प्रचुर आदरार्थी रूपहरूको सर्वथा अभाव देखिन्छ। **यसको तात्पर्य के भने कुल १२७ वर्षमा प्रकाशित नेवारी लिपिमा लेखिएका मैथिली नाट्य र गीति विधाका कृतिहरूको पाठगत विमर्श एवम् साहित्यानुशीलन पश्चात् १६२८ ई. सम्म नेपालमण्डलमा व्यवहृत मध्य-मैथिलीको आख्यातविचारमा आधुनिक मैथिलीका जटिल आदरार्थी रूपिमहरूको सन्निवेश नभएको जस्तो अवस्था विद्यमान थियो भन्न सकिन्छ।** केही उदाहरण :

सूत्र : हे प्रिये, महाराजाक आत्रा भेल **अच्छ** जे आज हमरा भगवतीक महोत्सव **थी(क) ...**

नाना दिगन्त सञो अनेक सज्जन आएल **अच्छ ...** पृ. ६१

नटी : हे नाथ भक्तपट्ट मोञे जानलच्छ ... पृ. ६१

सूत्र : **ससम्भ्रं** : राजा नहि चिह्ने **च्छह** पृ. ६२

राजा : प्रिये, इहाञे एतए रहु, हमे सभा **जाइच्छओ** पृ. ६७

मन्त्री : हे देव, आज सभा लोक भीर **देखइच्छी** पृ. ६८
राजा : हे प्रिये, तोहे संसारक सार **थिक**, हमर वचन सुनह पृ. ७४
पातालकेतु : ... मोञे मायारूप कए ई कर्म करए जाइ **च्छओ** पृ. ७९
कुण्डला : ... हम कुलगुरु तुम्बुरुक सङ्ग तपस्या करए जाइ **च्छञो** पृ. ९३
कुवलयाश्व : हे मदालसे, किए मुह **फेरइच्छी** पृ. ९९
मदालसा : हे नाथ, एहन की **कहइच्छी** पृ. १०३

जगज्ज्योतिर्मल्लकृत हरगौरीविवाह नाटक, ने.सं. ७४९/१६२९ ई.

नेपाल संवत ७४९ तदनुसार १६२९ ई. मा रचित जगज्ज्योतिर्मल्लकृत *हरगौरीविवाह* नाटकको पहिलो सम्पादन-प्रकाशन बेलायतको केम्ब्रिज विश्वविद्यालय पुस्तकालयमा अनुरक्षित एउटै मात्र हस्तलिखित पाण्डुलिपिको माइक्रोफिल्मको फोटोकपीको आधारमा रामदेव झाद्वारा १९७० ई. मा भारतको बिहारस्थित लहेरियासराय-दरभङ्गामा रहेको मिथिला-रिसर्च-सोसाइटीबाट गरियो।

माथि भनिएझैं यस नाटकको पाठमा एक पटक पनि सहायक क्रियाको संयुक्त रूप **-च्छ** वा **च्छ-** दृष्टिगत हुँदैन। त्यस्तै, **थिक** सहायक क्रिया केवल एक चोटि तथा **थीक** वा **थी(क)** सहायक क्रियारूप जम्मा तीन पटक दृष्टिगत हुन्छ।

तर, मध्यकालीन नाट्य पाठमा पहिलो पटक दुईवटा उच्च आदरार्थी सहायक क्रियारूप **छथि** (पृ. ३६) ओ **छिअथि** (पृ. ४९) यसै *हरगौरीविवाह नाटक*मा दृष्टिगत हुन आउँछ। **अर्को शब्दमा भन्ने हो भने उपर्युल्लिखित बाह्रवटा कृतिको अनुशीलन पश्चात् मैथिलीमा आदरार्थी सहायक क्रियारूप *छथि* र *छिअथि* रूपको "पहिलो प्रयोग" १६२९ ई.मा रचित नेपालमण्डलको भक्तपुर राज्यका नृप जगज्ज्योतिर्मल्लकृत *हरगौरीविवाह नाटक*मा उपलब्ध हुन्छ।** ध्यातव्य के छ भने मध्य-मैथिलीको वा भनौं भने समग्र मैथिलीको आख्यातविचारका अध्येता-अनुसन्धाता, मैथिली भाषाका इतिहासकार एवम् भाषावैज्ञानिकहरूका लागि यो एउटा महत्त्वपर्ण र परम उपादेय जानकारी हुन सक्दछ। त्यसो त मध्य-मैथिली भाषामा आदरार्थी रूपिमहरूको सन्निवेशको विशद् समाजभाषावैज्ञानिक वर्णन-विश्लेषणबारे हेर्नुहोस् मेरो प्रकाशित कृति (Yadav ed. 2011)[२] । उदाहरण :

---

२. The question is: how is it that in works produced by kings and their priest-scholars in the Nepal Valley a codification of a complex verbal morphology occurred? The answer to the question may be had in the sociology of language use. During 16th to 18th centuries, Maithili was a court language, a language of royal communication, a language of prestige and high esteem, and at the same time it was a robust and potent means of literary expression in the Nepālamaṇḍala. Maithili was being used in the royal courts of the Malla kings of Nepal under highly formal and even formulaic circumstances by elites and courtiers of varying cadre and status. No wonder an element of highly codified form of deference and courtesy and honor was superimposed on the verbal bases in order to distinctly stratify the status of members of the royal court vis-à-vis other users/consumers of this language. Maithili was after all a language of kings and queens, of princes and princesses, of elites and courtiers, and of high priests and scholarly pundits. This perforce led to emergence of an immaculate form of language 'fit' to suit the royal purposes, while, at the same time, probably less dignified varieties, i.e. colloquial varieties of Maithili coexisted elsewhere in Nepal and India. It is highly likely therefore that what the linguists later dubbed 'diglossia' existed rather early in Maithili – a phenomenon that needs to be explored further. (Yadav, ed. 2011, p. 66)

नटी, किछु नगर वर्ण्णना मोञो कहइ **छञो** पृ. ३१
सूत्र, परन्तु एहन उत्सव, कओन नृत्य उचित **थिक** पृ. ३१
नन्दी, हे प्रभो, ई ऋष्याश्रम सन देखइ **छी** पृ. ३३
हिमा, हे प्रिये जेहाक शील जेहन **थीक**, परन्तु, कओन कओनओ गौरीक चरित्र देखि परम आनन्द **होइछ** पृ. ३६
महा, हे मातो, जेहाक कन्या कहिनि **छथि** पृ. ३६
विधि, मैञे ओहे करै **छी** पृ. ४४
हिमा, प्रिये, कुसुम वृष्टि होइछ, स्वग्र्ग अनेक दुन्दुभि वाद्य **बजइछ** पृ. ४४
हिमा, हे ऋषीश्वर सवे सामग्री उत्पन्निए **अछि** पृ. ४५
हिमा, ... 'ईश्वरे स्नेहे अर्द्धशरीर, कैलि **छिअथि**, से मोञे कहै **छञो** सूनु पृ. ४९
गौरी, हे ऋषीश्वर, ईश्वर नृत्य देखि, हमराहु नाचएक मन **होइछ** पृ. ५८
गौरी, हे ऋषीश्वर, जेहाञे किछु ईश्वरक आदि मूल जनै **छी** पृ. ६०
महा, हे प्राण्प्रिये मोहु किछु कहै **छि** पृ. ६२

हरिश्चन्द्रनृत्यम् नाटक, ने.सं. ७७१/१६५१ ई.

ललितपुर राज्यका सुप्रसिद्ध राजा सिद्धिनरसिंहमल्लको शासनकालमा विरचित तथा रामभद्र शर्माद्वारा ई. १६५१ मा लिपिवद्ध गरिएको *हरिश्चन्द्नृत्यम् नाटक*को प्रथम सम्पादन-प्रकाशन जर्मन भूमिकासहित आउगुष्ट कोनराडीद्वारा (August Conrady) ई. १८९१ मा जर्मनीको Leipzig सहरबाट भएको हो। अहिले आएर यो कुरो सार्वजनिक भइसकेको छ कि *Das Hariścandranṛtyam: Ein Altnepalesisches Tanzspiel* शीर्षकको यो प्रकाशित ग्रन्थरत्न मूलतः आउगुष्ट कोनराडीले जर्मनीको सुप्रसिद्ध लाइप्सिश विश्वविद्यालयमा November 23, 1891 Monday का दिन दोस्रो पीएच.डी. डिग्री उपाधिका लागि *habilitationsschrift* "Professorial Dissertation" का रूपमा प्रस्तुत गरेका थिए र उनी उक्त उपाधि पाउन सफल समेत भएका थिए।

यस मैथिली नाट्यकृतिको अनुपम वैशिष्ट्य के हो भने यो नेपाल राष्ट्रिय अभिलेखालयमा अनुरक्षित एवम् सङ्गृहीत नाट्यकृतिको हस्तलिखित पाण्डुलिपि पुस्तकाकार रूपमा विश्वभरिमा प्रकाशित कृतिहरूमध्ये सर्वप्रथम हुन आउँछ।

यसो त यो नाटक बाङ्ला-मैथिली मिश्रित छ तर गोविन्द झाले (२००५) यस नाटकमा बाङ्ला शब्दको अपार बाहुल्य भए तापनि यसको मूल भाषा मैथिली सिद्ध गर्ने भगीरथ प्रयत्न गरेका छन्। ध्यातव्य के पनि छ भने केही वर्ष अगाडि रमानन्द झा 'रमण'ले (सं. २०१९) यस नाटकको मैथिली संस्करण राँची-झारखण्डबाट प्रकाशित गरेका छन्।

माथि उल्लेख गरिएझैं यस नाटकमा बाङ्ला शब्दको बाहुल्य भएको हुनाले यसमा बाङ्ला भाषाका सहायक क्रिया रूप **आछे** एवम् **थाको** प्रचुर मात्रामा प्रयुक्त भएको देखिन

आउँछ। त्यसै गरी **थिक** कुल २३ पटक र सोको स्त्रीलिङ्गी रूप **थिकि** ३ पटक प्रयुक्त छ। यस नाटकको पाठमा सहायक क्रियाको आदरार्थी रूप **छथि** कुल ९ पटक दृष्टिगत हुन्छ। तल प्रस्तुत उदाहरण August Conrady (1891) बाट उद्धृत छन्।

आगे अपने **खायछि**, पाछे देवतके भोग **लगायछि**	पृ. १६
निरन्तर दुष्टका संगे प्रीति करिकहु साधुके जंजार **करैछि**	पृ. १६
ए थाकुर मोर पैकुतितगोत एमन **थिक**	पृ. १६
हम **थिक** जे दर्जि **थिक**, मोर राजा जे हरिचन्द्र से उद्धार करैके **जाइछि**	पृ. २६
मोर राजा तोहे रथ **आयरछथि...** से तोहरा दक्षिणा कतेक **रागयछथि...**	पृ. २६
बहियाब नाम की **थिक**	पृ. ३०
भर **कहैछथि**, चरु	पृ. ३०
हम जे मसर्बासि **थिकि**...मोराके एक रोड़ी चाहत, खोजिते **खायछि**	पृ. ३०-३१
मस ॥ हिनका मूल की **थिकि**	पृ. ३१
तह्निका नाम की **थिकि**	पृ. ३१
ए हरिया, की **कहैछथि**	पृ. ३५
की काज विनती **करैछथि**	पृ. ३५
रे निर्वंश, छादउ, कतेक जंजार **करैछथि**	पृ. ३५
की दुःख **करैछथि**	पृ. ३६
एथा बैसरे काज नहि थिक, ब्रह्मलोक जायब,चरु	पृ. ३९
अहे हरिया,...हमरा ना[म] जे कालसेन **थिक**	पृ. ३९
हम जे घर **जायछि**	पृ. ३९
अहे थाकुर, हम ने कंगार ब्राह्मण **थिक**	पृ. ४०
अहे पापिष्ठ,...हम घर **जायछि**	पृ. ४२

जगत्प्रकाशमल्लकृत प्रभावतीहरण नाटक, १६५६ ई.

भक्तपुरका अर्का राजा जगत्प्रकाशमल्ल विरचित *प्रभावतीहरण नाटक*को रचनाकाल ने.सं. ७७६ तदनुसार १६५६ ई. हो एवम् यस नाटकको सम्पादन-प्रकाशन लेखनाथ मिश्रद्वारा ई. १९७२ मा भएको हो। लेखनाथ मिश्रले क्याम्ब्रिज विश्वविद्यालय पुस्तकालयस्थित यस नाटकको मूल पाठलाई नेवारी लिपिबाट देवनागरी लिपिमा लिप्यन्तरण गर्दा अनेकौं गम्भीर प्रकृतिका पाठ-अशुद्धि गरेका रहेछन् भन्ने कुरो जर्मन विद्वान् Horst Brinkhaus (1987) को अनुसन्धान-कार्यबाट अभिज्ञात हुन आएको छ।

सारांशम, यस नाटकमा सहायक क्रिया रूप **थिक/थिकि** कुल ५ पटक, उच्च आदरार्थी रूप **छथि** कुल १ पटक र मध्य आदरार्थी रूप **छह/छहु/छहि** प्रथमतः कुल ६ पटक प्रयुक्त भएको पाइन्छ। उदाहरण :

नटी.— हम नहि जानयी **छहि** कउन राजाक आज्ञा	पृ. २
नटी. — ...तथापि किछु मोय **कहै छव्**	पृ. ३
सत्यभामा— हे ईश्वर! ह्म किछु गोचर **करै छव्**	पृ. ५

सारण— हे ईश्वर! ह्म किछु गोचर **कहै छव्** पृ. ६
कृष्ण— हे प्रिये! उपवन दर्शन उत्कंठा **होयि छि** पृ. ७
वज्रनाभ—हम किछु **कहै छव्** सुनु पृ. १२
प्रेमवती— हमहु किछु विज्ञप्ति **करै छहु** पृ. १२
चंद्रावती— हे दैत्यराज! ह्म किछु **कहैछ** पृ. १३
प्रभा.— हे तात! ह्मर प्रणाम, अपन स्थान **जायि छि** पृ. १५
प्रभा.— हे हंसी! इहाञ अपूर्व **देखै छिय** के **थिक** पृ. २१
हंसी.— हे कन्या! हमे हंसी स्वर्गमलोक सञे **आयल छि**, इहाय के **थीक** पृ. २१
हंसी— ...बापके कहु जे तीनि हंसी अनेक कौतुक वार्ता **जनैछ...** पृ. २३
हंसी— हे प्रभावती! आन सरोवर **जायि छव्** पृ. २४
प्रभा.— हे तात! एक हंसी देखलि नाना देशक अनेक वार्ता **जनै छह** से भेट पृ. २५
विभा.—आज किछ तोहरा मन आन चिन्ता **देखे छि**,
संभाषना किछु नहि **करै छिह** किय पृ. ३६
ऋक्षभृंग— पूर्ण भेल तपस्वी अनेक **आयल छल** पृ. ३६
विभा.— हमे मध्याह्न स्नान करय तीर्थ **जायि छव्** पृ. ३७
हे मन्त्री! दैत्यराज की नहि **आयल छथि** पृ. ३८
सखी— हे रानी! कन्यापुर कओनहु पुरुषक प्रवेश **भेलछ**, से बुझु पृ. ५८
सुना.— लोक विमन सन **देखै छी** पृ. ५८
सुनाभ— तोहे गवार, राजाक अन्तःपुर **पैसर|ल| छह** आबे कतय जाय छह पृ. ६१
वज्र, मत्त— ...अब कतय जाय **छह्** पृ. ६१

जगत्प्रकाशमल्लकृत *प्रद्युम्नविजय नाटक*, ई. १६६६ तिर

जगत्प्रकाशमल्लकृत *प्रद्युम्नविजय नाटक*को मूल नेवार पाठको रोमन लिपिमा लिप्यन्तरण, अङ्ग्रेजीमा अनुवाद एवम् परम उपयोगी भूमिकासहित सुसम्पादन जर्मनीका विद्वान होर्ष्ट ब्रिङ्कहाउस (Horst Brinkhaus)ले जर्मनीको श्टुटगार्ट सहरबाट ई. १९८७ मा गरेका हुन्। एउटा भन्नै पर्ने कुरो के भने ब्रिङ्कहाउसको यो कृति भारतविद्याशास्त्र (Indology) र विशेषतः मध्य-मैथिली भाषा-साहित्यका अध्येता-अनुसन्धाताहरूका लागि एउटा प्रतिमान सदृश हुन पुगेको छ। उदाहरण :

तह्मिक नन्दन **थिक** भवसिंहदेव... Folio 3a
एकर कुमार **थिक** प्राणमल्लदेव Folio 3a
प्रद्युम्नः ...हमहु विनति **करैछञो** सुनु Folio 5b
उद्धवः हे परमेश्वर! हमहु विनति **करैछञो...** Folio 6a
अक्रूरः हे गोविन्द! हमे किछु विज्ञापन **करैछञो** Folio 6a
सारिकाः ...हमहु किछु विनती **करैछञो** Folio 6a
रानीः हे प्रभु! हम किछु **कहैछञो**, सुनर होअ Folio 8b
महे.: हे प्रभु! एहन इहाक पत्नी हमे **थिकी** Folio 8b

महे.: हे भ्राता! इहाक आज्ञाकारी हमे एहने **थिकहु** Folio 9a
इहाक कन्या हमे विवाहार्थ **मगैछिअ** Folio 27a
महे.: हे लोके! हमे द्वारिका **जायिछओ** Folio 28b
हे उद्धव अक्रूर! द्राढामणि एतए नहि **छय...** Folio 30a
हे कछप! अद्यापि भ्राता नहि **आयल छथि** Folio 30a
हम तह कहेन **मारि होअ** Folio 46a
ना.: ई कओन संदेह, ब्रह्माक वचन विपरीत **होएत** Folio 46a
...तकर जयार्थ मंगल कय **रहब** Folio 46b
तोहे जल भितर गय **रहु** Folio 46b
एहि मति **होअथु** केवल मोर Folio 52b
हम सब पशुपति दर्शन कए कौमारीक स्थान जाए **रहब** Folio 54a
हे सत्यभामा! धवला गृह जाए प्राणनाथ देखि **रहब** Folio 55b

भूपतीन्द्रमल्लकृत *पर्शुरामोपाख्यान नाटक*, १७१३ ई.

नेपाल संवत् ८३३ तदनुसार १७१३ ई.मा विरचित भूपतीन्द्रमल्लकृत *पर्शुरामोपाख्यान नाटक* रामावतार यादवद्वारा ई. २०११ मा भारतीय दूतावासको सौजन्यले काठमाडौंबाट सम्पादित-प्रकाशित भएको हो। यस अङ्ग्रेजी संस्करणको वैशिष्ट्य के हो भने पहिलो पटक यसमा मूल नेवार पाठको प्रतिकृति (Facsimile), देवनागरी लिप्यन्तरण, रोमन लिप्यन्तरण, अङ्ग्रेजी अनुवाद, मध्य-मैथिलीको लघु व्याकरण एवम् मध्यकालीन नाट्यशिल्पविधान तथा भाषागत बृहत् समीक्षात्मक भूमिका आदि सहित यसको प्रकाशन भएको छ। उदाहरण :

हे प्रिय्, एहन राजा श्रीश्रीजयभूपतीन्द्रमल्लदेव **थिकथि** Folio 3a
सगन महालक्ष्मीक **थिक...** Folio 3b
हे वसुधाधिप हमर गोचर सुनल **होअ** Folio 5b
हे पिता, माता, हमर विज्ञप्ति सुनल **होअ** Folio 5b
सम, जुगुत वर, नहि पबै **छिअ** Folio 12a
राजासबेके, निमन्त्रण दय, बजाओल चाहिए, तथी कि कहै **छिअ** Folio 13b
इहाक पिताज आज्ञा कएलह्नि **अछ** ...से श्वा(स्वा)मि इहाका **होएताह** Folio 16b
जओ बल **छहु** हे संमुख आबह Folio 17a
हे रेनु य(यु)द्ध विस्तार कि करै **छह** Folio 17b
महाराज इहाज विस्तर लए **रहु** Folio 20b
इ वस्त्र, अलंकरन, यग्योपवीत लेल **होअ** Folio 21a
जेहने विष्णुका लक्ष्मी, चन्द्रमाका, चण्डिका, वसिष्ठ,का अरुंधति, अत्यन्त प्रनएस्थान **थिकथि**, तेहने, रेनुकादेवी ज्हाका **होथु** Folio 21b
...एकरे द्वारे अनेक अभ्युदय **होएत**, अवतारि पुरुष, **थिकथी**, इ जन्मप्रत्ति (जन्मपत्री) लेल **होअ** Folio 34a
हे रेनुकादेवि, इ तिनौ बालक **लेल होअ** Folio 34a

एखने अभ्य(न्)तर जाए **रहब**	Folio 34b
हे, लोके सएनगृह जाए **रहब**	Folio 35a
…दुहुजने, पिताक सेवा कए **रहु**	Folio 36a
जमदग्निक, आश्रम, गेल छलाहु…का(म)धेनु प्रसादे ओ मुनिश्वर कृतार्थ **छथि**	Folio 38a
हिनक चरित्र देखि **रहब**	Folio 43a
ईश्वर भजन कए अभ्य(न्)तर जाए **रहब**	Folio 43a
